

# विश्वास को आहार

रिचार्ड ए. बेनेटले विशेषतः अमेरिका, क्यानाडा, यूरोप अनि अफ्रिकाका विभिन्न मण्डली, सभा र बाइबल कलेजहरूमा झण्डै पैंतालीस वर्षभन्दा बढ़ी व्यक्तिगत रूपले सेवा दिनुभयो। यी अवधिमध्ये बीस वर्षसम्म लगातार उहाँले दिनुभएको बाइबलको शिक्षा ट्रान्स वर्ल्ड रेडियो र फार इष्ट ब्रोड कास्टिङ्ग कार्पोरेशनद्वारा पाँच महादेशभित्र प्रसारित भइरह्यो। रिचर्ड र डोरोथीले पुनरूत्थित ख्रीष्ट येशूको बारे जान्न चाहनेहरूलाई उनीहरूको सेवाकाइद्वारा उहाँको निकट लान चाहन्छन्।

''आत्मिक भोजनबाट लाभान्वित हुनु हो भने, यसलाई कदर गर्नु, ग्रहण गर्नु अनि पचाउनु (व्यवहारमा ल्याउनु) आवश्यक छ। डा. बेनेटले यो प्रक्रिया कसरी सम्पन्न हुन्छ सो देखाउनु हुन्छ।''

डा. स्टेफन एफ. अल्फोड

Books




ISBN 81-7362-503-4

0 817362 503359

Rs.35.00

*Food For Faith (Nepali)*

# विश्वास को आहार



रिचार्ड ए. बेनेट

# विश्वास को आहार

# विश्वास को आहार

**एक बाइबलीय- निर्देशिका**

परमेश्वरसँगको निरन्तर अनि जिउँदो संगतिको निम्ति
सहायक पुस्तिका

*रिचार्ड ए. बेनेट*

अनुवादक : सागर श्रेष्ठ

OM Books
Secunderabad

www.CCIM-Media.com

# समर्पण

हाम्रो प्रभु येशू ख्रीष्टको नाउँमा, यो पुस्तक ती हरेक सहकर्मीप्रति समर्पित छ, जोहरूले म अनि मेरी श्रीमतीसँग क्रस करेन्टस इन्टरनेशनल मिनिष्ट्रीज मार्फत सुसमाचारको काममा विश्वास योग्य साथ परिश्रम गरेका छन्।

विश्वासको आहार (Food for Faith) अरबी, फ्रेञ्च, जर्मन, हंगेरियन, कोरियन, पोर्तुगीच अनि रसियन भाषामा क्रस करेन्टस् इन्टरनेशनल मिनिष्ट्रीज सेवकाइ प्रसारको रूपमा अघिबाटै प्रकाशित भएको छ। अरू मिशनेरी अनुवादहरू र छाप्ने काम भइरहेको छ।

# विषय-वस्तु

प्राक्कथन ............................................................ ९
भन्न पर्दा ............................................................ ११
१. **दैनिक आनन्द** ............................................ १९
२. **मस्तिष्क अनि हृदय** ...................................... २९
मस्तिष्क ...................................................... ३२
मन ............................................................ ३६
३. **प्रार्थना सहित तयारी** ..................................... ४५
घूँड़ा टेक्नुहोस् ............................................. ४८
हृदय च्यात्नुहोस् ........................................... ५०
मेरो स्वर्गीय दृष्टिकोण ..................................... ६२
मेरो संसारिक समस्या ...................................... ६८
४. **एकान्त समय** ............................................... ७७
आज्ञापालनको प्रतिबद्धता ................................. ७९
आराधनाको वास्तविकता .................................. ८६
वचनको तोप ................................................. ८८
५. **विश्वास** ....................................................... ९९
६. **बताउने समय** ............................................ १११
सुसमाचारको काममा प्रशस्त भएर जानु ........... ११५

७. **फल वा आगो** ........................................ १२३

सेता पन्ना ................................................. १२५

व्यर्थ बितेका वर्षहरू ..................................... १२७

अनन्तको प्रकाश ......................................... १२९

८. **आएर खाओ** .......................................... १३३

**परिशिष्ट**

क) एकान्त समय ............................................ १४८

ख) बाइबल अध्ययन ........................................ १४९

ग) दैनिक प्रार्थना निर्देशिका ................................ १५०

# प्राक्कथन

डा. रीचार्ड ए बेनेट्को नयाँ पुस्तक ***विश्वासको आहार*** बारे केही कुरा भन्न पाउँदा स्वयंलाई सौभाग्य ठान्छु। यो, उहाँको अर्को पुस्तक Your Quest for God -को निर्ष्कष हो। मानिस बिना विश्वास परमेश्वरकहाँ आउन सक्तैन (हिब्रू ११:६), उ विश्वास बिना परमेश्वरको निम्ति जिउन असमर्थ छ (रोमी १:१७)। यसलाई सम्भव पार्न हो भने विश्वासलाई शुरूदेखि नै (रोमी १०:१७) निरन्तर खुराक (१ पत्रुस २:१-३; हिब्रू :५-१२-१४) खुवाउन आवश्यक छ। प्रभु येशूले यसबारे यसरी भन्नुभयो, _*मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ* (मत्ती ४:४)। प्रथममा यर्मियाले यो सिद्धान्तलाई पुष्टि गर्दै यसरी लेखे, ***जब तपाईंका वचनहरू आए ती मैले खाएँ, ती मलाई रमाहट र मेरो हृदयलाई आनन्द दिने कुरा भए, किनकि तपाईंको नाउँले म कहलाइन्छु,*** हे सर्वशक्तिमान परमप्रभु परमेश्वर (यर्मिया १५:१६)।

अधिक आत्मिक लाभ प्राप्त गर्नु हो भने, आत्मिक भोजन-को *कदर* गर्दै सही ढंगमा यसलाई *रसस्वादन* गरेर यसलाई पचाउन (अभ्यासमा ल्याउन) सक्नुपर्छ। डा. बेनेट्ले यो प्रक्रिया कसरी हुन्छ सो बारे परमेश्वरसँगको हाम्रो **'एकान्त समय'**-मा देखाउनुहुन्छ। अध्याय ८ विशेष रूपले, यस सन्दर्भमा सहायक सिद्ध छ।

*विश्वास को आहार*

ऐहिकवादको यस युगमा, जहाँ साधारण खीष्टियनले उभित्र भएको खीष्टमा ***पूर्ण भरोसा*** नगरी पनि परमेश्वरको निम्ति जिउन सकिन्छ (गलाती २:२०) भन्ने गलत अवधारणाको पासोमा परेर संघर्ष गरिरहेको बेलामा, *विश्वासको आहार* जस्ता पुस्तक हाम्रो निम्ति स्वर्गबाट आएको सन्देशको रूपमा लिन सक्छौं। परमेश्वरले यस पुस्तकलाई महान रीतले प्रयोग गरून् जसै यो, यसको लक्ष्यतर्फ बढ्दछ।

**डा. स्टेफेन एफ. ओल्फर्ड**

*संस्थापक अनि अध्यक्ष*

इन्सटिट्यूट फर बिब्लिकल प्रिचिङ्ग मेम्फीस, टेनेस्सी

# भन्न पर्दा

*विश्वासको आहार* वास्तवमा Your Quest for God -को निचोड़ हो, जुन म र मेरी श्रीमतीको विवाहको पच्चिसऔं वर्षगाँठको समयमा लेखिएको थियो। त्यस अवसरमा, परमेश्वरलाई कृतज्ञताको भेटी स्वरूप हामीले यो सन्देशलाई पूर्ण रूपमा लेखेर छपाउने काम गरेका थियौं।

Your Quest for God -को प्रथम संस्करणमा पच्चीस हजारप्रति छापिएको थियो। त्यस दिनदेखि परमेश्वरले उहाँप्रतिको हाम्रो प्रेमको यो साधारण भेटीलाई अवर्णीय रूपले प्रयोग गरेर आशिष खन्याइरहनुभएको छ।

आज विश्वभरमा तीसभन्दा अधिक भाषामा बीस लाखभन्दा बढ़ी प्रति वितरण भएको छ, अनि यो पुस्तकको माग अचम्मरीतले अझ बढ्दै गइरहेको छ। यो पुस्तकको प्रसङ्गमा धेरै आनन्ददायक कुराहरू सुन्नमा आइरहेछ जसमध्ये यो पनि हो कि संसारको धेरै क्षेत्रहरूमा यो पुस्तकका मार्फत मानिसहरूले नयाँ जन्म पाइरहेका छन्।

पछि हामीले हाम्रो विवाहको पैत्तीसवाँ वर्षगाँठ मनाउन गइरहेका थियौं! यी वर्षहरूको अन्तरालमा सुसमाचारको निम्ति ढोकाहरू खोलिन थाले अनि परिणाम स्वरूप Your Quest for God -को वितरण पनि यस प्रकारले हुन थाल्यो जसबारे हामीले दस वर्षभन्दा अघि कहिल्यै

विचार पनि गरेका थिएनौं। यसैकारण, हामीले ठान्यौं कि *विश्वासको आहार* लाई छपाएर प्रकाशनमा ल्याउन जत्तिको बढ़ी हाम्रो स्वर्गीय पिताप्रति हाम्रो प्रेमको चोखो अभिव्यक्ति अरू केही हुनेछैन। परमेश्वरले जसरी Your Quest for God -लाई आशिष दिनुभयो, उसरी नै उहाँले यो दोस्रो पुस्तकलाई पनि ख्रीष्टमा नयाँ जीवन पाइरहेका विश्वभरीको मानिसहरूको निम्ति सहायता पुऱ्याउनमा महान रीतले प्रयोग गरून्।

तथापि, *विश्वासको आहार* Your Quest for God -को निचोड़ मात्र अवश्य होइन। डोरीथी र म विश्वास गर्छौं कि यो पुस्तक परमेश्वरसँग अझ घनिष्ठ सम्बन्ध राख्न चाहने हरेक इच्छुक विश्वासीको निम्ति ठूलो सहायक सिद्ध हुनसक्छ। यो पुस्तकद्वारा हरेक पाठकले ख्रीष्टियन जीवनको निम्ति ठूलो उत्साह र सहायता पाऊन् भन्ने मनसायले प्रार्थनासहित यो पुस्तक लेखिएको हो।

*विश्वासको आहार* यसै फुर्सदको बेला समय निकालेर पढ्ने ध्येयले लेखिएको होइन। नता यसलाई पढ़िसिध्याएपछि ताकमा राख्नलाई लेखिएको हो। यसलाई ध्यानपूर्वक पढ़िसिध्याएपछि, यो तपाईंको निम्ति अभिनिर्देशिकाको रूपमा रहोस्। यहाँ दिइएका सिद्धान्तहरूलाई जसै हामी हाम्रो जीवनमा इमान्दार भएर लागू गर्नथाल्छौं, हामीले परमेश्वरसँगको एक बलियो सम्बन्ध स्थापना गरेर त्यसमा लागिरहने तथ्यलाई सिक्न थाल्छौं।

हामी धेरैले ठान्छौं कि समय-समयमा 'स्वस्थ-जाँच' (मेडिकल चेक-अप) गर्नु बुद्धिमता हो। यसो गर्नको निम्ति हामीले पैसा खर्च गर्नपर्छ अनि यसको साथै समय पनि निकाल्न पर्छ। शरीरमा भएको रोगको सही जानकारी र ठीक उपचार पाउनु हो भने डाक्टरले पहिला सोधेको प्रश्नहरूले अति महत्वपूर्ण भूमिका खेल्छ। सोही प्रकारले ख्रीष्ट विश्वासीहरूले पनि समय-समयमा आत्मिक जीवनको 'चेक-आप' (जाँच) गर्नपर्छ, यो बुद्धिमता हो। यसमा चाहिने मुख्य कुरा *स्पष्टता पारदर्शिकता* र *परमेश्वरसँग एक्लै* रहनको निम्ति समय छुट्ट्याउनु हो। हरेक अध्यायको अन्तमा, तपाईंलाई सहायता पुऱ्याउने ध्येयले प्रश्नहरू राखिएका छन्। जसलाई तपाईंले आफ्नो जीवनको 'आत्मिक जाँच' गर्नको निम्ति मापदण्ड मान्नु सक्नुहुन्छ। यस्ता कति प्रश्न होलान् जसले तपाईंलाई अप्ठेरो अनुभव गराउन सक्छ। तपाईंलाई थाह होस् कि शरीरको जाँच गर्दा जुन अंगमा विशेषत पीड़ा हुन्छ त्यही अंग प्राय रोगले ग्रस्त हुन्छ!

यो लेखिरहेको समयमा मलाई एउटा घटना स्मरण भइरहेछ जसको बारे मेरो मित्र स्व. डा. जे. एडबीन ओर्‌ले बताउनु भएको थियो। एडवीन बताउनुहुन्छ कि एकपल्ट अर्ज बिन्ती प्रार्थना गर्ने उद्देश्यले डाकिएको एक राष्ट्रिय स्तरको जमघटमा उहाँ अनि अन्य अगुवाहरूसँग-सँगै एक नाउँ चलेको वक्तालाई पनि निम्तो दिइएको थियो। तर, उहाँले संकेत गर्नुभएको अनाम वक्ताले खेद प्रकट गर्दै आफू व्यस्त रहेको र यसप्रकारको लामो समयसम्म चलिरहने प्रार्थना सेवामा आउन नसक्ने असमर्थता प्रकट गरेर पत्र लेखे। तापनि, पत्रको अन्तमा उनले यो जानकारी दिए कि उनीसित, प्रार्थनाको विषयमा यस प्रकारको जमातलाई दिन लायकको सन्देश छ र यदि अवसर पाएमा उनले समय मिलाएर बाँड़न सक्छन्! म निश्चय जान्दछु प्रार्थना गर्नु सजिलो छ कि प्रार्थनाबारे लेख लेख्नु र सन्देश

प्रचार्नु? यसकारण म यहाँ एक विशेषज्ञको हैसियतले लेख्तिनँ, तर एक भोको मानिस झैं, जसले भोकले ग्रस्त मानिसहरूलाई रोटी कहाँ पाउँछ सो देखाउँछ।

मेरी श्रीमती डोरोथी मेरो निम्ति *विश्वासको आहार* लेखन अवधीमा मात्र प्रेरणा नभएर, तिनी अझ बढ़ी परमेश्वरसँग एकान्त समय बिताउनमा मलाई निरन्तर जोड़ दिन्छिन्। मलाई अहिले पनि राम्ररी याद छ, कि कसरी डोरोथीसित भेट हुनभन्दा केही अघि मात्र मैले सी.टी. स्टॉड्को एउटा प्रार्थना पढ़ेको थिएँ। यो यस्तो छः *''प्रभु, यदि मेरो निम्ति पत्नी हुन कसैलाई साँची राख्नुभएको छ भने, म निस्तेज भएको समयमा उ मेरो निम्ति रापिलो आगो चलाउने फलामको डण्डी सरह होस्।''* साँच्चै यस्तो पत्नी पाउनु कति आनन्दको कुरो हो! परमेश्वरको स्तुति होस्!

डा. स्टेफन ओल्फर्ड, जो मेरो आत्मिक पिता हुनुहुन्छ, उहाँले मलाई पचास वर्षभन्दा अघि मुक्तिदाता कहाँ डोऱ्याउनु भएको थियो। म उहाँप्रति अति आभारी छु, किनभने उहाँले त्यस समयमा पनि मलाई प्रार्थना र बाइबल अध्ययनमा निरन्तर लागि पर्ने महत्वलाई बुझाउनु भएको थियो।

यस पुस्तकमा भएको प्रायः विचारहरू परमेश्वरको वचनको व्यक्तिगत मननद्वारा मलाई प्राप्त भएको प्रकाश हुन्। अरू सत्यताहरू परमेश्वरका छानिएका ती दासहरूले पाएका परमेश्वरको वचनका प्रकाश हुन्, जोहरूलाई परमेश्वरले मेरो जीवनमा अनुग्रहसाथ ल्याउनुभयो। यी विश्वासयोग्य पुरुष अनि स्त्रीका संख्या यति धेरै छन् कि यो क्षुद्र पुस्तकमा ती हरेकको परिचय दिने धृष्टता म गर्ने छुइनँ। तर ती सबैजनाको निम्ति म परमेश्वरलाई अवश्य धन्यवाद चढ़ाउँछु।

अब, *विश्वासको आहारको* प्रकाशनद्वारा म, पावलले उसको आत्मिक छोरो तिमोथीलाई दिएको आज्ञा पालन गर्दछु जो यस प्रकार छः *धेरै जना साक्षीहरूको उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौ, ती अरूहरूलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरूलाई सुम्पिदेऊ (२ तिमोथी २:२)।*

यद्यपि यो पुस्तक विश्वासीहरूले प्रभु येशूसित निरन्तर अर्थपूर्ण संगती गरून् भन्ने ध्येयले लेखिएको भएता पनि ती मानिसहरूले पनि यो पुस्तकलाई पढ़िरहेका हुनसक्छन्, जोहरूले पाप क्षमाको सुख र अनन्त जीवनको निश्चयतालाई अनुभव गर्नसकेका छैनन्। यदि तपाईं त्यो व्यक्ति हुनुहुन्छ भने, बाइबलको यूहन्ना सुसमाचार खोल्ने तपाईंलाई आग्रह गर्दछु। यो सुसमाचारको पुस्तक तपाईंको निम्ति किन महत्वपूर्ण छ सो बारे त्यहाँ तपाईंले पाउनु हुनेछः *तर यी लेखिएका छन् कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्* (यूहन्ना २०:३१)।

# विश्वास
# को
# आहार

तपाईंका वचनहरू मेरो जिब्रोमा अति स्वादिष्ट छन्,
महभन्दा पनि मेरो मुखमा ती बढ़ी मीठा छन्।....
यसकारण मैले तपाईंका आज्ञाहरूलाई सुन र निखुर सुनभन्दा पनि बढ़ी प्रेम गरेको छु।
(भजनसंग्रह ११९:१०३,१२७)





अध्याय-१

# दैनिक आनन्द

केही क्षण अघि मात्र एक भद्र ईसाई महिलाले अनुरोध गरिन्, ''कृपया मेरो निम्ति प्रार्थना गरिदिनुहोस्, कि प्रभुसँग मेरो सम्बन्ध ***अझ*** घनिष्ठ होस्।''

यो सत्य हो, कि मानिसको व्यक्तिगत सम्बन्धमा घनिष्ठताका स्तरहरू विभिन्न हुन्छन्। विशेषतः ख्रीष्ट विश्वासीहरूको निम्ति येशू ख्रीष्टसँग तिनीहरूको सम्बन्धको परिप्रेक्ष्यमा यो कुरा झन् बढ़ी सान्दर्भिक छ।

मानिसको सम्बन्धहरूमा पनि, हामी देख्छौं, कि साँचो भावनात्मक एकता तबमात्र सम्भव हुन्छ जब इच्छाहरूको मिश्रण हुँदछ; एका-अर्काको विचारको कदर हुँदछः साझा रूचि हुँदछ, साँचो खुलापन, अनि विचार मेल खाँदछ।

यसलाई नमूनाको रूपमा हेरौं, म र मेरी श्रीमती डोरीथीले एउटा पत्र भर्खरै प्राप्त गऱ्यौं, जसलाई पढ्दा हामीलाई अत्यन्त खुशी लाग्यो। यो पत्र अफ्रिकी परिवारले लेखेका हुन्। पत्रमा लेखिएको थियो : हिज नवजात बालिका डोरोथीलाई अस्पतालबाट घरमा ल्यायौं; नाउँ अनुसारनै समयको कदर गर्दै ठीक समयमा नै उनी

आइन्। उसको ओजन ३ कि.ग्रा. अर्थात प्राय $६^{१}/_{२}$ पाउण्ड छ अनि पूर्ण रूपले स्वस्थ छिन्।'' कति आनन्दित त्यो परिवार!

तीं माता-पिताले नवजात शिशुलाई बढ़ो स्नेहसाथ डेरामा ल्याउँदा उनीहरूको हर्षको सीमा नरहेको हामी कति सहजसाथ थाह पाउन सक्छौं। अनि बालक हुर्कंदै जान्छ तर पनि त्यो आनन्द रहिनै रहन्छ। जब बालकले जोरसित खुट्टा चलाउने प्रयत्न गर्छ अथवा हाँस्दछ तब हामीमा पनि खुशीको सिमा रहँदैन अनि हामी हाँसी पठाउँछौ। स-साना औंलाहरू, सुपिंड घुँड़ाहरू, पहिलो कदम अनि त्यो सुखद घड़ी बालकले ''बाबा'' अथवा ''आमा'' भनेको सुन्छौं।

साँच्चै नै, विकास हुने क्षमता लिएर जन्मेको एउटा नयाँ बालक, मानिसहरूको समझ बाहिरको एक आश्चर्यजनक कुरो हो। तर त्योभन्दा बढ़ी आश्चर्यजनक कुरा चाहिँ एउटा भर्खरै नयाँ जन्म पाएको व्यक्ति हो- जसले आत्मामा नयाँ गरी जन्मेपछि आत्मिक परिपक्वतातर्फको यात्राको पहिलो कदम सार्दछ।

तर, अभाग्यवश जीवनले सदैव सुखद जन्मपछि व्यस्कसम्मको यात्रा पूर्ण रूपले सजिलैसित तय गर्दैन। दुःखको कुरो, सानो डोरोथीको जन्म भएको खबर प्राप्त भएकै सप्ताह सिन्सिनाटी, ओहियोको मेरो धेरै दिनको मित्रको एक्काइस वर्ष पुगेको छोरीको मृत्यु भएको दुःखद खबर पनि सुन्न पऱ्यो। तर कति दुःखको कुरो, उसको जन्मदेखि एक्काइस वर्षको समयसम्म पनि उसमा कहिले विकासको संकेत देखिएन; चाहे त्यो मानसिक वा शारीरिक अथवा सामाजिक विकास होस्। यद्यपि उसको माता-पिताले स्नेहसाथ उसलाई क्यारोल जोय



(प्रशन्नताको गीत) नाउँ दिएता पनि, जब क्यारोलको मृत्यु भयो तब उ एक बालिका नै थिई- एक्काइस वर्ष पुगेको बालिका! उसको माता-पितासँग वार्तालाप गर्न उनी असमर्थ थिइन्। मानवीय दृष्टिकोणले भन्न हो भने, उसको जीवन यात्रामा ठूलो क्षति पुगेको थियो।

जसरी क्यारोलको जीवनमा बाल्यकालदेखि कहिले पनि विकासको संकेत देखिएन, उसरी नै मण्डलीमा आज यस्ता धेरै मानिसहरू छन्, जोहरू, आत्मिक शिशुपनदेखि क्रमिक विकासमा प्रभुमा उनीहरू भने जस्तो हुर्कन सकेका छैनन्। तर, परमेश्वरले उहाँमा नयाँ गरी जन्मेको हरेक बालकको निम्ति आत्मिक भोजनको प्रबन्ध गर्नुभएको छ जसलाई, यदि, उचित प्रकारले ग्रहण गरेमा आत्मिक जीवनको विकास सम्भव छ।

तपाईंको ख्रीष्टियन जीवनलाई आत्मिक- क्षयबाट बचाउनको निम्ति परमेश्वरको वचन तपाईंको निम्ति खँदिलो आहार हो। तपाईंले **शैशवकालको जिज्ञासा** को अवस्थादेखि हुर्केर, यौवन अवस्थाको आत्मिक **स्थिरता** अनि अन्तमा पूर्ण व्यस्क भएर आत्मिक **परिपक्वता** को अवस्थामा जानु हो भने, परमेश्वरको वचन बाइबलबाट तपाईंले दैनिक पौष्टिक आहार लिन आवश्यक छ।

बाइबल पढ्नु केवल परमेश्वरको आज्ञालाई पूरा गर्नु अथवा कर्तव्य पालन मात्र होइन, यो त्योभन्दा बढ़ी हो। यसको उद्देश्य आत्मिक रूपले भोकाएको प्रत्येक ख्रीष्टियन जसले परमेश्वरबाट तयारी भोजनको चाह गर्छन् उसलाई जीवनमा ताजापन र आनन्द दिनु हो।

हो, परमेश्वरको वचन वास्तवमा साँच्चै नै तपाईंको निम्ति निरन्तर अनि वृद्धि भइरहने आनन्दको स्रोत हुनेछ, जब, तपाईंले

यसलाई तपाईंको आत्मिक भोजनको रूपमा कसरी ग्रहण गर्ने सो जान्नु हुनेछ।

यशैया अगमवक्ताद्वारा परमेश्वरले आत्मिक आहारको निम्ति भोकाउने र तिर्खाउनेहरूलाई अनुग्रहसाथ उहाँको भोजको टेबलबाट लिने निमन्त्रणा दिनुहुन्छ।

*हे सबै तिर्खाउने हो, आओ पानीनेर आओ। अनि तिमीहरू रुपियाँ नहुने पनि आओ र किनेर खाओ। ....जे रोटी नै होइन, त्यसको निम्ति किन पैसा खर्च गर्छौ? अनि जे कुराले सन्तोष नै दिँदैन, त्यसको निम्ति किन परिश्रम गर्छौ? ध्यान देओ, ध्यान दिएर मेरो कुरा* ***सुन*** *र जे कुरा असल छ त्यही खाओ, र स्वादिष्ट थोकहरू खाएर तिमीहरूको प्राण* ***सन्तुष्ट*** *हुनेछ।* ***कान थाप*** *र मकहाँ आओ। सुन, ताकि तिमीहरूको प्राण जिओस्।...* (यशैया ५५:१-३)।

धेरै जनाले परमेश्वरको वचन बाइबलबाट विश्वासको निम्ति आहार कसरी प्राप्त गर्ने सो नजानेर सोझै गएर बाइबल नै पढ्नुको सट्टा यस **बारे** जानकारी लिन अन्य पुस्तक-पुस्तिकाको सहारा लिन्छन्। प्रिय, तपाईंको हातमा भएको यो पुस्तक बाइबलको ज्ञान दिने अभिप्रायले लेखिएको होइन, तर यसले तपाईंलाई बाइबल पढ्ने प्रेरणा मिलोस्। यो पुस्तकको उद्देश्य : तपाईंले बाइबल यस्तो प्रकारले पढ्नुहोस् कि बाइबल स्वयं नै तपाईंको अघि छर्लङ्ग होस्, जसको परिणाम तपाईंले पारदर्शक जीवन उपभोग गर्नु सक्नुहुनेछ अनि स्वर्गीय पितासँग घनिष्ठ सम्बन्धको भरपूर आनन्द लिनसक्नुहुनेछ।

बाइबललाई विश्वासको आहारको रूपमा लिन थालेका नयाँ विश्वासीहरूलाई म प्रायः यसो भन्ने गर्छु:



**तपाईंले जे बुझ्न सक्नुहुनेछ सो पढ्नुहोस् अनि तपाईं चाँड़ै त्यो खण्डमा आउनुहुनेछ जुन खण्ड तपाईं बुझ्नसक्नुहुन्न। नबुझेको खण्डलाई घरि-घरि पढ्नुहोस्। धेरै दोहोर्‍याएपछि तपाईंले केही अंश बुझ्नुहुनेछ। अन्तमा, तपाईंले जे बुझ्नु भएको छ त्यसले नै तपाईंलाई बुझ्न नसकेको खण्ड बुझ्नमा सहायता गर्नेछ।**

के तपाईंले यो भनाइलाई बुझ्नुभो? अर्को शब्दमा, प्रयत्न गर्न नछोड़नुहोस्।

सारा विश्वभरि नै पाठशाला, लेक्चर-हल अनि पुस्तकालयहरूमा- मानिसहरूले शैक्षिक जानकारीहरू लिइरहेका छन् जसले तिनीहरूलाई "विचारको निमित्त आहार" प्रशस्त मात्रामा दिँदछन्। हामीले यदि, बाइबललाई यस्तै प्रकारले एक धार्मिक ग्रन्थको रूपमा मात्र लियौं भने, हामीले **विचार** को निम्ति आहार (किताबी-ज्ञान) सिवाय अरू केही प्राप्त गर्दैनौं। तर बाइबलले नै हामीलाई यसरी चेतावनी दिँदछ : *ज्ञानले घमण्ड ल्याउँदछ, तर प्रेमले उन्नति गराउँछ* (१ कोरिन्थी ८:९)।

हो, यदि हामीले परमेश्वरको वचनलाई उचित प्रकारले ग्रहण गरेनौं भने, बाइबलका सत्यता बारे भएको ज्ञानले पनि हाम्रो आत्मिक जीवन निर्माण गर्नको सट्टा यसले हामीमा बौद्धिक घमण्ड ल्याउन सक्छ। हाम्रो प्रभुसँगको दैनिक संगतिमा सिवाय ज्ञान हासिल गर्नुको सट्टा हामीले उहाँको भोजको टेबलबाट प्रशस्त पोषक आहार लिनपर्छ जसबाट हामी "**विश्वास को निम्ति आहार**" पाउँदछौं।

किताबी ज्ञानको निम्ति मात्र बाइबल पढ्ने मानिसहरूको विपरीत हामी ती प्रशन्न चित्त भएका विश्वासीहरूलाई देख्न सक्छौं जोहरूले परमेश्वरको वचन अध्ययनको भेद थाह पाएका छन्, कि यो तिनीहरूको जीवनमा साँचो आत्मिक पोषणको **एक व्यवहारिक** र **जीवित स्रोत** बन्दछ। यी ख्रीष्टियनहरूले परमेश्वरसँग संगतिको एक साँचो जीवनको अनुभव गरिरहेका छन् अनि यो प्रक्रियामा तिनीहरूले साँचो आराधना र फलोत्पादक सेवाको रीतको आविष्कार गरिरहेका छन्।

परमेश्वरको अघि साहस सहित अनि व्यक्तिगत रूपले जान हो भने खुला बाइबल र खुला हृदय लिएर जानु हरेक नयाँ जन्म पाएको परमेश्वरका छोरा छोरीको निमित्त सुनौलो सुअवसर हो।

तपाईंले गरिरहनुभएको प्रश्न यो हुनसक्छः बाइबल पढ्ने सर्वोत्तम उपाय के हो जसबाट मेरो आत्मा तृप्त हुन्छ अनि म प्रभु येशू ख्रीष्टको प्रेम र ज्ञानमा बढ्न सक्छु? यस प्रश्नको उत्तर हो *एकान्त समय।*

*एकान्त समय* वास्तवमा हाम्रो प्रभुसँगको दुइ-तर्फी वार्तालाप हो। उहाँको वचन, बाइबलद्वारा परमेश्वर उहाँको छोरा-छोरीसँग बोल्नुहुन्छ। जब हामी परमेश्वरले भन्नुभएको कुरालाई ठीक प्रकारले मान्छौं अनि व्यक्तिगत रूपले लिन्छौं हामी बाइबलमा आधारित प्रार्थना गर्न अनि विश्वासमाअशान्वित हुन सिक्छौं।

जब म 'बाइबलीय प्रार्थना' -को बारे बताउँदैछु, मेरो भन्नुको तात्पर्य यो हो कि, हामीले प्रार्थना गर्दा हामीले पढ्दै गरेको धर्मशास्त्रको खण्डलाई नै उल्लेख गरेर प्रभुलाई प्रार्थना गरौं। बाइबलीय प्रार्थना गर्नु



चाहिँ परमेश्वरको इच्छा अनुरूप प्रार्थना गर्ने निश्चयतामा बढ्दै जानु हो।

जब पवित्र आत्माले परमेश्वरको वचन हाम्रो निम्ति जिउँदो बनाउनु हुन्छ, तब हामी धर्मशास्त्रको त्यो विशेष खण्डलाई हाम्रो हृदयको खाँचोको निम्ति प्रयोग गर्न सक्छौं।

यस प्रकारको प्रार्थना गराइले, हामीलाई एकनाशे प्रार्थना गर्नबाट जोगाउँछ। बरू जब हामी बाइबलमा आधारित प्रार्थना गर्छौं, प्रभुसँगको मीठो संगतिको आनन्द लिन सक्छौं अनि हाम्रो जीवनमा भएको उहाँको योजनाहरूलाई बुझ्ने क्रममा बढ्दै जान्छौं।

साँचो प्रार्थना परमेश्वरको इच्छालाई मेरो इच्छामा ढाल्नु होइन, तर यो त मेरो इच्छालाई परमेश्वरको इच्छातर्फ मोड्नु हो।

यहोशूले इस्राएलीहरूलाई बसन्त ऋतुको भेलमा यर्दन नदीबाट आश्चयरीतले पार गराएपछि, एक जना 'अपरिचित' 'मानिस'-सँग उसको जम्काभेट हुन्छ। यहोशूलाई थाह थियो कि परमेश्वरले उसलाई दिनुभएको आदेश अनुसार उसले कनानका भू-भागलाई जित्नुपर्छ अनि त्यहाँको अन्य जाति प्रथाहरूलाई सम्पूर्ण रूपले निमिट्यान्न पारेर देशलाई शुद्ध गर्नपर्छ। यसैले यहोशूले आफ्नो हातमा नाङ्गो तरवार लिएका त्यस अपरिचित मानिसलाई सोधे, *''तपाई हामीपट्टि हुनुहुन्छ कि हाम्रा शत्रु हुनुहुन्छ?''* यहोशूले उदेकको जवाफ पाउँछन्- 'होइन'! अथवा NIV Bible -को अनुबाद अनुसार *'कसैको पनि होइन'!* यो जवाफ अनुसार यहोशूले ठाने कि त्यस अपरिचित व्यक्तिले जुन कुरा भन्दछ, त्यसले उसले भन्न खोजेको कुरालाई प्रष्ट्याउँछः *''तर परम प्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ।''*

अब पो, यहोशूले ठीकसँग अपरिचितलाई चिन्दछ, कि त्यस व्यक्ति पक्ष लिनु होइन, तर निर्देशन दिनको निमित्त आएका हुन्। तब यहोशूले घोप्टो परेर दण्डवत गरे, जुन आत्म समर्पणको संकेत थियो। किनभने यहोशूले जाने कि उ *"परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ। तेरा खुट्टाबाट जुत्ता फुकाल् किनकि तँ उभिएको ठाउँ पवित्र छ।"* (यहोशू ५:१३-१५) भन्ने व्यक्तिको अघि खड़ा छ।

यसरी नै, प्रार्थना गर्न बस्दा, हाम्रो आफ्नै विषयलाई परमेश्वरको अघि ल्याएर उहाँले यसलाई स्वीकृत गरिदिऊन् भन्ने ध्येयले हामीले प्रार्थना गर्नुहुँदैन, बरू पवित्र उपस्थितिको अघि हामी झुकौं अनि उहाँको योजना, उहाँको अभिप्राय, र उहाँको शक्तिसँग हामी सहमत होऔं।

यसर्थ, बाइबलको आधारमा प्रार्थना गर्नु, परमेश्वरको योजना र इच्छाभित्र रहेर प्रार्थना गर्नु हो। अनि जब हाम्रो इच्छा उहाँको इच्छामा ढालिन्दछ र परमेश्वरको वचनभित्र हामी रहँदछौं, तब हाम्रो आत्मिक जीवनमा हामी वृद्धि अनुभव गर्नसक्छौं।

वास्तवमा, जब तपाईं परमेश्वरको आवाज सुन्ने उत्कट इच्छा लिएर साँचो हृदयले प्रार्थनासहित बाइबल पढ्नु हुन्छ, तब तपाईं *प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दै जानुहुनेछ। (२ पत्रुस ३:१८)*

हामीले अघि नै यशैयाले बताएको कुरा हेरिसकेका छौं, कि जब हामी परमेश्वरको आवाज **सुन्न कान** *थाप्छौं,* तब उहाँको आवाज सुनेर हामी साँच्चै **सन्तुष्ट** हुनेछौं।



# आत्मिक जीवनको मूल्यांकन

१. मैले नयाँ जन्म पाएर ईसाई जीवन जिएको कति वर्ष भयो?

२. के मैले कहिले परमेश्वरसँग नजीक संगतिको त्यो अनुभव गरेको थिएँ जस्तो अहिले गर्दैछु?

३. आजभन्दा पाँच वर्षअघिको मेरो जीवन र वर्तमानलाई तुलना गर्दा अहिलेः-
के म परमेश्वरसित बढ़ी समय बिताउँछु?
के म मेरो आफ्नै इच्छाहरू बीच पनि परमेश्वरको मार्ग निर्देशनलाई राम्ररी बुझ्न सक्छु?

*प्रभु मलाई सुन्न सिकाउनुहोस्। कोलाहलपूर्ण समय छ अनि कर्कश आवाज सुन्दा-सुन्दा मेरो कान थाकिसकेको छ। मलाई बालक शमूएलको आत्मा दिनुहोस् जसले तपाईंलाई भने, "भन्नुहोस् तपाईंको दास सुन्दैछ।" मेरो हृदयमा बोल्नुहुँदा तपाईं सुन्न पाऊँ। तपाईंको आवाज अभ्यस्त गराउनु होस्, कि म तपाईंको आवाजलाई ठिम्याउँन सकूँ, तब संसारको कर्कश आवाज नाश हुनेछ अनि त्यो आवाज मात्र रहनेछ, जुन तपाईं बोल्नुभएको मधुर आवाज।*

**— ए. डब्ल्यू टोजर**



**अध्याय-२**

# मस्तिष्क अनि हृदय

धेरै वर्षअघि, केन्याको उत्तरी भू-भागमा, म र मेरी श्रीमतीले गएर त्यहाँका स्वदेशी ख्रीष्टियन अगुवा अनि उनीहरूका श्रीमतीको निम्ति राखिएको सभामा परमेश्वरको वचन बोल्ने अवसर पायौं। बेलुकी ७ बजेको सभामा भाग लिनको निमित्त कति अगुवाहरूले ४ बजे बिहानदेखि नै यात्रा गरेका थिए। बाइबलबाट सिक्ने उत्कट-इच्छाले प्रेरित भएको हुनाले, तिनीहरूले त्यस ठाउँको घामको प्रचण्ड ताप, (जसले तिनीहरूको भूमिलाई खड़ेरी र अनिकालको चपेटमा ल्याएको थियो)-लाई पनि वास्ता नगरी लामो क्लान्तमय यात्रा तय गरेका थिए।

आश्चर्य लाग्दो कुरा के थियो भने, अगुवाहरूमध्ये साठीदेखि सत्तर प्रतिशत यस्ता थिए जसको साथमा बाइबल थिएन। ती समर्पित अगुवाहरूमध्ये कति त प्रभुमा आएका केही वर्षमात्र भएको थियो। तापनि, तिनीहरूको जीवनको प्रभावपूर्ण साक्षीलाई परमेश्वरले प्रयोग गर्नुभएर अफ्रिकाको जंगलका ती स-साना मण्डलीहरूलाई ज्वलन्त पार्नुभएको थियो।

हामी सम्मेलनको शुरूवातमै, ती सबै पाष्टरहरूको हात-हातमा

एक-एकवटा बाइबल थमाइदिन, सफल भयौं। त्यसपछि धेरै दिनसम्म मैले तिनीहरूलाई शिक्षा दिएँ। मेरो विषय थियोः ''अब तपाईंको **हातमा** बाइबल छ, तर यसले तपाईंको जीवनमा तबसम्म आशिष ल्याउँदैन जबसम्म यो तपाईंको हातदेखि **मस्तिष्क-**मा प्रवेश गर्दैन! तर यसले पनि यी दिनहरूमा परमेश्वरले तपाईं निम्ति इच्छा गर्नुभएको सम्पूर्ण आशिषलाई ल्याउँदैन। यो सममेलन तब मात्र तपाईंको निम्ति एउटा दीगो आशिषको कारण हुनेछ, जब परमेश्वरको वचन बाइबल तपाईंको **हृदय-**मा बास गर्नेछ। बाइबल तपाईंको हातदेखि मस्तिष्क अनि मस्तिष्कदेखि हृदयसम्म कसरी पुऱ्याउने सो कुरा तपाइंले सिक्न अत्यावश्यक छ।''

केही दिनअघि मैले इंग्ल्याण्डमा त्यो घरलाई देखें जुन घरमा किशोर अवस्थामा रहँदा मैले खीष्टलाई पाएको थिएँ। त्यहाँ हाम्रो घरको नजीक एउटा बत्तीको खम्बा थियो, जसको मुनि बब फिलन्ट नामक चौध वर्षीय ठिटोले पनि प्रभुलाई ग्रहण गरेको थियो। बबले खीष्टलाई ग्रहण गरे पश्चात उसको जीवनमा आश्चर्यरीतले महान परिवर्तन आयो। उसले स्कूल छोड़ेर भवन निर्माण गर्ने एक मजदूरको रूपमा काम गर्थ्यो। यसबाट हामी बुझ्छौं कि उ विद्यार्थी थिएन। तापनि बब खीष्टियन भएको केही समयपछि नै मैले उसलाई काममा जानुअघि बिहान सधैं बाइबल पढ्ने सल्लाह दिएँ। उ माण्डलिक पृष्ठभूमिबाट नआएको भएता पनि, उसले चाँड़ै परमेश्वरसँगको दैनिक *एकान्त समय* द्वारा परमेश्वरको वचनलाई उसको आत्मिक जीवनको निर्माण गर्ने काममा लिन थाले।

त्यसपश्चात, सत्रह वर्षको उमेरमा उसले बाइबल करेस्पोन्डेन्स



कोर्स पूरा गरे अनि अचम्मरीतले दानिएलको पुस्तकको अध्ययनमा सर्वाधिक अंक प्राप्त गऱ्यो! पछिबाट मैले सुन्न पाएँ कि उ अठाह्र वर्षको उमेरमा फौजमा भर्ती भएर गएको समयमा पनि उभित्र प्रभुको निम्ति ठूलो जोश थियो, जुन थाह पाएर म आनन्दले गद्‌गद् भएथें। यथार्तमा, उसले आठ हप्ते ''सिपाही तालिम शिविरमा नै उसका सत्रह सिपाही मित्रहरूलाई व्यक्तिगत रूपले प्रार्थना गर्दै सुसमाचार सुनाए, जसको परिणाम स्वरूप ती सबैले खीष्टलाई ग्रहण गरे। फौजको सेवाबाट अवकाश पाएपछि, बबले मिशनेरी तालीम शुरू गर्ने बोलाहट भएको महसुस गरे। तर जसै बब जर्मनमा हवाइ यात्रा गर्दैथिए, अकस्मात, उ सवार भएको फौजी विमान दुर्घटनाग्रस्त भयो अनि प्रभुले बबलाई उहाँसँगै रहनको निम्ति बोलाउनुभयो।

विमान दुर्घटना स्थलको चारैतिर बबले उसको पिठिऊँ झोलामा ल्याएको सुसमाचारका पर्चाहरू यत्रतत्र छरपष्टिएको थियो जर्मनको त्यो एकलास भू-भागमा! निश्चय नै परमेश्वरको वचन बबको हातदेखि मस्तिष्क, र मस्तिष्कदेखि उसको हृदयमा, अनि उसको हृदयदेखि अरूहरूको हृदयमा संचारित भएको थियो। अनि जब बबको देहान्त भयो, यो उसको प्रभुसँगको दैहिक सिमित संगतिको अन्त, उहाँसँग अनन्त अनन्तको असिमित रोमाञ्चकारी संगतिको यात्रा थियो।

बब झैं, धेरैजनाले औपचारिक बाइबल अध्ययनको साधन र यस्ता तालीमबाट भरपूर आत्मिक लाभ उठाएका छन्। हामीहरूमध्ये प्रायः कोही यस्तो छैनौं, जोहरूले ती अफ्रिकन पास्टरहरूझैं, पन्ध्र घण्टाको लामो दूरी तय गरेर घामले डड्दै परमेश्वरको वचनबाट शिक्षा लिनको निम्ति आउनुपर्छ। जे होस्, हामी जस्तै परिस्थितिमा

भएता पनि, कसरी परिवर्तन हुनपर्ने-सो हामीले जान्नपर्छ। यो **परिवर्तन** बाइबलीय ज्ञानलाई हृदयको अनुभवमा परिवर्तन गराउनु हो।

व्यक्तिगत रूपले, म परमेश्वरलाई धन्यवाद चढ़ाउँछु, किनभने ईसाई जीवनको शुरू मैं उहाँले मलाई औपचारिक बाइबल अध्ययन र *एकान्त समय* को बीचमा भिन्नता देखाउनुभयो। परमेश्वरको वचनको निम्ति हाम्रो मस्तिष्क र हृदय दुवैको उत्तिकै भूमिका (संलग्नत) भएता पनि, यो बुझ्न आवश्यक छ, कि हृदयको समर्पणता **बिना-**को दिमागी ज्ञानले कहिल्यै पनि आत्मिक जीवनमा विकास **गराउँदैन**।

## मस्तिष्क

**बाइबल अध्ययनः यसको अभिप्राय अनि समस्याहरू।**

*शर्माउिन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर* (२ तिमोथी २:१५)। औपचारिक बाइबल अध्ययन (Formal Bible Study) गरेर, त्यहाँको विषय-वस्तुहरूसँग परिचित हुनु, हरेक ईसाईको निम्ति एक रोचक साथै अनिवार्य समयको लगानी हो। हर सम्भव, असल पाष्टर र बाइबल शिक्षकहरूले दिएको बाइबलीय शिक्षा र तपाईंमा प्राप्य बाइबल टिप्पणी अनि अन्यान्य स्रोत पुस्तक-पुस्तिकाको भरपूर लाभ उठाउनुहोस्। यी सबैले तपाईंलाई परमेश्वरको वचनसँग परिचित हुनमा ठूलो भूमिका खेल्दछ। यी जानकारी अति नै महत्वपूर्ण छन्, किनभने यसले तपाईंको व्यक्तिगत *एकान्त समय* मा ठूलो सहायता पुऱ्याउँदछ।



पाष्टर-शिक्षकहरू मण्डलीको निम्ति परमेश्वरबाट आशिष हुन्। पाष्टरको प्रमुख कर्तव्य विश्वासीहरूलाई बाइबलको विभिन्न पुस्तकको **विषय वस्तु, सन्दर्भ** र **पृष्ठभूमि-**लाई अवगत गराएर पुस्तकको खण्डहरूलाई क्रमश अध्ययन गराउँदै लानु हो। पाष्टरले त्यसपछि त्यो रूपरेखाको आधारमा उसको झुण्डलाई मुक्तिको जीवन, साँचो शान्ति (आन्तरिक) अनि हराएर मर्दै गएको आत्माहरूप्रति वास्ता बारे परमेश्वरको वचनद्वारा उपदेश दिनपर्छ।

यस्तो एक असल पाष्टरले दिएको पाँचवटा व्याख्यात्मक उपदेशहरू मेरो पासमा छ। धेरै वर्षअघि, पाष्टर विलियम स्टीलले यसलाई *इन्टर -भर्सिटी थेओलोजीकल स्टुडेन्टस् कन्फरेन्समा* प्रस्तुत गरेका थिए। पैंतालीस वर्षभन्दा बढ़ी एवर्डिन, स्कटल्याण्डको एक मण्डलीमा नै रहेर सेवकाइ गरेता पनि, पाष्टर विलियमको जोश र सामर्थ्यपछिसम्म नै यथावत थियो। यसैकारण, उसको पाष्टरीय-सेवकाइ स्कटल्याण्डको त्यो मण्डलीमा मात्र सिमित नभएर चारैतिर फैलिएको थियो। आज पर्यन्त, उसको सन्देश सुनेर ख्रीष्टमा आएकाहरू अनि उसको प्रचार र शिक्षाबाट प्रभावित भएका जनसमूहहरूले प्रत्यक्ष रूपमा संसारका चारैतिर ख्रीष्टको सेवकाइ गरिरहेका छन्। इन्टर-भर्सिटी स्टुडेन्टस् कन्फरेन्समा पाष्टर स्टीलले दिएको सन्देशमा उनी भन्छन्:

> **पाष्टर भेड़ालाई खुवाउनको निम्ति बोलाइएको हो, भेड़ाले खान अस्वीकार गऱ्यो भने पनि खुवाउने उसको परम कर्तव्य हो। पाष्टर बाखाहरूको मनोरंजक अवश्य हुनुहुँदैन। बाखाले नै बाखाको सेवा गरोस्। बाखालाई सन्तुष्ट पारेर तिमीले कहिले पनि त्यसलाई**

**भेड़ामा परिवर्तन गर्न सक्दैनौं।**

**फलवन्त पाष्टरीय सेवकाइ विभिन्न प्रकारका भेड़ाहरूलाई एकै साथमा रहनको निम्ति सहायता गर्नु हो, अनि बाखाको बीचमा रहेर पनि त्यसको स्वभावलाई नलिइ कसरी संसारमा जीउन सकिन्छ सो प्रदर्शन गर्नु हो।**

नयाँ जन्म पाएपछि, तपाईं कुनै यस्तो मण्डलीको सदस्य भएर रहनुहोस्, जहाँका विश्वासयोग्य पाष्टरको पाष्टरीय सेवकाइबाट तपाईं आशिषित बन्न सक्नुहुन्छ। यो अत्यन्त महत्वपूर्ण कुरा हो।

दुःखको कुरो, यस पुस्तकमा पाठकवृन्दहरूमध्ये तपाईं एक यस्तो व्यक्ति हुनुहुन्छ होला जसलाई यसप्रकारको पाष्टरीय परामर्श र शिक्षाको सुयोग भएको छैन। तर, यदि तपाईं यसप्रकारको असल पाष्टरको सेवकाइ अनि बाइबलका टीका-टिप्पणी र अन्य सहायक पुस्तकहरूबाट लाभान्वित हुनुभएको छ भने पनि यसलाई तपाईंले दैनिक आत्मिक आहारको रूपमा *एकान्त समय* को विकल्प मान्नु हुँदैन भन्ने कुरामा सदैव सचेत हुनुहोस्, किनभने यो खतराको सूचक हो।

बरू हामीले यो कुरा बुझ्नपर्छ कि नता विश्वास योग्य पाष्टर शिक्षकले दिएको बाइबलीय ज्ञानले न हाम्रो बौद्धिकताको भरमा परमेश्वरको वचनको अध्ययनले *एकान्त वास* मा पवित्र आत्मासँगको संगतिद्वारा हाम्रो हृदय र जीवनको निम्ति प्राप्त आत्मिक आहारको स्थान लिनसक्छ।

जसरी एकजना बाइबल शिक्षक *एकान्त समय* को विकल्प होइन, उसरी नै व्यक्तिगत *एकान्त समय* बिताउँदैछ भन्दैमा परमेश्वरले दिनुभएको बाइबल अध्ययनको अवसरको अवहेलना गरी यसलाई बहाना वा विकल्पको रूपमा लिनु हुँदैन। नत्रता हामी बाइबलमा आधारित मण्डलीको अंग भएर परमेश्वरको काममा भागीदार हुनबाट वञ्चित हुनेछौं।



तपाईंको परिस्थिति जेसुकै भएता पनि, तल दिइएका सुझावहरूले औपचारिक बाइबल अध्ययन पद्धतिको विकास गर्नमा तपाईंलाई धेरै सहायता पुऱ्याउने छ।

धेरै वर्षअघि, माइल्स काभर्डेलले परमेश्वरको वचन **अध्ययन-**को निम्ति सरल बनाउन यी प्रश्नहरूको प्रयोग गरेका थिए। उनले लेखेको भनाइको शब्दान्तर (प्यारा फ्रेज) यस्तो छः

> तपाईंलाई धर्मशास्त्र बुझ्नमा धेरै सहायता तब हुनेछ, जब तपाईंले **के लेखिएको छ वा बताइएको छ-** लाई मात्र ध्यान नदिएर यी कुरालाई पनि ध्यान दिनहुन्छः

- धर्मशास्त्रको यो खण्डले **कसको** बारे बताउँछ?
- धर्मशास्त्रको यो खण्डले **कसलाई** सम्बोधन गर्दछ?
- लेखकले कुन **विशेष शब्द** को प्रयोग गरेका छन्?
- धर्मशास्त्रको यो खण्ड **कुन समयमा** लेखिएको थियो?
- यो खण्ड **कुन स्थान** बाट लेखिएको थियो?
- धर्मशास्त्रको यो खण्ड लेख्नुको पछि **के अभिप्राय** थियो?
- धर्मशास्त्रको यो खण्ड **कुन पृष्ठभूमिमा** लेखिएको थियो?
- धर्मशास्त्रको यो खण्ड कसरी **यसअघिको** र **यसपछिको**

खण्डहरूसँग मेल खान्छ?

जब तपाईंले तपाईंको औपचारिक बाइबल अध्ययनमा यसप्रकारका प्रश्नहरूको उत्तर दिने आदत बसाल्नु हुन्छ (बाइबल कुञ्जीको सहायता लिएर जब पनि सम्भव हुन्छ), तब तपाईंले बाइबलका ती महान सत्यका मोतीहरू आविष्कार गर्नुहुनेछ, जसले बाइबलका सम्पूर्ण खण्डलाई सादृश्यता प्रदान गर्दछ। अन्तमा, तपाईं परमेश्वरले प्रकाश गर्नुभएको अगमवाणीको अविच्छिन्न तस्वीर देखेर मोहित हुनुहुनेछ, ती अगमवाणीहरू जसमध्ये कति पूरा भइसके अनि कति अझ पूरा हुन बाँकी नै छ।

तपाईं जत्ति बढ़ी अनन्तको परमेश्वर, सृष्टिमा उहाँको अभिप्राय, इतिहासमा उहाँको स्थान, मुक्ति, येशू खीष्टको व्यक्तिगत रूपमा संसारमा उहाँको आगमन अनि ईसाईहरूलाई उहाँको निर्देशन जान्न तपाईं आँखा खोल्नुहुन्छ, उति अधिक आफूलाई आशिषित हुनुहुनेछ। यस्तो किसिमको बाइबलीय ज्ञान अवश्य चाखलाग्दो हुन्छ अनि हरेक विश्वासीले यसमा परिश्रम गर्नपर्छ।

## मन

### एकान्त समय : यसको सुधार र परामर्श

उहाँको हरेक जनप्रति परमेश्वरको इच्छा यो हो, कि हामी उहाँलाई *आत्मा र सत्यतामा* पुजौं (यूहन्ना ४:२४) अर्थात हाम्रो **मन** र **मस्तिष्क** दुवै एक भएर उहाँसँग व्यक्तिगत रूपले संगति गर्नु।

तपाईंको औपचारिक बाइबल अध्ययनको अभिप्राय बाइबलीय



ज्ञानमा मात्र सिमित भयो भने यो ज्ञानले तपाईंलाई विशेष फाइदा पुऱ्याउने छैन! साँच्चै नै व्यवहारिक जीवन बिनाको दिमागी ज्ञान धेरै ईसाईहरूको निम्ति एक ठूलो समस्या भएको छ।

दुःखको कुरो, यस्ता धेरै मानिसहरू छन् जोहरूले परमेश्वरको वचनबारे धेरै **ज्ञान** भएता पनि उनीहरू ती वचनको प्रकाशमा हिँड्दैनन्। बरू, उनीहरूले बाइबलको वचनलाई उनीहरूको मन्द दिमागभित्र थुनेर राख्छन् अनि मुर्ख बनेर संसारिक ढाँचाको जीवन बिताउँछन्। यो अति डरलाग्दो कुरो हो किनभने अहिलेको युगको विचार र जीवन शैलीलाई परमेश्वरको वचनले कदापि मान्यता दिँदैन।

परमेश्वरको वचनलाई संसारिक धारणामा लिएर धर्मशास्त्रलाई कुनै मानव समुदायको दर्शन वा मनोविज्ञानसँग संयोजन (Synchronize) गर्नु चाहिँ साँचो बौद्धिकता र शुद्ध आचरणका सिद्धान्तको विरुद्ध जानु हो। येशू खीष्टले हामीलाई यस दुष्ट संसारबाट छुटकारा दिलाउनको निम्ति ठूलो मूल्य चुकाउनुभएको छ, यसकारण खीष्टलाई इन्कार गर्ने यस दुष्ट पुस्ताका वर्तमान विचारधारासँग परमेश्वरको वचन कदापि सहमत हुन सक्तैन।

परमेश्वरको वचन कहिले पनि मानवीय ढाँचा अनुरूप चल्दैन। यसकारण हामी बाइबल अध्ययन गर्दा परमेश्वरले चाहनु भए जस्तै हुन सकूँ भनी उत्कट इच्छा राखेर परमेश्वरको वचनलाई अध्ययन गर्छौं भने, यो जीवन परिवर्तनको एक क्रान्तिकारी अनुभव हुनेछ। परमेश्वरले उहाँको हरेक छोरा-छोरीबाट चाहनुभएको कुरा चाहिँ हृदयको अनुभव हो, दिमागी ज्ञान होइन।

भजन गायकले यसो भनेको पाउँदैनौं, ''तपाईंको वचन मेरो **मस्तिष्कमा** सुरक्षित राखेको छु।'' तर उसले यसो भन्दछः *तपाईंको विरुद्ध पाप नगरूँ भनेर तपाईंको वचन मैले मेरो हृदयमा* सुरक्षित राखेको छु (भजन संग्रह ११९:११)। एडल्फ हिट्लर जस्तो मानिसले पनि समय-समय उसको लामो क्रोधपूर्ण भाषणमा बाइबलबाट उद्घृत गर्ने गर्थे, तर बाइबलका यी खण्डहरूबारे भएको ज्ञानले उसको नैतिक जीवन (आचरण) र अनन्तताको लक्ष्य निमित्त कुनै सहायता उसलाई मिलेन। स्पष्टतः उसले पाएको बाइबलीय ज्ञान उसको हृदयमा प्रवेश गर्न पाएन।

तर तपाईंले प्रश्न गर्नुहोला, ''जब दाऊदले परमेश्वरको वचन 'मेरो हृदयमा सुरक्षित राखेको छु' भनी भन्दछ यसको मतलब के हो त?''

उसले अवश्य पनि यहाँ उसको शरीरको त्यो अंगलाई इंगित गरेको होइन जसले उसको शरीरका शिराहरूदेखि धमनीमा रगत लाने काम गर्दछ। किनभने त्यहाँ कसैले पनि परमेश्वरको वचनलाई लुकाउन सक्तैन। जब दाऊदले **हृदय** शब्दको प्रयोग गर्छन्, तब उसले उसको आन्तरिक जीवनको आचरणको केन्द्र स्थानलाई बोध गराउँछ। हामी बाइबल पढ़ेर, परमेश्वरको वचनलाई हाम्रो जीवनको केन्द्रमा राख्छौं भने तब हामीभित्र हुनुभएको ख्रीष्टको शक्तिद्वारा, परमेश्वरको वचनको शुद्ध पार्ने शक्ति, सक्षम बनाउने र पोषक कुरालाई हामीले निरन्तर लिन सक्नेछौं।

जब मैले बाइबल कलेज गएर औपचारिक रूपले बाइबल र धर्म-ज्ञान (Theology) अध्ययन गर्ने अवसर पाएँ, मैले यो तथ्यलाई



चाँड़ै आविष्कार गरें कि यी सब अध्ययनद्वारा प्राप्त बाइबलीय ज्ञानले कदापि *एकान्त समय* -मा परमेश्वरसँग समय बिताएर प्राप्त गरेको वचनको स्थान लिन सक्तैन। मैले यो पनि पत्तो पाएँ कि परमेश्वरको वचनलाई निर्णायक बनाउनभन्दा वचनमाथि मेरो निर्णय थोप्नु धेरै सहज रहेछ।

कलेजका ती दिनहरूमा क्लास रूमको लेक्चर (प्राध्यापकले दिएको व्याखा) विषयमा हामीले हाँस उठ्दो परिभाषा बनाएका थियौं। हामीले भन्ने गर्थ्यौं: ''लेक्चर (अध्यापकको व्याखा) त्यो *माध्यम* हो जसद्वारा प्राध्यापक र प्रशिक्षार्थी दुवैको दिमागमा प्रवेश नगरी प्राध्यापकको नोटबुकमा लेखिएको कुरा प्रशिक्षार्थीको नोटबुकमा आउँदछ।''

तर यो भन्दा पनि डरलाग्दो अवस्था चाहिँ त्यो हो, अर्थात एक पाष्टर (अगुवा)-ले उसको मण्डलीलाई दिएको बाइबलीय शिक्षा जसले दिने अनि लिने दुवैको हृदयमा कुनै प्रभाव पार्दैन। परमेश्वरले प्रष्टसँग भन्नुभएको कुरालाई थाह गर्नुहोस्:

*तर सुनेको वचनले तिनीहरूलाई कुनै फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन् (हिब्रू ४:२)।*

यर्मिया अगमवक्ताले दिएको गवाहीलाई जब हामी बुझ्छौं तब मात्र परमेश्वरको वचनको अभिप्राय अनुसार हाम्रो जीवनमा आशिष खनिँदछ। यर्मियाले भनेः .... *उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरो हड्डीहरूमा थुनिराखेको आगो जस्तो हुन्छ।...* (यर्मिया २०:९)

वर्तमानका धेरै विश्वासीहरूको जीवनमा परमेश्वरको वचनप्रति यस्तो दृढ़ विश्वास हराएर गएको छ। मस्तिष्क र हृदयको साँचो

समागम भएको छैन- परमेश्वरको आवाज र विश्वासीहरूको जीवन बीचमा सामञ्जस्यता छैन। हामी जे जान्दछौं र जे गर्छौं यी दुइ बीचको परस्पर सम्बन्धमा कमी हुनुको कारण यही हो।

जब बाइबलको शिक्षाले तपाईंको हृदयलाई छुँदछ, तब यसले तपाईंको जीवनमा परिवर्तन अवश्य ल्याउँदछ! तपाईंले मानवीय स्रोतहरू, जस्तै परिवारका परामर्शदाता, सुनियोजित सेमिनारहरू, आदिमा आफैलाई कम निर्भरशील भएको थाह पाउनुहुनेछ, किनभने तपाईंको जीवनको निम्ति परमेश्वरको अभिप्राय र प्रतिज्ञालाई तपाईं स्वयंले नै परमेश्वरको वचनद्वारा पत्ता लाउनुहुनेछ। त्यसपछि, तपाईंभित्र वास गर्नुभएको पवित्र आत्माको शक्तिद्वारा तपाईंले प्रभु येशू खीष्टले स्पष्ट दिनुभएको आज्ञाहरूलाई पालन गर्नु समक्ष हुनुहुनेछ।

कतिपल्ट मैले वचन बाँटेपछि, केही मानिसहरू उत्साह दिनु हेतुले मकहाँ आउँछन् र भन्ने गर्छन्, ''तपाईंले मलाई साँच्चै सोच्नु बाध्य गराउनुभएको छ।'' जब म त्यो सुन्छु, तब थाह पाउँछु कि सन्देशले सोंचे जस्तो उद्देश्य पूरा गर्न सकेन! किनभने परमेश्वरको वचनलाई बौद्धिक प्रेरणाको रूपमा अनुमोदन (प्रशंसा) दिनु र यसलाई जीवन परिवर्तनकारी शक्तिको रूपमा प्रयोग गर्नुमा भिन्नता छ। वास्तवमा सन्देशले मानिसलाई **केही गर्ने** बनाउँदछ सोंच्ने मात्र होइन।

यसरी नै यदि *एकान्त समय -ले* **विश्वास**, र **आज्ञापालन**, **पाप स्वीकार**, अथवा **आराधनाको मुद्रामा** लान नसके, त्यो एकान्त बास अवश्य फलदायक मान्न सकिंदैन।

तर अर्को पक्षमा हेर्‍यौं भने जब परमेश्वरको एक बालक/बालिकाको



दिमाग परमेश्वरको वचनले भरिपूर्ण छ अनि हृदय पवित्र आत्माको गतिसँग-सँगै धड्कँदछ भने, उसले निश्चय मुक्तिदाताको जीवित संगतीको आनन्द उपभोग गर्नेछ।

आज पनि जब म बाइबल कलेजहरूमा अतिथि, शिक्षकको रूपमा जाँदछु, प्रशिक्षार्थीहरूलाई यसो भन्ने गर्छु: तपाईंहरू यहाँ बाइबल बारे सिक्नको निम्ति बाइबल अध्ययन गर्नु आउनु भएको हैन, तर वास्तवमा तपाईंहरू बाइबलको परमेश्वरलाई चिन्नको निम्ति यहाँ बाइबल अध्ययन गर्दै हुनुहुन्छ।

चतुऱ्याइपूर्वक शब्दको प्रयोग अनि कुशलतासहित तयार गरिएको बाइबलीय शिक्षाहरूले प्रभाव पार्न सक्तैन भन्ने तथ्यप्रति विश्वासीहरूको मौनता नै साक्षी छ, कि उनीहरू आत्मिक रूपमा अपरिपक्व छन्। परमेश्वरसँगको घनिष्ठ संगति र बाइबल अध्ययनको विकल्प कुनै पनि कुरालाई तपाईंले अप्नाउन हुन्छ भने यसले परमेश्वरसँगको तपाईंको व्यक्तिगत र घनिष्ठ संगतिलाई खल्लो पार्दछ र सम्भवत यसलाई पूर्ण रूपले नष्ट पार्दछ।

प्रभुसँगको साँचो संगती तब मात्र सम्भव हुन्छ जब एकजना खीष्टियनले परमेश्वरको पवित्र उपस्थितिको पारदर्शक ज्योतिलाई सामना गर्दछ। यो ज्योति अत्यन्त प्रकाशवान हुँदछ, यसले तपाईं र परमेश्वर पिताबीच इमान्दार र खुला पनको माग गर्दछ। तपाईंले वचन पढ्नुहुँदा तपाईंको हृदयले उहाँको सत्यतालाई पालन गर्न तत्पर हुँदछ भने, त्यो सत्यताले तपाईंको प्राणलाई पोषण दिंदछ अनि तपाईं प्रभुको ज्ञान र बुद्धिमा बढ्दै जानु हुनेछ। भजन गायकले यसरी साक्षी दिंदछः *तपाईंकै ज्योतिमा हामी प्रकाश देख्छौं* (भजन संग्रह ३६:९)।

पूरानो भनाई साँच्चै अहिले पनि सान्दर्भिक छः

> **आज्ञा पालन गरिएको प्रकाशले अझ बढ़ी प्रकाश ल्याउँदछ, आज्ञोल्लंघन गरिएको प्रकाशले घोर अन्धकारमा लाँदछ।**

म निश्चित छु कि अब तपाईंले अवश्य थाह पाउनु भयो कि अरूलाई सल्लाह दिनु सजिलो छ तर यसलाई आफ्नो जीवनमा लागू गर्नु धेरै कठिन छ। तर, प्रभु येशू ख्रीष्ट, जसलाई यशैयाले *अचम्मका सल्लाहकार* (यशैया ९:६) भनी वर्णन गरेका छन्, उहाँ अद्वितीय हुनुहुन्छ, किनभने उहाँले सल्लाह मात्र दिनुहुन्न, तर उहाँ त्यो व्यक्ति हुनुहुन्छ जसले सल्लाहलाई कार्यान्वित गर्न हामीलाई शक्ति प्रदान गर्नुहुन्छ।

हरेक बिहानको तपाईंको *एकान्त बासले* त्यस दिनमा के गर्नपर्ने, त्यसको निम्ति तपाईंलाई तयार पार्दछ। जब, परमेश्वरको वचन अध्ययनद्वारा उहाँको सल्लाहलाई तपाईंले पाउनुहुन्छ, तपाईं निश्चित बन्न सक्नुहुन्छ, कि तपाईंभित्र बास गर्नुभएको प्रभु येशू ख्रीष्ट तपाईंको जीवनको हरेक मोड़मा योग्य अगुवा हुनुहुनेछ।



## आत्मिक जीवनको मूल्यांकन

१. जब म बाइबल पढ्छु, के मेरो हृदयले पनि मेरो मस्तिष्क सँगसँगै सहमति जनाउँछ?

२. जब म प्रार्थना गर्छु, के यो साँच्चै दुइतर्फी वार्तालाप हुन्छ?

३. मेरो आत्मिक जीवनको निम्ति, म सर्वप्रथम कसको सल्लाह लिन्छु? मान्छेको कि परमेश्वरको (**उहाँको वचनद्वारा**)?
(चेतावनी : ***उहाँको*** *सल्लाहको प्रतीक्षा तिनीहरूले गरेनन्.....* भजन संग्रह १०६:१३)

४. मेरो ख्रीष्टिय सेवकाइमा, अरूप्रतिको मेरो सल्लाह के परमेश्वरको प्रेमले ज्वलन्त हृदय सहितको र उहाँको वचनको ज्ञानको पूर्णतामा छ?
(चेतावनी : *तर तिनीहरू* ***आफ्नै*** *विद्रोहपूर्ण युक्तिमा चल्दै गए...* भजन संग्रह १०६:४३)।

## यस्ता पापहरू

**असंख्य पाप म स्वीकार्छु;**
**ती जो धेरै छन्-**
**संसारको फिक्री चिन्ता आराधनाको समयमा;**
**स्वार्थपूर्ण कार्यक्षेत्रका ती अभिप्रायहरू;**
**अहंकार, जब परमेश्वर नजीक भएर जानुहुन्छ,**
**आलस्य, जबकि आत्माहरू अन्धकारमा मरिरहेछन्।**
**परमेश्वर भलो हुनुहुन्छ भनी जाँचेर पनि,**
**विषालु भोजनको तिर्सना गर्नु,**
**अन्तरीक्षको यो धरातलमा**
**दैहिक अभिलाषा पूरा गर्नु।**
**यस्ता पापहरूले हृदय मेरो छल्छ,**
**तपाईं केवल तपाईंले मात्र यो खतरालाई जान्नुहुन्छ।**
**ओहो, कति मीठो नींद सुस्ताएँ,**
**गल्तीको निम्ति आँशु आएन,**
**पवित्र काम गर्न ब्यूँझें बिहानीमा,**
**पापको दाग शरीरभरि लिएर।**
**तापनि तपाईंको सहानुभूति कहिल्यै हटेन,**
**तापनि तपाईंको चङ्गाइको हात सदैव ममाथि रह्यो**
**प्रभु! दुखित तुल्याएँ तपाईंलाई,**
**ममाथि दया देखाउनुहोस्।**
**पिता, क्षमा दिनुहोस् तपाईंको पुत्रद्वारा**
**तपाईंको आत्माको विरुद्ध गरेको ती पापहरूलाई।**

**- विलियम म्याक लार्डी बन्टिङ्ग**
(१८०५-१८६६) साभार आर.ए.बी.





**अध्याय-३**

# प्रार्थनासहित तयारी

जब म पहिला विश्वासमा आएको थिएँ, त्यस समयमा बाइबलको ज्ञान ममा थोरै मात्रामा थियो। तर जसै मैले बाइबलका पानाहरू पल्टाउन लागें, चाँड़ै थाह पाएँ कि मैले साँच्चै **परमेश्वरको वचन** पढ्दै थिएँ। आज पर्यन्त जब पनि म उहाँको वचन पढ्छु प्रभु येशू मेरो हृदयमा निरन्तर बोल्नुहुन्छ भन्ने कुरा जानी म अति आनन्दित हुन्छु।

विश्वासमा नयाँ भएता पनि मलाई यो सिकाइएको थियो कि जब पनि म बाइबल खोल्छु, पवित्र आत्माले वचनलाई मेरो हृदयमा रहने तुल्याउनुहुन्छ। यसर्थ, मेरो *एकान्त समयलाई* म प्रायः प्रार्थनाको रूपमा एउटा कोरस गाएर शुरूवात गर्छु:-

परमेश्वरको आत्मा, मेरो शिक्षक हुनुहोस्।
ख्रीष्टको सत्यताको प्रकाश पार्दै
मेरो हातमा त्यो महान चाबी दिनुहोस्
जसले मलाई छुटाएर स्वतन्त्र पार्दछ।

येशू ख्रीष्टले स्वर्गारोहण हुनभन्दा अघि उहाँका चेलाहरूलाई प्रतिज्ञा गर्नुभयोः

*जब उहाँ, अर्थात सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनु हुनेछ,* (यूहन्ना १६:१३)। अन्तमा एकमात्र गुरु पवित्र आत्मा हुनुहुन्छ- **अनि यदि पवित्र आत्मा हाम्रो जीवनमा काम गर्न स्वतन्त्र हुनुहुन्न भने हाम्रो परमेश्वरको वचन पढ़ाइ बेमतलब र शून्य हुन्छ।**

जोन वेस्ली (जो अठाह्रौं शताब्दीमा बेलायत आत्मिक जागृतिमा महान रीतले चलाइएका थिए जसलाई इतिहासकारहरूले इंगल्याण्डलाई क्रान्तीको भूँवरीबाट बचाउने व्यक्तिको रूपमा मान्छन्)-ले *एकान्त समयको* महत्वलाई बुझेका थिए।

उनले बुद्धिमतापूर्वक एउटा पाठ सिकेका थिए जसलाई हामीले पनि सिक्ने लगातार प्रयास गरिरहनपर्छ। वेस्लीले सखारै उठने ध्येयले राति ओछ्यानमा चाँड़ै पस्ने बानी बसाले र आफैलाई अनुशासित पारे। हालैमा मैले, उनी सखारै उठेर ४:०० बजे प्रभुलाई भेट्ने प्रार्थना आसनमा घुँड़ा टेकेर प्रार्थना गर्ने मौका पाएँ। त्यही प्रार्थना कक्षमा उनको डायरीबाट उद्घृत खण्डमा मेरो आँखा पऱ्यो जसले मेरो हृदयलाई साह्रै छोयोः **'म एक्लै बसेको छु..... परमेश्वर मात्र यहाँ हुनुहुन्छ। उहाँको अघि म खोल्छु, उहाँको पुस्तक पढ्छु। अनि जे म पढ्छु त्यही सिकाउँछु।**

नयाँ जन्म पाएका ख्रीष्टियनहरूलाई प्रोत्साहन दिने अभिप्रायले प्रेरित यूहन्नाले तिनीहरूलाई निश्चयता दिलाउँछन्, कि पवित्र आत्माले परमेश्वरको वचनद्वारा मानिसहरूको हृदयलाई छुनुहुन्छ, अनि तिनीहरूलाई धर्मशास्त्रबाट सिकाउने मानिस कोही छैन भने पनि पवित्र आत्मा नै तिनीहरूको निम्ति पर्याप्त हुनुहुन्छ। तिनीहरूलाई उनी लेख्छन्ः *तिमीहरूले उहाँबाट पाएको अभिषेक तिमीहरूमा रहिरहन्छ, र कसैले तिमीहरूलाई सिकाउने आवश्यकता पर्दैन। तर उहाँको अभिषेकले तिमीहरूलाई सबै कुराका विषयमा सिकाउँछ* अनि *त्यो अभिषेक सत्य छ, त्यो बनावटी होइन।* यस *अभिषेकले तिमीहरूलाई सिकाए बमोजिम ख्रीष्टमा रहिरहो* (१ यूहन्ना २:२७)। जब तपाईं सचेत भएर धर्मशास्त्रको प्रकाशको निम्ति पवित्र आत्मामा भर पर्नुहुन्छ, उहाँले तपाईंलाई यसका सत्यता तपाईंको हृदयमा राख्ने तुल्याउनुहुन्छ।



यदि तपाईं फलदायक, परिपूर्ण अनि नित्य *एकान्त समय को* उपभोग गर्न चाहनुहुन्छ भने, हल्ला-खल्लाबाट टाड़ा **एकान्त ठाउँ** खोज्नुहोस्। एक **विशेष समय-**लाई छुट्याएर बाइबल खोल्नुहोस् र परमेश्वरसँग संगति गर्नुहोस्। यद्यपि परमेश्वरसँग बिताउने एकान्त समयले तपाईंको हृदय आनन्दले भरिने प्रत्याशा तपाईंमा भएता पनि, कति दिनहरू यस्ता पनि हुनेछन् जब तपाईंको आफ्नै परिवार, अथवा व्यवसाय, वा अन्यान्य कुरामा तपाईंको ध्यान बढ़ी आकर्षित हुनेछ जसको कारण परमेश्वरसँग एकान्त समय बिताउन तपाईंलाई गाह्रो पर्न थाल्छ। यस्ता दिनहरूमा तपाईंमा चाहिने कुरो अनुशासन हो, यदि- तपाईं ख्रीष्ट येशूको प्रेम र ज्ञानमा हुर्कन चाहनुहुन्छ भने। याद गर्नुहोस्, तपाईंसित बाइबल छ तर त्यसको प्रयोग भएको छैन भने त्यो नहुनु बराबर हो, त्यसले तपाईंलाई कुनै फाइदा गराउँदैन।

जसरी इस्राएलीहरूले प्रतिज्ञाको देशको यात्रामा हुँदा जीवित

रहनको निम्ति परमेश्वरबाट प्राप्त भोजन मन्ना दिनहुँ संग्रह गर्नपर्थ्यो, उसरी नै, हामीले पनि आफैलाई परमेश्वरको वचन लिनको निम्ति दिनहुँ तयार पार्नपर्छ।

**सर्वप्रथमः** जब तपाईं परमेश्वरसँग *एकान्त समय* बिताउनु बाइबल खोल्नुहुन्छ, त्यस समय तपाईं **घुँड़ा टेक्नुहोस्,** यो असल अभिव्यक्ति हो।

**दोस्रोः** जब पनि तपाईं अनन्तको ज्योति परमेश्वरकहाँ आउनुहुन्छ, सदैव उहाँको पवित्र उपस्थितिमा तपाईं **हृदयलाई उदाङ्गो पार्नुहोस्।** तपाईंले उहाँबाट जब कुनै कुरा लुकाउन सक्नुहुन्न भने किन कोशिश गर्नुहुन्छ?

परमेश्वरलाई भेट्नको निम्ति जब तपाईंले स्वयंलाई तयार पार्नुहुन्छ, बाइबल तपाईंको निम्ति सत्य अनि जिउँदो भएर आउनेछ र तपाईंले परमेश्वरको वचन मस्तिष्कदेखि हृदयमा कसरी सरेर जान्छ पत्ता लाउनुहुनेछ।

## घुँड़ा टेक्नुहोस्

**अहंपनाले भरिएको जीवनमा परमेश्वरको जिउँदो संगती असम्भव छ।**

बाइबलमा यस्ता धेरै धर्मीजनहरूबारे उल्लेख गरिएको छ, जोहरूले परमेश्वरसित उनीहरूका श्रद्धा र समर्पणतालाई घुँड़ा टेकेर अभिव्यक्त गरे। यद्यपि व्यवस्थावादी खीष्टियन र मुस्लीमहरूले सार्वजनिक ठाउँ हुँदो घुँड़ा टेकेर प्रार्थना गर्नेगर्छन्, तापनि यो मुद्राले अवश्य परमेश्वरसँगको जिउँदो संगतिलाई इंगित गर्दैन। तर, जब हामी हाम्रो





अनन्तको परमेश्वर र सृष्टिकर्ताको सामू आउँदा घुँड़ा टेक्छौं भने हाम्रो दिल र दिमागको प्रवृत्तिमा ठूलो सहायता पुग्नेछ।

गेतसमनीको बगैंचामा, जब येशू खीष्टको क्रूसको यात्ना भएर जाने समय आयो, उहाँले देख्नुभयो कि उहाँका चेलाहरू घोर निद्रामा परेका थिए। अलि पर गएर येशूले *घुँड़ा टेकी प्रार्थना गर्नुभयो* (लूका २२:४१)। येशू उहाँको पिताको सामू एक्लै हुनुहुन्थ्यो। त्यहाँ उहाँले प्रार्थना गर्नको निति **घुँड़ा टेक्नुभयो।** यसरी नै जब हामी हाम्रो मित्रहरू परिवारबाट अलग भएर परमेश्वरको सामू एकान्तमा आउँछौ, हामीले पनि उहाँप्रति श्रद्धा भाव प्रकट गरेर उहाँका इच्छाप्रति हाम्रो समर्पणतालाई जाहेर गर्न घुँड़ा टेकेर प्रार्थना गर्नपर्छ।

पावल प्रेरितको सार्वजनिक सेवाकाइको अन्तिम चरणमा उनले स्थापना गरेको एफिससको मण्डलीलाई विदाइका भाषण दिएको हामी पाउँछौ। हामी पढ्छौं कि कसरी *तिनले घुँड़ा टेके र उनीहरू सबैका साथमा प्रार्थना गरे।* (प्रेरित २०:२६)।

अर्कोपल्ट, पावलले समुद्रको किनारमा उनको चेलाहरू लगायत तिनीहरूका जहान र बाल-बच्चाहरूबाट विदा लिएको कुरा हामी धर्मशास्त्रमा उल्लेखित पाउँछौ। त्यहाँ लेखिएको छ कि तिनीहरूले *समुद्र किनारमा घुँड़ा टेकी प्रार्थना* गरे (प्रेरित २१:५)। धेरैले सार्वजनिक स्थानमा स्त्रीहरू र बाल-बच्चाहरूले घुँड़ा टेकी प्रार्थना गर्दा देख्नेहरूले गलत अर्थ लाउँछन् भनी ठान्दछन्। धर्मान्ध (अतिवादी)-को आरोपको भयले ग्रसित वर्तमानको यो संसारमा, हामी पनि धेरैपल्ट हाम्रो निजी प्रार्थना संगतिलाई हल्का र सुविधाजनक बनाउँछौ। यो निश्चित

छ कि पावलका समयका चेलाहरू लगायत उनीहरूका जहान र बाल-बच्चालाई घुँड़ा टेक्नु कुनै समस्या थिएन। हामीले पनि उसरी नै, चाहे सार्वजनिक स्थानमा होस् वा निजी कोठामा परमेश्वरसँग प्रार्थना गर्दा अप्ठेरो मान्नुहुँदैन। तापनि, हामीले यो कुरा बुझ्नपर्छ कि परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा हाम्रो मुद्रा नै मुख्य कुरो होइन। यो हाम्रो मनोवृत्ति हो। जब हामी प्रार्थना गर्छौं हामीमा शुद्ध विवेक हुनपर्छ भनी बाइबलले हामीलाई चेतावनी दिँदछः *परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ। यसकारण आफैलाई परमेश्वरको अधीनमा राख। दियावलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ। परमेश्वरको नजीक आओ,* र उहाँ *तिमीहरूका नजीक आउनुहुनेछ (याकूब ४:६-८)।*

शायद कति जना उनीहरूका शारीरिक दुर्बलताको कारणले गर्दा लामो समयसम्म घुँड़ा टेकी प्रार्थना गर्न असमर्थ होलान्। परमेश्वरले हरेकको हृदयलाई देख्नुहुन्छ। साँच्चै हाम्रो शारीरिक मुद्राभन्दा हृदयको अवस्था उहाँको निम्ति महत्वपूर्ण हो। तर हामी जोहरूले घुँड़ा टेक्न सक्छौं, घुँड़ा टेकेर प्रार्थना गरेमा हाम्रो सृष्टिकर्त्ता परमेश्वरको महानतालाई अझ बढ्ता रूपमा बुझ्न सक्छौं अनि उहाँसँग मित्रको रूपमा रहेर वार्तालाप गर्नु कत्रो ठूलो सुअवसर हो सो पनि जान्न सक्छौं। हामी हरेकको निम्ति बाइबलीय परमेश्वरको वचनको मुख्य आदेश यही छः *प्रभुको सामने आफूलाई विनम्र तुल्याओ,* अनि जब यो आज्ञालाई हामी परिपालन गर्छौं, परमेश्वरले उहाँको महान प्रतिज्ञा दिनुहुन्छः *र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ।* (याकूब ४:१०)।



# हृदय च्यात्नुहोस्

**जिउँदो संगतिको प्रारम्भ परमेश्वरको कृपा आसनबाट हुँदछ**

प्रभु येशू क्रूसमा मर्नभन्दा अघि नै परमेश्वर पिताले, उहाँको असीम कृपा र प्रेममा उहाँको निष्पापी पुत्रको मृत्युलाई मानिस जातिको पापको मूल्य चुकाउनको निम्ति चुन्नुभयो, जसको फलस्वरूप मानिस जातिले उहाँसँग पुनः संगति गर्न सक्षम भयो। हाम्रो मुक्तिदाताको क्रूसको मरणभन्दा धेरै अघि परमेश्वरले घोषणा गर्नुभएको थियो कि **उहाँको कृपा आसनमा** उहाँ आफ्ना सेवकहरूसँग भेट्नुहुन्छः त्यहीं म तँसित भेट गर्नेछु अनि कृपा आसनमाथि, (प्रस्थान २५:२२)।

आज, हाम्रो पापको निम्ति भएको बलिदान एक इतिहास बनेको छ, हाम्रो पक्षमा प्रभु येशू खीष्टको बहुमूल्य रगत बगेको छ, र यसरी येशूको मृत्युद्वारा उहाँसँग संगति गर्न उहाँले नयाँ अनि जिउँदो उपाय प्रदान गर्नुभएको छ। उहाँ अवर्णीय प्रेमले गर्दा हामी रमाहटसाथ घोषणा गर्न सक्छौंः *यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक जाऔं र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं* (हिब्रू ४:१६)।

**कृपाको** मतलब यो हो, कि परमेश्वरले हामीलाई **योग्य** भएको कारणले कुनै कुरा **दिनुभएको होइन; अनुग्रह-**को अर्थ हुन्छ- हाम्रो दयालु परमेश्वरले हामीलाई ती कुरा **दिनुहुन्छ** जसको हामी **योग्य छैनौं**। यस्तो कृपालु र अनुग्रहकारी परमेश्वरसँग संगति गर्नु पाउनु कति महान कुरो हो।

**जिउँदो संगति अशुद्ध विवेकमा सम्भव छैन**

एउटा परिवारमा जन्मिएको बालक सदैव त्यस परिवारको छोरो हुन्छ। तर यदि बालक नटेर्ने भएर बिग्रँदै गयो भने त्यहाँ एउटा यस्तो परिस्थिति अवश्य आउँछ जब उसले माता-पितासँग खुलेर बातचीत गर्न सक्तैन। सम्बन्ध कायम छ, तर सम्पर्क टुटेकोले संगतिमा अड़चन आएको छ! यो साँच्चै दुखदायी स्थिति हो।

हामीले नयाँ जन्म पाएपछि स्वर्गीय पितासँग हाम्रो कहिल्यै नटुट्ने सम्बन्ध अनन्त अनन्तसम्मको निम्ति स्थापित भएको छ भनी जान्नु अवश्य चाखलाग्दो कुरा हो। यदि हाम्रो हृदयमा प्रभु येशू ख्रीष्टलाई साँचो रूपले ग्रहण गरेका छौं भने, हामी परमेश्वरका सन्तान हौं र उहाँसँग हाम्रो सम्बन्ध अनन्त कालसम्म रहनेछ। तापनि, जब हामी पाप गरिपठाउँछौ, तब पितासँग हाम्रो संगति टुट्छ।

हाम्रो आज्ञोल्लघनले हामीभित्रको आनन्द र आशिषको अनुभवलाई हामीदेखि छिनेर लान्छ अनि यसको फलस्वरूप हाम्रो पारदर्शक संगति केही समयको निम्ति अथवा धेरै लामो समयसम्म विच्छेद भएर जाँदछ। यहाँ यो जान्न आवश्यक छ कि यसको जिम्मेवार परमेश्वर हुनुहुन्न। यो फाटोको जड़ सदैव हाम्रो कलुषित विवेक हो; परमेश्वरसित संगतिमा अवरोधको कारण हामी आफै हौं।

## एक अशुद्ध विवेक

जोन् बन्यानले एकपल्ट भनेः ''पापले मलाई बाइबलबाट टाड़ो राख्छ तर बाइबलले मलाई पापबाट टाड़ो राख्छ।'' जब एउटा व्यक्तिले पवित्र आत्मालाई सन्ताप दिएर जानीबुझी पापलाई अँगाल्छ, तब उसको जीवनमा परमेश्वरको **वचनको भोक मेटेर जान्छ।** परमेश्वरको



वचनद्वारा बलियो र असल विश्वास प्राप्त गर्नु हो भने विश्वासीमा असल विवेक अनिवार्य छ। बाइबलले बताउँदैछः *विश्वासबिना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ। किनकि जो नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।* (हिब्रू ११:६)।

तर यदि हाम्रो पापलाई बेवास्ता गरी हामी परमेश्वरको वचन पढ्छौं भने यसले हाम्रो विश्वासलाई चोट पुर्‍याउनेछ, किनभने हाम्रो विवेक पवित्र आत्मासँग सहमत भएको हुँदैन।

## शुद्ध विवेक

हामीले एकपल्ट पाप गरेपश्चात परमेश्वरसँग पुनः संगतिमा आउनु हो भने, यो आवश्यक छ कि हाम्रो दोषी, पापमय विवेक शुद्ध पारिनुपर्छ। यो पापको बोझालाई हटाउनको निम्ति एक पापी ख्रीष्टियनले परमेश्वरको अघि हृदय तोड़ेर पश्चाताप गर्नपर्छ। प्रेरित यूहन्नाले यसरी लेख्छन्ः *यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रो पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ।* (१ यूहन्ना १:९) मेरो बाइबलको त्यो खण्डमा मैले एफ. डब्ल्यू. क्रम्माचरले गरेको प्रार्थनालाई लेखेको छु। जब पनि म मेरो आफ्ना पापहरू र असफलताहरू प्रति सचेत हुन्छु, म ती हरेक पापलाई उल्लेख गरेर परमेश्वरको कृपा आसनमा जानेगर्छु। त्यसपछि क्रम्माचरले गरेको प्रार्थनाको आधारमा परमेश्वरको अघि म मेरो व्यक्तिगत पाप स्वीकार्छु।

**हे मेरो प्रभु, तपाईंको विरुद्ध भर्खरै मैले पाप**

**गरेको छु अनि यसले मलाई सन्ताप पारेको छ। म आफैलाई दोषी मान्दछु अनि दण्डयोग्य छु, तर तपाईंको कृपा महान छ जसमा म भर पर्दछु। मेरो विवेकलाई तपाईंले बहाउनु भएको प्रायश्चितको रगत छर्केर शुद्ध पार्नुहोस्, अनि मेरो यो पापको निम्ति, तपाईंको बलिदानलाई विश्वासद्वारा ग्रहण गर्न मलाई शक्ति दिनुहोस्।**

जब हामीले एकैचोटि असंख्य पाप गर्दैनौं भने, हामीले कसरी सबै पापहरूलाई मिलाएर एकै पल्टमा क्षमा माग्न सक्छौं र? यदि हामी हाम्रो सबै पापहरूको निम्ति क्षमा दिनुहोस् भनेर आम प्रार्थना गर्छौं भने, यसले हाम्रो परमेश्वरको इच्छाप्रतिको समर्पणता र साँचो पाप स्वीकारलाई दर्शाउँदैन, बरू यसले हाम्रो अहंकारपूर्ण हृदयले सहज मार्गको खोजी गरेको कुरालाई देखाउँदछ। यसप्रकारको प्रार्थनाले हाम्रो दोषी विवेकलाई शुद्ध पार्न सक्तैन। जब पवित्र आत्माले हाम्रो मनमा कुनै विशेष पापलाई स्मरण दिलाउनुहुन्छ, हामीले बताएझैं त्यो विशेष अनाज्ञाकारितालाई नाउँ काढ़ेर स्वीकार्नु पर्छ- सेतो झुट (विगार नगर्ने) होइन, तर झुटलाई झुट नै भन्नपर्छ, नराम्रो कुरा सोच्ने मन होइन तर व्यभिचारी मन, सोंच विचार नगरी बोलिने बोली होइन, तर घृणाले भरिएको एउटा हृदय।

किनभने हाम्रो समस्या दोष हो, दोषी भावना होइन। यसर्थ, परमेश्वरको उपस्थितिमा जब हामी आउँछौं भने हामीले हाम्रो निम्ति मनोवैज्ञानिक जस्ता कुराहरूलाई मानवीय बहानाको रूपमा ल्याउनुहुँदैन। जब तपाईंले नम्र भई इमान्दारसाथ आफ्नो पापलाई उहाँको अघि



मानिलिनुहुन्छ, तब परमेश्वरले उहाँको महान कृपामा तपाईंको पापलाई क्षमा गर्नुहुन्छ। परमेश्वरको अनुग्रह साँच्चै अचम्भको छ!

दाऊदले आफूले गरेको घोर अपराधलाई परमेश्वरको अघि स्वीकारेपछि उनले उहाँको अपार कृपालाई आनन्दसाथ मनन गर्छन्, उनी भन्छन् *तपाईंको अपार अनुकम्पामा....* (भजन संग्रह ५१:१)।

बाइबलले भजन ५१ मा यो कुरा प्रष्ट देखाउँछ कि जब दाऊद परमेश्वरकहाँ गए, त्यहाँ यो चूर्ण हृदय भएको व्यक्ति उसको पाप स्वीकारमा मात्र इमान्दार नभएर उसले साँचो पश्चाताप गरेका थिए। यदि तपाईंले पश्चाताप गरेर (यो जानेर कि तपाईं परमेश्वरको इच्छामा नहिँड़ेर आफ्नै मार्गमा हिँड्नुभयो तर अब तपाईं उहाँको पवित्र अनि सत्य मार्गमा हिँड्न चाहनुहुन्छ) विनम्र अनि साँचो हृदयले आफूले जानेका सबै पापहरूलाई परमेश्वरको अघि एक-एक गर्दै ल्याउनुहुन्छ भने, तपाईं पनि परमेश्वरको अपार अनुकम्पामा हर्षित बन्नुहुनेछ। तब नै तपाईंको विवेक शुद्ध हुनेछ र तपाईं पवित्र परमेश्वरसँग पुनः संगति गर्न पाउनुहुनेछ।

जब प्रेमिलो परमेश्वरको कृपाद्वारा तपाईंको विवेक शुद्ध पारिन्छ तब तपाईंको प्रार्थनामा नयाँ साहस पाउनुहुनेछ। *यसकारण भाइ हो, येशूको रगतद्वारा महा पवित्र स्थानमा प्रवेश गर्ने **साहस** हामीलाई हुन्छ। .....हाम्रा हृदय **खराब विवेक**बाट **छर्को**द्वारा चोइट्याएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले **विश्वासको सम्पूर्ण भरोसा**मा हामी परमेश्वरको समीप जाऔं* (हिब्रू १०:१९,२२)। परमेश्वरको अघि साँचो साहस आउनको निम्ति हामीमा शुद्ध विवेक हुनपर्छ। तब एउटा सत्य हृदयले त्यस किसिमको बलियो विश्वासलाई

प्रकट गर्दछ, जुन परमेश्वरसँग जिउँदो संगतिको आनन्द लिनको निम्ति जरूरी हो।

जब तपाईंको हृदय शुद्ध छ भनी तपाईं जान्नुहुन्छ भने विगतका पूराना पापहरूले तपाईंको विवेकलाई सताउन सक्ने छैन। निश्चय, शैतानले तपाईंलाई दोष लगाउने कोशिश गर्नेछ, तर तपाईंको जवाफी कार्यवाही चाहिँ परमेश्वरले तपाईंको दोषी विवेकको निम्ति जुन उपाय रच्नुभो त्यसैलाई अप्नाउनु हो- जुन येशू खीष्टको रगतको शक्ति हो। प्रकाशको पुस्तकमा सन्तहरू, जोहरूलाई, परमेश्वरले अघिबाटै क्षमा गरिसक्नुभएको पापहरूको निम्ति शैतानले दोष लाएका थिए, उनीहरूले खीष्टको रगतको महत्वलाई जानेका थिए। उनीहरूको विषयमा यसरी लेखिएको छः *अनि तिनीहरूले थुमाको रगतद्वारा* त्यस (शैतान- भाइहरूलाई दोष लाउने)-*लाई जितेका छन्* (प्रकाश १२:११)। तिनीहरूले शुद्ध विवेकको आशिषलाई मात्र प्राप्त गरेका थिएनन्, तर अविभाजित विवेकको रहस्यलाई पनि आविष्कार गरेका थिए। हाल्लेलुयाह!

## जिउँदो संगति भ्रान्तिमय-विचारमा सम्भव छैन

धेरैपल्ट परमेश्वरको वचनलाई मानिसहरूले पौष्टिक आहारको रूपमा ग्रहण गर्न नसक्नुकोपछि एउटा कुनै लुकिएको कारण हुन्छ। तपाईंलाई ज्वरो आउँदा भोक हराएको स्मरण तपाईंले कहिले गर्नुभएको छ? भोजन जत्तिकै स्वादिष्ट भएता पनि तपाईंलाई कसरी अमन भएको थियो, यसरी नै आत्मिक रोगले ग्रस्त हुँदा तपाईंलाई परमेश्वरको वचनप्रति अरूचि लाग्छ। यो अरूचिको जड़ चाहिँ तपाईंको भ्रान्तीमय



विचार पनि हो। यसैकारण, पत्रुसले *शुद्ध आत्मिक दूधको तृष्णा गर* (१ पत्रुस २:२) भनी आह्वान गरेता पनि, तिनले सर्वप्रथम ती प्रवृत्ति बारे सचेत गराउँछन् जसले हाम्रो आत्मिक तृष्णालाई मार्दछ। तथापि यो बाधाहरूलाई हटाउन एकमात्र उपाय अर्थपूर्ण *एकान्त समय* हो भनी तिनी देखाउँछन्। पूर्ण आत्मिक तृष्णालाई जगाउन हो भनी बाधाको हरेक कारणलाई **खोजी निकाल्न** अनिवार्य हुन्छ। यदि एक असल आत्मिक भोकलाई पुनः जगाउन हो भनी तपाईंको अस्वस्थ्यकर विचारधारामा क्रान्तीय परिवर्तन आउनैपर्छ- यो एक किसिमले 'पश्चाताप' गर्ने अर्को तरिका हो!

> *यसकारण सबै* ***दुष्टता,*** *सबै छल र कपट र ईर्ष्या, र सबै निन्दाहरूलाई त्याग। ....शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौं* (१ पत्रुस २:१-२)।

धर्मशास्त्रले **जोड़** दिएर भन्छ कि हामीले तबसम्म शुद्ध आत्मिक दूधको तृष्णा गर्न सक्तैनौं जबसम्म माथि उल्लेखित आत्मिक रोगहरू जसले हाम्रो आत्मिक तृष्णा मेट्दछ-को उपचार गर्दैनौं।

ती हरेकलाई हामी हेरौंः

**दुष्टता (शत्रुभाव):** हामीप्रतिको अरूको नराम्रो वर्तावलाई देखेर क्रुद्ध हुनु वा रोष प्रकट गर्नु क्षमा नदिने आत्मा हुनु ।

कोरी टेन बुमले राभेन्सब्रक नाजी कैदखानाको कुख्यात विध्वंशकारी केन्द्रमा घोर यात्ना सहेकी थिइन्। तर यसभन्दा बढ़ी उसको निम्ति दुःखको कुरो चाहिँ परमेश्वरको भयमा हिँड्ने उसकी भक्त बहिनीको निर्दयीतापूर्वक मृत्युको दृश्य हेर्नु थियो। यस्तो अमानवीय नृशंसतापूर्वक

व्यवहार गर्ने ती कैदखानाका अधिकारीहरूको बारे पछिबाट बताउँदा कसरी कोरी टेन बुमले साँचो हृदयले तिनीहरूलाई क्षमा दिइन् भनी साक्षी दिन्छिन् अनि भन्छिन्: ''**क्षमादान एक इच्छामाथि निर्भरशील कार्य हो, अनि यो हृदयको अवस्था जस्तै भएता पनि क्रियाशील हुनसक्छ।**''

यदि कसैको निम्ति तपाईंले अक्षमाको भावना राख्नुहुन्छ भने- तपाईंको क्षमादानको कमीले वास्तवमा त्यो व्यक्तिलाई खासै हानी पुग्दैन, बरू उल्टो तपाईंको आत्मिक जीवनलाई यसले नाश पार्छ। वास्तवमा तपाईं त्यो व्यक्तिको बन्धनमा तबसम्म रहनु हुनेछ, जबसम्म तपाईं उसलाई क्षमा दिनु तत्पर हुनुहुन्न। तबमात्र तपाईंले प्रभुले सिकाउनुभएको यो प्रार्थना गर्नुसक्नुहुन्छः *हाम्रा पाप हामीलाई क्षमा गरिदिनु होस्, किनकि हामी पनि हाम्रा विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्दछौं।* (लूका ११:४)। यदि तपाईंभित्र ''शत्रुभाव'' छ भने, त्यो व्यक्तिलाई क्षमा दिने निर्णय लिनुहोस् र यो निर्णयसाथ परमेश्वरसँग एकान्त समय बिताउनुहोस्। तब नै तपाईंले त्यस व्यक्तिलाई साँचो हृदयले बिना विवाद परमेश्वरको प्रेम प्रकट गर्नसक्नुहुन्छ।

**छलः** आफैलाई ढाक्नु अथवा आफ्नै असफलताको कारण बताएर पाप स्वीकार गर्न राजी नहुनु इमान्दारीको जीवन जिउनुको सट्टा छलपूर्ण जीवन जिउनु।

**कपटः** आफू जो छ सो इमान्दारीसाथ प्रस्तुत नगरेर अरूलाई देखाउन घमण्डसाथ अर्कै कोही हुनु खोज्नु।

**ईर्ष्याः** अरूहरूको आशिषप्रति साँचो हृदयले आनन्द मनाउनुको



सट्टा शंकालू नजरले हेर्नु- अरूको सामग्रीको लालच गर्नु।

**निन्दाः** अरूलाई चोट पुऱ्याउनु वा नोक्सान गर्नुको निम्त जीब्रो प्रयोग गर्नु अथवा अरू कसैको चरित्रमाथि कलंक लाउने कुरामा आफ्नो कान लाउनु- हाम्रो आफ्नै दोषलाई लुकाउनको निम्ति अरूहरूको जीवनमा भएको पापहरूलाई औंल्याउनु। यदि हामी साँच्चै परमेश्वरको वचनबाट तृप्त हुनचाहन्छौं भने यो कुराहरूलाई हामीले हटाउनैपर्छ। तब, जब तपाईंले बाइबल खोल्नुहुन्छ, १ पत्रुस २:२ अनुसार तपाईंले *शुद्ध आत्मिक दूधको तृष्णा* गर्नुहुनेछ अनि तपाईं बढ्दै जानुहुनेछ।

## जिउँदो संगति स्व-केन्द्रित जीवनमा असम्भव

हालैमा एक स्त्री, जो जापानमा धेरै वर्षसम्म मिशनेरीको रूपमा सेवकाई गर्दैछिन्- ले लेखेको एउटा पत्रमा मेरो नजर दौड़ाउँदै थिएँ। तिनी, तीहरूको बिचमा काम गर्छिन् जोहरूकहाँ साधारणतया अरू पुग्न सक्तैनन्- अर्थात, सरकारी अनि उच्च पदाधिकारीहरू र समाजका ''उच्च-वर्ग''-को बिचमा। तिनी लेख्छिन्:

> **''आफूलाई इन्कार गरेर दिनहुँ क्रुस बोक्ने शिक्षा कहाँ गयो। ईसाई जीवन सम्बन्धित पुस्तक-पुस्तिकामा नजर दौड़ाइरहेको समयमा एउटा विषयमा मेरो ध्यान गयो। लगभग बीस वर्ष अघिदेखि मैले जम्मा गरेको अधिकांश पुस्तकहरू ईसाई जीवनको विकास कसरी गर्न सकिन्छ भन्ने बारे ''व्यवहारिक सल्लाह'' मा नै सिमित भएको पाएँ। तर मेरो ईसाई जीवनको प्रारम्भिक कालमा भएका पुस्तकहरूले त आफूलाई इन्कार गर्नु, दिनहुँ क्रुस बोक्नु, पवित्र जीवन**

**जिउनु, ख्रीष्टमा रहनु अनि उहाँलाई मेरो जीवनद्वारा जिएर देखाउनु पो थियो त! के ती शिक्षाहरू बिस्तारै विलुप्त भएर जाँदैछ कि मलाई उस्तो लागेको हो?**

**हङ्गकङ्गका एक चिनियाँ अगुवाको लेखाइको अर्थ शायद यही हुनसक्छ जब उनले लेखेः पश्चिममा अथवा विश्वका स्वतन्त्र भू-भागहरूमा, मण्डलीले येशूको विजय र पुनरूत्थानलाई बढ़ी पहिचान गरेको म देख्दैछु। तिनीहरूले त्यस किसिमको सम्बन्धलाई चाहन्छन्। सफलता, उन्नति, पुनरूत्थित प्रभुको असल कुराहरूको भागीदार बन्न तिनीहरू उत्सुक हुन्छन्। थोरैले मात्र प्रभुको दुःखको सहभागी बन्न रुचाउँछन्। तर, एशियाली मण्डलीमा (विशेषतः ती प्रतिबन्धित राष्ट्रहरूमा) म यसको ठीक विपरित पाउँछु। यी विश्वासीहरूले ख्रीष्टको दुःखका सहभागी हुन बढ़ी रुचाउँछन्। उनीहरूको निम्ति, *उहाँका दुःख-भोगमा सहभागी* हुनु चाहिँ महान इनाम र अवसर हो।''**

प्रेरित पावल स्वयंले यसरी प्रार्थना गर्छन्ः *म उहाँ (प्रभु येशू)-लाई र उहाँको पुनरूत्थानको शक्ति जान्न सकूँ र उहाँको मृत्युमा उहाँ जस्तै भई उहाँका दुःख भोगमा सहभागी हुन सकूँ,* (फिलिप्पी ३ः१०)। आमोसले पावलको यो असल अभिप्रायलाई बुझ्नमा हामीलाई सहायता गर्छ जब उनले प्रश्न गर्छन्ः *के दुइजना आपसमा सहमत नभएसम्म सँगसँगै हिँड्छन् र?* (आमोस ३ः३)। यदि हामी उहाँको पुनरूत्थानको शक्तिमा हिँड्न चाहान्छौं भने, हामी उहाँको दुःखको सहभागी पनि हुनपर्छ। अपूर्ण सहमती वास्तवमा असहमती नै हो।



अर्को ठाउँमा, पावलले प्रेम दिएको सट्टा प्रेम नपाएको पिड़ालाई जाहेर गर्दै ती विश्वासीहरूलाई लेख्छन्, जोहरूलाई उसले नै प्रभुमा डोऱ्याएका भएता पनि उसको प्रेरितको अधिकारलाई अवहेलना गर्न थालेका थिएः *म तिमीहरूका निम्ति ज्यादै खुशीसाथ खर्च गर्नेछु, र स्वयं आफै पनि खर्चनेछु। यदि मैले तिमीहरूलाई बढ़ी प्रेम गरें भने, के मैले चाहिँ कम्ती प्रेम पाउने?* (२ कोरिन्थी १२ः१५)। अर्कोपल्ट उनी साँचो प्रेमलाई यसरी व्याख्या गर्छन्ः *प्रेम सहनशील हुन्छ... आफ्नै कुरामा जिद्दी गर्दैन..... खराबीको हिसाब राख्दैन* (१ कोरिन्थी १३ः४-५)। यस्तो पवित्र प्रेम, जो सहनशीलता र निःस्वार्थले भरिपूर भएको प्रेमले प्रभु ख्रीष्ट येशूको जीवनलाई चित्रण गर्दछ।

जब प्रभु येशू निष्प्रेमको दुनियाँमा आउनुभयो, तब उहाँले मानव रूप धारण गरेर परमेश्वरको प्रेमलाई पूर्णरूपले प्रर्शन गर्नुभयो। उहाँको कार्य, उहाँको वचन, उहाँको हृदयको विचार, पिताको इच्छाप्रति उहाँको प्रतिबद्धता- यी सबैले त्यो प्रेमको चित्रण गर्दछ, जुन प्रेमले कहिल्यै पनि आफ्नो सेवा खोजेन। अर्को शब्दमा प्रभु येशूले उहाँको जन्मदेखि लिएर क्रूसको मृत्युसम्म कहिल्यै पनि उहाँ मानिसको रूपमा रहेर आफ्नो सिद्धताको फायदा लुट्नु भएन, तर ती अधिकारहरूलाई प्रेमको खातिर इन्कार गर्नुभयो।

यसरी नै, पृथ्वीमा तेंत्तीस वर्षसम्म रहँदा, प्रभु येशूले निरन्तर अरूहरूको *निम्ति आफ्नो प्राण दिनुभयो* (१ यूहन्ना ३ः१६)। अनि जब अन्तमा येशूले क्रूसको महाकष्टलाई सामना गर्नुभयो, हामी पाउँछौं, *संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाह पाउनुभयो, अनि संसारमा भएका आफ्ना जातिलाई*

*प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो* (यूहन्ना १३:१)। साँच्चै उहाँको प्रेम **सहनशील** छ।

यदि हामी हाम्रो मुक्तिदातासँग साँच्चै 'संगती' गर्न चाहन्छौं भने, हाम्रो हृदयमा यो प्रश्न गर्न आवश्यक छः

> **के म मेरो जीवनमा परमेश्वरले दिनुभएको फाइदाजनक कुराहरूलाई आफ्नो निम्ति प्रयोग गर्छु, कि म अरूलाई साँचो प्रेम गरेर उनीहरूको खातिर आफ्नो जीवन पनि दिन राजी हुन्छु चाहे त्यो प्रक्रिया कष्टदायक नै किन नहोऊन्।**

'म पहिला' भन्ने वर्तमान- पुस्ता, जसले दुस्साहससाथ आफूलाई प्रेम गर्नु एक असल गुण हो अनि एउटा मानिसको व्यक्तिगत अधिकारहरू अरू मानिसहरूको कल्याणभन्दा महत्वपूर्ण हो भनी घोषणा गर्दछ, यसलाई परमेश्वरको प्रेमले पूर्णरूपले खण्डन गर्छ। यो आफूलाई पुज्नु हो, जुन धर्मशास्त्रले बताए अनुसार आखिरी दिनका चिन्हमध्ये एक हुन्ः *किनभने मानिसहरू आफैलाई मात्र माया गर्ने... परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने* (२तिमोथी ३:२,४) *हुनेछन्।*

पाप, चाहे विचारमा होस् वा कार्यमा, यसले हाम्रो जीवनको स्व-केन्द्रित अवस्थालाई देखाउँदछ। औस्वाल्ड च्याम्बर्सले यो स्वार्थीपनलाई ''मेरो आफ्नो अधिकारलाई जताउनु'' भनी बताउँछन् र भन्छन्, कि ''शुद्ध वा अशुद्ध दुवै नैतिकतामा यो उत्तिकै खतरा छ।'' स्वार्थ र निष्ठूरतासहित गरिएको चोरी र शोषणलाई निन्दा गर्न सजिलो छ, तर हामीले, मानिसको स्व-केन्द्रित भावना पनि जटिल समस्या हो भनी जान्नपर्छ।



हामी चकित हुनपर्दैन, कि हाम्रो घरेलु सामाजिक, अथवा प्रायः जसो माण्डलिक समस्याहरूको मुख्य जड़ वास्तवमा अदेख रूपमा हानि गर्ने मेरो आफ्नै व्यक्तिगत अधिकारको दावी हुन्छन् जस्तै - मेरो समय, मेरो रुपियाँ, मेरो उपाय, मेरो माग र मेरो इच्छा। वास्तवमा कुनै पनि कुरो जसले परमेश्वरको प्रेमलाई प्रदर्शन गर्दैन आफ्नै भलाई खोज्छ, त्यो मानिसमा भएको स्वार्थीपन (आत्म-केन्द्रित)-को अभिव्यक्ति हो।

## मेरो स्वर्गीय दृष्टिकोण

एकमात्र उपाय, जसद्वारा हामीले आत्म-केन्द्रित भावनालाई पहिचान गर्न सक्छौं- त्यो हो, हामीले आफैलाई परमेश्वरको दृष्टिकोणमा हेर्नपर्छ। जे. बी. फिलिपसले उसको *लेटर्स टु योङ्ग चर्चेस* (नयाँ मण्डलीहरूलाई पत्र)-मा पावलले कलस्सी मण्डलीका मानिसहरूको निम्ति गरेको प्रार्थनालाई यसरी लिप्यान्तरण (Transliterates) गर्छन्ः *''हामी परमेश्वरलाई प्रार्थना गर्छौं कि तिमीहरूले सबै कुरालाई सारा आत्मिक वृद्धि र समझद्वारा हाँको दृष्टिकोणमा हेर्न सक''* (कलस्सी १:९)।

जब हामी पावल झैं हाम्रो आत्मिक आँखा खोलिऊन् भनी परमेश्वरलाई विन्ती गर्छौं, तब नै हाम्रो व्यक्तिगत जीवनका अवस्थाहरूलाई 'सही' प्रकारले अवलोकन गर्न सक्छौं- हाम्रो आत्म-केन्द्रित नेत्रबाट होइन, तर परमेश्वरको स्वर्गीय दृष्टिकोणद्वारा। यसरी मात्र हाम्रो जीवनका वास्तविकताहरूलाई उहाँको नजरद्वारा हामी हेर्न सक्छौं।

श्रीमती साइलेन्स, जो हाम्रो एक पुरानो मित्र हुनुहुन्छ- एकरात परिवारमा आएको संकटलाई उनले प्रार्थना र आज्ञापालनद्वारा स्वर्गीय दृष्टिकोण अनुसार सामना गरिन्। बिहान २:०० बजे टेलिफोनको घण्टीले उनी ब्युझिन्। ''तपाईंको गाड़ी आज रात कसले कुदाएको थियो के तपाईंलाई थाह छ?'' यो एक पुलिस अधिकारीको प्रश्न थियो। ''हो म जान्दछु, मेरा दुइ छोराहरू जवान संगती (बाइबल अध्ययन)-बाट घर फर्किरहेका छन्'' आशंकित हुँदै तिनले जवाफ दिइन्। ''ओहो तपाईंको निम्ति मसँग दुःखको खबर छ- चालक निदाइपठाएकोले तपाईंको गाड़ी बाटोको किनारमा एक रूखसँग ठोकिन पुगेर पल्टा खाएको अवस्थामा छ। चालकको घटनास्थलमै मृत्यु भयो, अर्को व्यक्तिको अवस्था पनि खुबै गम्भिर छ।'' यो आकस्मिक दुर्घटनाको खबर सुनेर तिनी अक्क न बक्क परिन्, किनभने यी दुइ छोराहरूलाई तिनी असाध्य माया गर्थिन्।

श्रीमती साइलेन्सले फोन राखिन् अनि स्वर्गीय पिताकहाँ गएर पुकारा गरिन्, ''हे परमेश्वर, यस्तो अवस्थामा एक आमाले के गर्ने?'' भाग्यवश, तिनले कसरी बाइबलको आधारमा प्रार्थना अनि विचार गर्ने रहस्यलाई थाह पाएकी थिइन्। पछिबाट तिनले मलाई बताइन्, कि तिनले धर्मशास्त्रको खण्ड, *''सबै परिस्थितिमा धन्यवाद देओ....''* (१ थिस्स. ५:१८) भन्ने आज्ञालाई मात्र विचार गर्न सकिन्। ''तर प्रभु'', श्रीमती साइलेन्स भन्दै गइन्, ''तपाईं जान्नुहुन्छ मेरो हृदय धन्यवादी छैन। यो चिसो छ, विचलित र खाली भएको छ, तथापि आजको यो निर्मम रातमा पनि म तपाईंको वचनलाई पालन गर्छु। मैले निश्चय गरेको छु म यसो गर्नेछु, कृपया मेरो हृदयमा एक



आश्चर्यकर्म गर्नुहोस्। जसै तपाईंको आज्ञा मुताबिक म धन्यवाद चढ़ाउँछु मलाई साँचो हृदयले यसो गर्ने तुल्याउनुहोस् किनकि यो मेरो निम्ति कठिन छ।'' यसरी श्रीमती साइलेन्सले विश्वासको अभ्यास गरेर प्रार्थना गर्न थालिन्।

यो अनुकम्पाले भरिएकी आमाले जब पहिला ''तपाईं जो हुनुहुन्छ, त्यसको निम्ति तपाईंलाई धन्यवाद पिता'' भन्दै तिनले प्रार्थना गरिन्, तिनको शोकाकूल रूखो र खाली हृदयमा कुनै परिवर्तन आएन। तर जसै तिनले घरि-घरि इमान्दारपूर्वक धन्यवाद दिइरहिन् तब पवित्र आत्माले एक आश्चर्यकर्म गर्नुभयो। उहाँले सान्त्वना र साँचो धन्यवादले उसको हृदयलाई भरिदिनुभयो। त्यस कालो रातको पट्टाइलाग्दो समयहरूमा, शान्ति दाता पवित्र आत्माले श्रीमती साइलेन्सको विश्वास र आज्ञापालनको कदर गर्नुभयो। पवित्र आत्माले उ लगायत उसको परिवारप्रति परमेश्वरको अपरिवर्तनीय प्रेमको निश्चयता उसलाई दिनुभयो। बिहान उसको गहभरि आँशुको धारा अवश्य थियो, तर यसको साथसाथै परमेश्वरको शान्तिले उसको हृदयलाई अचम्मरीतले ढाकिदियो।

बिहान भयो, निःसन्देह उसका आँखा आँशुले पूर्ण थियो, तरैपनि परेश्वरले उसको हृदयलाई उहाँको असीम शान्तिले ढाक्नुभएको अनुभव उसले गरिरहेकी थिइन्। परमेश्वरको अनुग्रहको यो एक चाख लाग्दो गवाही हो कि कसरी उहाँले पुत्र वियोगले शोकाकूल एक आमालाई उहाँको अनन्त प्रेमले अँगाल्नुभयो। पूर्ण निश्चयता र विश्वासको साथमा, श्रीमती साइलेन्सले भ्याउनै नसक्ने परमेश्वरको शान्तिले उनको हृदयलाई त्यस रात भरिदिएको कुरो बताइन्। श्रीमती

साइलेन्सको प्रभुसँगको हिँड़ाइले पुष्टि गर्दछ, कि जब समस्या आउँछ, मानवीय दृष्टिकोण र स्वर्गीय दृष्टिकोणको पार्थक्य छर्लङ्ग हुन्छ।

जब तपाईंले परमेश्वरसँगको घनिष्ठ संगतिको आनन्द लिनुहुन्छ। तब तपाईंले आविष्कार गर्नुहुन्छ कि धन्यवाद र विश्वास सदैव एकार्कामा सम्बन्धित छन्। जब तपाईंको हृदयमा साँचो विश्वास सहितको धन्यवादका भावना उर्लेर आउँछ, तब तपाईंको जीवनको परिवर्तित अवस्थालाई चाहे त्यो बाह्यरूपमा असल वा खराब होस् उहाँको दृष्टिकोणमा हेर्न परमेश्वरले तपाईंलाई सहायता गर्नुहुन्छ। यो स्वर्गीय दृष्टिकोणद्वारा परमेश्वरले तपाईंको घायल हृदयलाई निश्चयता दिनुहुन्छ कि *उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ* (रोमी ८:२८)।

यो पदमा भएको सान्त्वना तपाईंको निम्ति एक निरर्थक फोस्रो कुरो नहोस्। परमेश्वरले यो महान प्रतिज्ञा यस अभिप्रायले दिनुभएको हो ताकि यसले हाम्रो हृदयमा औषधीको काम गरोस्। यसकारण तपाईंलाई जब इच्छा हुन्छ परमेश्वरको प्रशंसा गर्नुहोस्। अनि जब तपाईंलाई अनिच्छा हुन्छ तब पनि उहाँको प्रशंसा गर्न थाल्नुहोस्। नथामिनुहोस्। तबसम्म प्रशंसा गरिराख्नुहोस्, जबसम्म तपाईंभित्र इच्छा जाग्दैन। याद गर्नुहोस् जीवनको यस्तो कुनै अवस्था छैन जहाँ तपाईं र मैले परमेश्वरको प्रशंसा गर्न सक्तैनौं।

केही समयअघि डोरोथी र मैले मिशनेरी सेवकाइमा धेरै समयदेखि लागि परेका मिशनेरीहरूबाट पत्र पायौं, जोहरू मध्य-पूर्वेली देशमा प्रतिबन्धित परिवेशको बिचमा रहेर सेवकाइ गरिरहेका छन्। स्टानले



उसको पत्रमा यसरी लेखेका थिए, ''मैले परमेश्वरको प्रशंसा गर्नैपर्छ अनि यो म उहाँको चरित्रको आधारमा गर्नसक्छु- मेरो आराममा होइन।'' कोरीटेन बुमको क्षमादान बारे भनाइलाई पुष्टि गर्न हामी यसो भन्न सक्छौं, किनभने परमेश्वरको प्रशंसा गर्नु हाम्रो संकल्प (इच्छा)-मा भर पर्ने हुनाले, हाम्रो हृदयको अवस्था जस्तैसुकै भएता पनि उहाँको प्रशंसा गर्न तत्पर हुनसक्छ। अनि जसै हामी उहाँको प्रशंसा गर्नु तत्पर हुन्छौं, तब उहाँको शान्ति र अनन्त प्रेमको प्रकाशले हामीलाई चम्काउनु हुन्छ जस्तै कठिनाइका परिस्थितिमा पनि। याद गर्नुहोस्, हामीलाई **सबै परिस्थितिको निम्ति** धन्यवाद दिनु भनी आज्ञा गरिएको छैन, तर **सबै परिस्थितिमा** उहाँलाई धन्यवाद दिनु भनी बताइएको छ। साँचो धन्यवाद, जुन हाम्रो स्वर्गीय परिदृष्टिबाट उत्पन्न हुन्छ, यो विश्वासको त्यो कुरा हो जसले आत्मदयालाई अपशोच (दुःखको घड़िमा)-बाट अलग गराउँदैछ।

जीवनमा आइपर्ने हुरी-बतासले संसारतर्फ झुकेका मानिसभित्र 'विचरा म' भन्ने भावना हालिदिएता पनि ख्रीष्टमा केन्द्रित एउटा हृदयले यस्तो परिस्थितिमा पनि परमेश्वरको प्रशंसा गर्न सक्दछ।

> ***हामीहरूमध्ये धेरैजना कष्टको प्रथम झट्कामा नै लोटिन पुग्छौं, हाम्रो निम्ति भएको परमेश्वरको अभिप्राय पूरा हुन नपाई शुरूवातमै हामी थचक्क बसिपठाउँछौं, अनि आत्मदया (विचरा म भन्ने भावना)-ले भरिन्छौं। यहाँसम्म कि ख्रीष्टिय सम्वेदनाले पनि धेरैचोटि स्थितिलाई अझ खराब पार्दछ। तर, उहाँको असीम प्रेममा परमेश्वरले कहिले पनि हामीलाई त्यतिकै छोड्नु हुन्न। आफ्नो पुत्रको घायल हात लिएर***

***परमेश्वर आउनुहुन्छ, र भन्नुहुन्छ- ''मेरो संगतिमा प्रवेश गर; उठ र प्रकाशमान होओ।'' यदि एउटा चूर्ण हृदयद्वारा परमेश्वरले संसारमा उहाँको अभिप्राय पूरा गर्नुहुन्छ भने, तपाईंको हृदय घायल पार्नुभएकोमा परमेश्वरलाई तपाईंले धन्यवाद दिनुहोस्।***

(ओस्वाल्ड चेम्बर्सको My Utmost for His Highest, बाट व्याख्या गरिएको)।

साँच्चै, परमेश्वरले प्रदान गर्नुभएको महान स्वतन्त्रतालाई हामी आफैले बुझ्न हो भने हाम्रो जीवनलाई परमेश्वरको दृष्टिकोण (स्वर्गीय परिदृष्टि)-बाट हेर्नें अत्यावश्यक छ।

एउटा स्व-केन्द्रित जीवनलाई परमेश्वरले नता **सुधार्नु** हुन्छ न त **मार्गदर्शन** गर्नुहुन्छ। उसको निमित्त उहाँले **मृत्यु** साँचिराख्नुभएको छ। यदि संसारमा रहुञ्जेल हामी हाम्रो जीवनमा स्वार्थपनको खिँचाइलाई सामना गर्छौं भने, साँचो विश्वास परमेश्वरको अनन्त सत्यतामा रमाउन सक्दछः *किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ।* (कलस्सी ३:३)।

किनभने हामी परमेश्वरमा ख्रीष्टसँग लुकाइएका (ख्रीष्टको मृत्यु, दफन र पुनरूत्थानमा सहभागी भएर रोमी ६:२-४)-हुनाले पृथ्वीमा बाँचुञ्जेल हामी स्व-केन्द्रितपन र यससँग सम्बन्धित कुराहरूलाई इन्कार गर्छौं। यसरी जीवनको नयाँ दृष्टिकोण अनुसार हामी जिउन सक्छौं।

पुरानो स्वभावलाई मारेर एक साँचो ईसाई परमेश्वरको नयाँ सृष्टिको हिस्सा बन्दछ। हाम्रो मुक्तिको मतलब यही हो।



**ख्रीष्टमा म मर्छु, ख्रीष्टमा म जिउँछु,**
**ख्रीष्टमा नै म मेरो शत्रुमाथि विजय हुन्छु।**
**ख्रीष्टमा म स्वर्गमा स्थान पाउँदछु,**
**तब स्वर्ग नरकको हारमा रमाउँदछु।**

जब हामी ख्रीष्टसँगै क्रूसमा टाँगिएको हाम्रो जीवनको वास्तविकतालाई बुझ्छौं, तब हाम्रो दैनिक जीवन आत्मकेन्द्रित हुँदैन, तर यो परिवर्तन भएर ख्रीष्टमा केन्द्रित जीवन बन्दछ। तापनि परमेश्वरसँग यस किसिमको न्यानो संगतिको आनन्द लिइरहन हो भने हाम्रो आत्मा केन्द्रित जीवन अर्थात-हाम्रो ***संसारिक समस्या****माथि* निरन्तर कसरी विजय पाउने सो उपाय जान्नपर्छ।

## मेरो संसारिक समस्या

अब हामीले हाम्रो हृदयमा खोदल्ने प्रश्न गर्नपर्छः

''के मेरो जीवन साँच्चै ख्रीष्टमा केन्द्रित छ कि यो आत्म-केन्द्रित छ?''

यो विदितै छ, कि एउटा आत्म केन्द्रित जीवनले त्यसको गढ़ अहम्पना सुविधा अथवा आनन्दको निम्ति खतरा हुने कुनै पनि व्यक्ति वा परिस्थितिको तत्कालै विरोध गर्दछ। जी. क्याम्पबेल मोर्गनले यसलाई यसरी बताएका छन्ः ''आत्म केन्द्रितपन पापको जड़ हो; यो शत्रुताको'' मूल कारण हो; यो त्यो कुरा हो जसद्वारा नरक निर्माण भएको छ'' (Hosea: the Heart and Holiness of God).

एक साँझ एउटा प्रार्थना सभामा, एक स्त्रीले खुबै इमान्दारसाथ

प्रार्थना गरिरहेको मैले भेट्टाएँ, जुन वास्तवमा चकित पार्ने कुरा नै थियो। उसको जीवन नै परिवर्तन हुने किसिमले नयाँ ढंगमा परमेश्वरलाई उसले भेटिरहेको कुरा प्रष्ट देखिन्थ्यो। उसको प्रार्थना यस्तो थियोः "प्रभु येशू, तपाईंको प्रेमको अँगालोले मलाई घेर्नुहोस्, तपाईंको क्रूससम्मै मलाई लानुहोस् र मृत्यु पर्यन्त तपाईंको माया दिनुहोस्। म अब आफै जिउन चाहँदिन तर खीष्ट तपाईं ममा जिउनुहोस्!" उसको प्रार्थनाले मेरो हृदय छोयो।

यो स्त्रीले जानेकी थिई कि- मृत्यु र पुनरूत्थानको प्रक्रियाद्वारा खीष्टसँगै स्वर्गीय स्थानहरूमा वास गर्नको निम्ति उसले मुक्ति पाइसकेकी छे। तापनि ***उसको शरीरले*** संसारिक कुराहरूको धेरै लालसा गर्छ भन्ने कुराप्रति उनी सचेत थिइन्। यो स्पष्ट देखिन्थ्यो, कि उसको प्रार्थनामा उसले संसारमा रहँदा भोग्न परेका शरीरका आत्म-केन्द्रित क्रिया-कलाप र वचनहरूमा परमेश्वरले हस्तक्षेप गरेर समाधान गरून् भनी उहाँलाई विन्ती गरिरहेकी थिइन्। यस्तो अर्थपूर्ण प्रार्थनाले निश्चय नै उभित्र परमेश्वरसँगको घनिष्ठ संगति गर्ने उत्कट इच्छा भएको कुरालाई जाहेर गर्दछ। जसै पछिबाट मैले यो प्रार्थनालाई विचार्दै थिएँ, मैले थाह पाएँ सन्त पावलले यस किसिमको प्रार्थनाको निम्ति बाइबलीय आधार दिनुभएको छः

*किनकि पाप स्वभावहरू जिउँछौ भने तिमीहरू मर्छौं, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ* (रोमी ८:१३)।

यो पदको महत्वलाई गहिराइमा बुझ्नको निम्ति आगामी बूँदाहरूले तपाईंलाई मदत गर्नेछ। ग्रीक भाषासित परिचित हुनेहरूले



बाइबलको यो खण्डको सत्यतालाई अझै राम्ररी बुझाउन सक्छन्ः

**किनकि पाप-स्वभाव अनुसार जिउँछौ भने, तिमीहरू मर्छौं; तर पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौं** (रोमी ८:१३)।

**पहिलोः** मूल ग्रीकमा **निर्मूल पार्‍यौ** भन्ने वाक्यमा "**तिमीहरूले**" शब्दलाई कर्ताको रूपमा देखाइएको छ र *कर्तृवाच्यमा* लेखिएको छ।

**बाइबलीय सत्यताः** यदि मैले मेरो शरीर (आत्म केन्द्रित जीवन)-का कार्यहरूबाट छुटकारा पाउनु हो भने मैले सक्रिय भएर सकरात्मक रूपले परमेश्वरसँग मिलेर काम गर्नपर्छ।

**दोस्रोः** यो पदले अर्को कुरा पनि बताउँछ, कि हाम्रो स्वार्थी संसारिक **कार्यहरू**माथि विजय प्राप्त गर्नको निम्ति हाम्रो निम्ति परमेश्वरले उहाँको ईश्वरीय बन्दोबस्त ***पवित्र आत्माद्वारा*** गरिदिनुभएको छ।

**बाइबलीय सत्यताः** यद्यपि यो प्रक्रियामा मैले **प्रार्थनासाथ सक्रिय भूमिका** खेलेता पनि मेरो स्वार्थी शारीरिक कार्यहरूलाई म आफैले मार्न (निर्मूल पार्न) सक्तिनँ! संसारमा रहुञ्जेल ***पवित्र आत्माले मात्र मलाई यी आत्म-केन्द्रित कार्यहरूबाट अलग राख्न सक्नुहुन्छ।***

**तेस्रोः** यो पदमा अर्को चाखलाग्दो कुरो के छ भने यो वाक्य *वर्तमान कालमा* लेखिएको छ। यसले इंगित गर्दछ कि तपाईं र मेरो प्रार्थना र कोशिश **निरन्तर** हुनपर्छ।

**बाइबलीय सत्यताः** पहिलोचोटि जब एउटा विश्वासीले उसको

आत्म-केन्द्रित जीवन मरोस् भनी पवित्र आत्मालाई सहायता माग्दछ, यो अवश्यक एक परिवर्तनकारी अनुभव हो। तर यो काम एकपल्ट मात्र गरेर पर्याप्त छैन। जब पनि हामीमा यस्ता कुनै स्वार्थपूर्ण विचार उब्जन्छ, यसको निमित्त हामीले विशेष प्रार्थना गर्नुपर्छ अनि पवित्र आत्माले हाम्रो निम्ति छुटकारको काम गर्नसक्नुहुन्छ। यसरी पवित्र आत्माको सेवाकाइमा निरन्तर भर पर्छौं भने हाम्रो शरीरको लालसापूर्ण कामहरू अवश्य नाश भएर जानेछ। *यस किसिमको विश्वास हामीमा निरन्तर, चलिरहने, सदा दिनको अनुभव भएको परमेश्वर चाहनुहुन्छ।*

यो तथ्यलाई स्पष्ट पार्न हामी एउटा अदालतभित्र भएको कल्पना गरौं। एउटा मानिस हत्याको अभियोगमा जाँचिन्दैछ। प्रमाणहरू जुटाइयो, अपराधको पुष्टि भयो अब केवल न्यायधीशका दण्डाज्ञा मात्र बाँकी रहेको छ। अदालतमा सन्नाटा छाएको छ, न्यायधीश उठेर दण्डाज्ञा सुनाउँछः ''यो मानिस हत्याको अभियोगमा दोषी पाइएको छ र यसैकारण यसलाई मृत्युदण्ड दिइन्दैछ।

यो गम्भीर घोषणा साथै न्यायधीशको कर्तव्य पूरा भयो। तर यदि, उसले टेबलमुनिबाट पिस्तोल निकालेर उ आफैले नै मृत्युदण्ड दिएको भए, उल्टो त्यो अभियुक्तलाई हत्या गरेको आरोपमा न्यायधीश स्वयं दोषी हुनेथियो।

मृत्युदण्डको आज्ञा दिएपछि एउटा न्यायधीशले गर्नपर्ने अन्तिम कर्तव्य अपराधीलाई राज्यको मृत्यु दण्डालयमा सुम्पनु हो।

उसरी नै, हाम्रो जीवनले यसमा भएको स्वार्थपनलाई पहिचान गरेर स्वीकार्न बाहेक अरू केही गर्न सक्तैन। त्यो अदालतको न्यायधीशले



झैं हामीले पनि आत्म केन्द्रित क्रियाकलापहरूको विरुद्ध मृत्युदण्ड घोषणा गर्नपर्छ। तर जसरी त्यो न्यायधीश आफैले हत्यारालाई मार्न सक्तैन उसरी नै हामी हाम्रो जीवनको आत्म-केन्द्रित अवस्थामा हाम्रा स्वार्थपूर्ण कामहरूलाई नाश गर्न असमर्थ छौं। तर, परमेश्वरलाई धन्यवाद होस्, उहाँले माथिबाटको सहायता पवित्र आत्मा पठाउनुभएको छ, जसले हामीमा भएको स्वर्थापनलाई उहाँको शक्तिद्वारा निष्क्रिय पार्न सक्षम हुनुहुन्छ।

हो, 'परमेश्वरको अनुग्रहद्वारा, पवित्र आत्माद्वारा' हामीले 'शरीरको काम'-हरूलाई मार्न सक्छौं। जसै हामी परमेश्वरको यो प्रबन्धनलाई ***सुझबुझ*** सहित ***निरन्तर*** आफ्नो बनाउँछौं तब हाम्रो जीवनमा मुक्तिको आनन्द अनुभव गर्नेछौं, जुन अवश्य ख्रीष्टमा केन्द्रित हुनेछ।

धर्मशास्त्रले स्पष्ट सिकाएको कारण अनि मनलाई छुने प्रकारले त्यस स्त्रीको ओंठबाट त्यस सभाको दिन प्रार्थना भएकोले गर्दा म पनि धेरै पल्ट यस किसिमको प्रार्थना गर्छुः *'प्रभु, तपाईंको आत्माद्वारा, मलाई तपाईंको क्रूसमा लानुहोस् जहाँ म मेरो आत्म-केन्द्रित जीवनलाई मार्न तत्पर बनूँ। म अब आफै जिउन चाहँदिन, तर ख्रीष्ट तपाईं नै ममा जिउनुहोस्।*

* बाइबलमा, मृत्युको अर्थ लोप नभएर अलग हुनु हो। उदारणतः शारीरिक मृत्यु शरीरबाट आत्मा अलग हुनु हो अनि अनन्त मृत्युको अर्थ एउटा आत्मा सधैंको निम्ति परमेश्वरबाट अलग हुनु। यसरी नै, आत्म-केन्द्रित जीवनमा मर्नु भनेको मानवीय स्वभाव अनुसारको स्वार्थपूर्ण कामहरूबाट निरन्तर अलग हुनु हो। अनि, यो परमेश्वरको आत्माको शक्तिद्वारा मात्र सम्भव छ।

हामीले यो सजिलै सोंच्न सक्छौं कि परमेश्वरको वचन (जो हाम्रो आत्मिक भोजन हो)-लाई ग्रहण गरेर आत्मामा पोषिलो हुनुहको उद्देश्य हाम्रो जीवनमा सन्तुष्टता प्राप्ति हो। यो विचार ठीक होइन। पूरानो करारका पूजाहारीहरूले किन बगालका असल असल अनि पोषिलो भेड़ालाई रुचाउँथे? के यो तिनीहरूलाई सबैको सामू सुन्दर रहेछन् भनी प्रदर्शन गराउनलाई थियो? यसको विपरीत, विलियम स्टीलले बताउनुभएझैं, ती भेड़ाहरू वास्तवमा मारिनको निम्ति तयार पारिएका थिए! जन्मदेखि नै तिनीहरू बलिदानको निम्ति अलग गरिएका थिए!

धेरैपल्ट विश्वासीहरूले : गलत निष्कर्ष निकाल्छन्। उनीहरूले सोंच्छन् कि उनीहरूमा गएको संगीतको प्रतिभा वाक्पटुता (सन्देश दिन सक्ने)-द्वारा विश्वासी जनसमुदायको ठूलो भीड़लाई मन्त्रमुग्ध पारे भने ख्रीष्ट उनीहरूसित प्रसन्न हुनुहुनेछ। जब परमेश्वरले उहाँको प्रबन्धद्वारा हामीलाई उहाँको वचनको पौष्टिक आहार खुवाउनुहुन्छ, उहाँको उद्देश्य यो होइन कि हामीले मानिसहरूको अघि (भाषण-मञ्चमा) राम्रो प्रदर्शन गर्न सकौं। तर यसको उद्देश्य यो हो कि हामीले हाम्रो जीवनका हरेक क्षेत्रलाई उहाँको बलि-वेदीमा लान सकौं। हामी उहाँको सम्पूर्णतामा जिउनअघि, पहिला हामीले आफ्नो सबै कुरा- आत्म-दया, आत्म-निर्भरता, आत्म-केन्द्रित आफैलाई खुशी तुल्याउने कुरा, आफैलाई ठीक प्रमाण गर्ने कुराहरू..... इत्यादि इत्यादिलाई मार्नु पर्छ। *

हृदयमा दुःखी भएर पावलले लेख्तछ कि, कलस्सी मण्डलीको निम्ति 'वास्ता' राख्ने तिमोथी बाहेक अरू कोही भेटिएन। किनभने त्यहाँका विश्वासीहरूमध्ये धेरैले प्रेमले 'आफ्नो भलाई खोज्दैन' भन्ने



तथ्यलाई व्यवहारिक जीवनमा अनुभव गरेका थिएनन्, यसैले पावलले यसरी दुःख व्यक्त गरेको हामी पाउँछौः *येशू ख्रीष्टका कुराको वास्ता नगरी, तिनीहरू सबै आफ्नै स्वार्थ खोज्छन्* (फिलिप्पी २:२१)।

वर्तमानमा ती ईसाईहरू कहाँछन् जोहरूले विश्वका धेरै क्षेत्रमा मण्डलीले भोगिरहेको कष्टलाई देखेर *साँच्चै नै* फिक्री गर्छन्? के हामी आफ्नै निम्ति नै यति व्यस्त छौं, कि ती मानिसहरू जसको वास्ता गर्ने कोही छैन उनीहरूलाई सहानुभूति देखाउन पनि हामीमा समय छैन? यहाँ हामीले थाह गरौं कि परमेश्वरको प्रेम मात्र त्यो प्रेम हो जसले आफ्नो भलाई खोज्दैन र सहन्छ। जसरी तीतो चिरौटो हालिएको एउटा ग्लासमा सुन्तलाको रसले भर्नु हो भने पहिला त्यो गिलास राम्ररी सफा गर्नपर्छ, र चिरौटोको तीतोपन हटाउनपर्छ, उसरी नै परमेश्वरको प्रेमले हाम्रो जीवन भर्न अघि हामीले हाम्रो आत्म-केन्द्रित जीवनलाई मार्नुपर्छ। परमेश्वरको स्तुति होस किनभने यी दुवै पवित्र आत्माले हाम्रो जीवनमा उहाँको अनुग्रहको कामद्वारा सम्पन्न गर्नुहुन्छ। हामीले शरीरका कामहरूलाई इन्कार गरेर यी कामहरू मारियोस् अनि यो जीवनमा परमेश्वरको प्रेम प्रशस्त भरियोस् भनी पवित्र आत्मालाई सहायता माग्नु अत्यन्त खाँचो छः *किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।* (रोमी ५:५)।

जसै *एकान्त समयमा* यी सत्यताहरू तपाईंको हृदयभित्र गुञ्जन थाल्छन्, तपाईंलाई पवित्र आत्माले नयाँ सत्यताहरू परमेश्वरको वचनबाट उदाङ्गो पारिदिनु हुनेछ।

हामीमा यो निश्चयता होस् कि हामीलाई निस्सासिदिने यस्ता कुनै कुरा हाम्रो जीवनमा नहोस्, जसले हामीलाई परमेश्वरको संगतिबाट अलग राख्छ।





## आत्मिक जीवनको मूल्यांकन

१. मेरो प्रभुको उपस्थितिमा पश्चाताप नगरेका पापबारे के म सचेत हुन्छु?

२. के यी समस्या ममा छ?
क्षमा दिन नसक्ने आत्मा?
मन नपरेको मानिसलाई के म प्रेम गर्छु?
असल छवी देखाउनको निम्ति
मानिसहरूलाई भ्रममा राख्ने गर्छु?
अरूको सम्पत्ति वा उपहारको
लालच?
गनगनाहट र निन्दा?

३. के मेरो विवेक शुद्ध भएकोले आशावादी भएर म विश्वासको अभ्यास गर्न सक्छु?

४. मेरो जीवन के साँच्चै ख्रीष्टमा केन्द्रित छ कि अझै म आत्म केन्द्रित छु?

*यस समय, तपाईंले विलियम म्याक लार्डी बन्टिङ्ग (पृष्ठ नं. ४४) को प्रार्थना पल्टाएर शान्त भावले मनन गर्दै तपाईंले दोहोऱ्याउन सक्नुहुन्छ।*

**येशू साथ साथ हिंड्दा वचनको ज्योतिमा**
**हाम्रो बाटो गराउँछन् प्रकाश।**
**हाम्रो हुन पालनहार उनको इच्छा अन्सार**
**यदि गर्दैछौ मान र विश्वास।**

**मेघ अँध्यारो आए येशूको मुहारले**
**चाँडै पार्दछ निर्मल आकाश**
**नता शंका न भय नता आँशु न हाय**
**हामी गरूञ्जेल मान र विश्वास।**

**तर तनमन र माल अर्पण नगरूञ्ज्याल**
**हामी येशूमा हौंला निराश**
**कारण आनन्द र जय येशू दिन्छन् त्यसलाई**
**जसले गर्दछन् मान र विश्वास।**

**उनको संगतिमा पाउनेर बसौंला**
**बाटोमा हिंड़ौंला उनको पास**
**उनको आज्ञा मानौं जहाँ पठाउनेछन् जाऔं**
**डर नहोस् खालि मान र विश्वास॥**

*— जोन एच. सामिस*



**अध्याय-४**

# एकान्त समय

जब तपाईंले यसबारे विचार गर्नुहुन्छ, अहंकारका केही रूप तपाईंको सामने आउनसक्छ। हामीले सोचौंला कि आज हाम्रो हृदय खोलेर प्रभु येशू ख्रीष्टकहाँ गइ उहाँको वचन (बाइबल)-को प्रशस्ततालाई नलिएता पनि यो दिनको चुनौतीलाई सामना गर्न सक्छौं।

दाऊदले आत्मिक फलवन्त जीवनको मूल कारण थाह पाएका थिए। उनी भन्छन् कि परमेश्वरको वचन मनन गर्ने मानिस त्यो हो जसले सबै ऋतुमा फल फलाउँछन् र *त्यसले जे पनि गर्छ त्यसमा त्यो सफल हुन्छ* (भजन १:३)।

यो कस्तो किसिमको मानिस हो? यो त्यो व्यक्ति हो, *जो परम प्रभुको व्यवस्थामा नै खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ* (भजन १:२)।

कोही कोही बेला म, विश्वासमा भर्खर आएका नयाँ विश्वासीहरू (जसले प्रभु येशूलाई हृदयमा ग्रहण गरेका छन्)-लाई भन्ने गर्छु कि ‘‘दिनमा एक अध्याय (बाइबलको खण्ड) पढ़नाले शैतानलाई पन्साउन

सकिन्छ!'' तपाईंले छान्नुभएको धर्मशास्त्रको खण्डलाई पढ्नुहोस्, घरि-घरि पढ्नुहोस्। यसो गर्नाले तपाईंले त्यहाँ भएका सबै पदहरूलाई **मनन** गर्नसक्नुहुनेछ। के तपाईंले कुनै दिन मैदानमा गाईले घाँस उग्राएको देख्नु भएको छ? त्यसले घाँसलाई पहिला चबाउँछ निल्छ अनि फेरि उग्राएर मुखमा ल्याएर चबाउँछ। यो प्रक्रिया तबसम्म जारी रहन्छ जबसम्म त्यो घाँसको सम्पूर्ण पौष्टिकता बाहिर निक्लँदैन। परमेश्वरको वचनको साँचो मनन बारे यो एक सुन्दर नमूना हो।

म एकजना व्यक्तिलाई चिन्छु जसले उसको सत्तरवाँ जन्म दिनमा प्रभुमा नयाँ जन्म पाएका थिए। त्यस समयमा बाइबलबारे तिनलाई थोरै मात्र ज्ञान थियो। खीष्टमा नयाँ जन्म पाउनअघि उनी नता मण्डलीमा जान्थे न उनी लेखपढ़ गर्ने किसिमका मानिस थिए। तर उनको नयाँ जन्मको अनुभवपछि उभित्र येशू खीष्टको अनुग्रह प्रेम र ज्ञानमा यस्तो तीव्र इच्छा जाग्यो कि तीरास्सी वर्षको उमेरसम्ममा प्रभुमा सुत्न अघि उनले तेह्रपल्ट बाइबलको शुरूदेखि अन्तसम्म पढिसिद्धाएका थिए। तपाईंको उमेर वा शैक्षिक पृष्ठभूमि जस्तो सुकै भएता पनि तपाईंले बाइबल दिनहुँ पढ्न सक्नुहुन्छ।

खोलिएको बाइबल, शुद्ध हृदय, टेकिएको घुँड़ा/नम्रताको आत्मा र दाऊदको प्रार्थनाः *मेरा आँखा खोलिदिनुहोस्, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ* (भजन संग्रह ११९:१८)-ले प्रभुमा फलदायक एकान्त समय बिताउनमा मार्ग तयार पार्दछ।

कति मानिसले *एकान्त समय* वास्तवमा दुइतर्फी वार्तालाप हो भन्ने कुरालाई बुझेका छैनन्। हामीले पढ्दै गरेको बाइबलको खण्डलाई जब हामी मनन गर्छौं तब परमेश्वर हामीसित बोल्नुहुन्छ। तर



दुखको कुरो, धेरै मानिसहरूले यो कुरा थाह गर्दैन, कि परमेश्वर उहाँको कृपामा, हाम्रो हृदयभित्र बोल्नुभएपछि हामी पनि उहाँसँग प्रार्थनामा वार्तालाप गर्नेछौं भनी उहाँ पर्खनुहुन्छ। जब हामी परमेश्वरको वचनलाई मनन गर्छौं, यो वचन हाम्रो ***विचारको*** हिस्सा बन्दछ। जब हामी प्रार्थनासहित परमेश्वरको वचन बमोजिम ***चल्छौं,*** यो वचन हाम्रो ***जीवनको*** हिस्सा बन्दछ।

यतिबेला तपाईंले प्रश्न गरिरहनुभएको होला, ''म बाइबल पढ्दा परमेश्वर मसित कसरी बोल्नुहुन्छ?'' व्यक्तिगत रूपले, जब म धर्मशास्त्रको कुनै खण्ड पढ्छु, तब मेरो मनमा केही विशेष प्रश्नहरू राखेर त्यहाँ भएका हरेक पदलाई मनन गर्नेगर्छु, जो मेरो निम्ति लाभान्वित भएको छ। प्रभुको संगतिमा बस्दा प्रार्थनासहित ती प्रश्नहरूलाई मेरो मार्ग निर्देशनको निम्ति प्रयोग गर्ने गर्छु। म तपाईंलाई सल्लाह दिन चाहन्छु, कि तपाईंले पनि परमेश्वरको वचन मनन गर्दा यही तरिका अप्नाउनुहोस्। यो प्रश्नहरूप्रति म धेरै वर्षदेखि नै निर्भरशील हुँदै आएकोले, परमेश्वरको नजीक गएर धर्मशास्त्रबाट मनन गर्दा यो प्रश्नहरू मेरो निम्ति दोस्रो स्वभाव भएको थाह पाउँछु।

तपाईंले थाह पाउनुहुनेछ कि यो प्रश्नमध्ये कतिले आज्ञापालनको माग गर्दछ; अरूले विश्वास खोज्दछ, अझ अरू कतिले चाहिँ खतरा र चेतावनीको कुरालाई सूचित गर्दछ; अनि यी प्रश्नहरूमध्ये कतिले तपाईंलाई प्रभुको आराधना र प्रशंसा गर्ने तुल्याउँदछ; अन्तमा कतिले तपाईंलाई तपाईंको शत्रु शैतानको छली युक्तिहरूलाई खुट्याउनमा सहायता गर्नेछ, र त्यस दुष्टमाथि खीष्टको विजयलाई तपाईंले आफ्नो बनाउन सक्नुहुन्छ।

## आज्ञापालनको प्रतिबद्धता

हाम्रो *एकान्त समय-लाई* सुस्ताउन नदिनु हो भने, हामीले सदैव पवित्र आत्माको आवाजलाई सुनेर हाम्रो इच्छालाई परमेश्वरको वचन अनुसार ढाल्न पर्छ।

## जीवन संगतिले एउटा समर्पित इच्छाको माग गर्दछः

तपाईंको *एकान्त समय*-मा जब तपाईं बाइबल पढ्नुहुन्छ तपाईंले निम्न प्रश्न गर्नुभए असल हुन्छः

के यो पदमाः
पालन गर्नुपर्ने कुनै आज्ञा छ?
इन्कार गर्नुपर्ने कुनै पाप छ?
लिनपर्ने कुनै नमूना छ?
इन्कार गर्नपर्ने खराब नमूना छ?

के तपाईंले देख्नुभयो यस्ता प्रश्नहरूले प्रभुसँग तपाईंको दुइतर्फी सम्बन्धमा तपाईंलाई कति नजीक ल्याउन सक्छ? यी प्रश्नहरूले तपाईंलाई तपाईंले अध्ययन गर्नुभएको बाइबलको सत्यतालाई यसै ***मनन*** मात्र गरेर छोड्न कदापी दिँदैन। जब तपाईंले प्रभुको उपस्थितिमा यी प्रश्नहरूको जवाफ दिनुहुन्छ, तब तपाईंले थाह पाउनुहुनेछ, कि परमेश्वरले तपाईंको हृदयमा बोल्नुभएको कुरालाई तपाईंले अवश्य ***पालन*** गर्नुपर्छ।

तपाईंले वचन पढ्नुभएको समयमा पवित्र आत्मा तपाईंसँग हुनुहुन्छ भन्ने कुरालाई सदैव थाह गर्नुहोस्। यदि पवित्र आत्मामा तपाईं भर पर्नुहुन्छ भने उहाँले परमेश्वरको वचनलाई तपाईंको मस्तिष्कदेखि नौ इन्चमनि तपाईंको हृदयमा पुऱ्याउनु हुनेछ।



आज हामी परमेश्वरको आज्ञा उल्लंघन गरेर झन बागी हुँदै गइरहेको संसारको डरलाग्दो अवस्थामा बाँचिरहेका छौं। खीष्टलाई इन्कार गर्ने पुस्तालाई प्रभाव पार्नु हो भने हामी सम्पूर्ण रीतले प्रभुको आज्ञा पालन गर्नेहरू हुनपर्छ। परमेश्वरले देखाउनुभएको सत्यतालाई *पालन* गरेर मात्र हामी खाँचोमा परेको संसारमा उहाँको शक्तिलाई हामीद्वारा संचारित गर्नसक्छौं।

हालैमा, म र मेरो श्रीमतीले ओस्वाल्ड च्याम्बर्सको पुस्तक *'माइ अटमोष्ट फर हिज हाइयेस्ट* एउटा खण्डसँगै पढ़ेका थियौं जसको शब्दान्तर यस्तो छः

> **उहाँले कुनै कुरा देखाउनुहुन्छ भने, त्यो कुराप्रति आज्ञाकारी हुनुहोस् र तुरन्त तपाईंले अर्को कुरो देख्नु हुनेछ...। तपाईं भन्नुहुन्छ, "शायद कुनै दिन म यो कुरालाई बुझ्नेछु।" तर याद गर्नुहोस्; तपाईंले यसलाई त्यही समयमा नै बुझ्न सक्नुहुन्छ! किनभने (वचनको) विशेष प्रकाश अध्ययनबाट मिल्दैनः तर आज्ञापालनबाट मिल्छ। आज्ञापालनका सबैभन्दा सानो बूँदाले पनि स्वर्गको ढोका खोल्दछ अनि परमेश्वरको महान सत्यतालाई तपाईंको निम्ति उघार्दछ। तर परमेश्वरले आफ्नो विषयमा भएको अरू सत्यतालाई तबसम्म उजागर गर्नुहुन्न जबसम्म तपाईंले जान्नुभएको सत्यतालाई तपाईं पालन गर्नुहुन्न।**

भनिन्छ, कि एक रात दुइ महान मिशनेरीहरू, चार्ल्स टी. स्टड र हडसन टेलरले एउटा घरको बुइँगलको कोठामासँगै रात बिताए। झिसमिसे हुँदै टेलर ब्युँझे अनि उनका मित्रले मैनबत्तीको प्रकाशमा

बाइबल पढ़िरहेको भेट्टाए र कति बेलादेखि तिनी त्यहाँ छन् भनी सोधे। टेलरको प्रश्नको जवाफमा स्टड्ले स्वीकारेर भनेः

मध्यरातमा, *''तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ।''* भन्ने प्रभु येशूको वचन मेरो मनमा लिएर म ब्युँझे। ''के मैले सम्पूर्ण रीतले आज्ञापालन गरेर प्रभु येशूप्रतिको मेरो प्रेमलाई प्रमाणित गरेको छु?'' मैले आफैलाई सोधें अनि मैले बाइबल निकालेर सुसमाचारका पुस्तकहरू पढ्दै रात बिताए। त्यहाँ मैले प्रभुले आफ्नो चेलाहरूलाई दिनुभएको आज्ञाहरू खोजें। परमेश्वरको अनुग्रहमा जहाँ जहाँ आज्ञाहरू मैले पालन गरेका थिएँ, त्यहाँ मैले दाग लगाएर छेउमा ''हाल्लेलूयाह'' लेखें। तर जहाँ म अनाज्ञाकारी थिएँ, मैले मेरो पाप स्वीकारें अनि उहाँको अनुग्रहमा, उहाँको आज्ञापालन गरेर उहाँलाई प्रेम गर्छु भनी मैले आफैलाई फेरि उहाँको हातमा सुम्पें।''

प्रिय पाठक, प्रभुको वचनको प्रकाशमा तपाईं साँच्चै हिँड्नुहुन्छ भने तपाईंले पनि गीत लेखकले झैं साक्षी दिनुसक्नुहुन्छ कि प्रभुको आनन्दको निम्ति भरोसा र आज्ञापालन बाहेक अरू कुनै उपाय छैन।

## विश्वासलाई प्रयोग गर्नु

एकान्त समयमा जब तपाईं बाइबल पढ्नुहुन्छ, यो प्रश्न गर्नु राम्रो हुन्छः

के यो पदमाः

दाबी गर्नुपर्ने कुनै प्रतिज्ञा छ?

कुनै चेताउनी छ जसलाई ध्यान दिनुपर्छ?



बाइबलमा प्रशस्त प्रतिज्ञाहरू छन्। हामीले परमेश्वरको वचनप्रति मनन गर्दा उहाँको प्रतिज्ञाहरूलाई पनि दावी गर्नुपर्छ। तर साथसाथै हामीले उहाँको गम्भीर चेतावनीमा पनि ध्यान दिनपर्छ। परमेश्वरको चेतावनीपट्टि आँखा बन्द गरेर उहाँको प्रतिज्ञालाई मात्र दावी गर्नु ''विश्वासद्वारा जिउनु'' कदापी होइन।

तपाईं हरेक दिन बाइबल पढ्नुहुँदा, परमेश्वरको प्रत्येक प्रतिज्ञालाई ख्याल गर्नुहोस् अनि ती प्रतिज्ञालाई तपाईंको आफ्नो जीवनको निम्ति दावी गर्नुहोस्।

जब पनि तपाईंले परमेश्वरको प्रतिज्ञालाई आफ्नो बनाएर दावी गर्नुहुन्छ, प्रभु येशू ख्रीष्टको यथेष्टताबाट तपाईंले त्यो शक्ति पाउनुहुनेछ। जसद्वारा तपाईंले तपाईंको जीवनको परिस्थितिहरूमा हरेक नयाँ कदम चाल्नसक्नुहुनेछ।

परमेश्वरले उहाँका प्रतिज्ञाहरू तपाईंलाई यसैकारण दिनुभएको हो, ताकि उहाँसँगको तपाईंको हिँड़ाइमा ती प्रतिज्ञाहरू तपाईंको निम्ति 'जिउँदो' बनून्।

जसै तपाईंले परमेश्वरको प्रतिज्ञालाई पक्रनुहुन्छ, तपाईंको विश्वास बलियो हुँदै जान्छ, किनभने लेखिएको छः *तब विश्वास चाहिँ सुनाइबाट आउँछ, अनि सुनाइ चाहिँ परमेश्वरको वचनबाट आउँछ* (रोमी १०:१७)।

विश्वासको विपरीत के हो, के तपाईंलाई थाह छ? उत्तर उत्ति सजिलो छैन जत्ति तपाईं सोंच्नुहुन्छ। विश्वासको विपरीत अविश्वास हो भनी ठान्छौं भने यस प्रश्नको तात्पर्यबाट हामी चुक्छौं। उदाहरणको रूपमा एकाअर्कामा सम्बन्धित तीनवटा जीवनदायक कुराबारे तपाईं

कल्पना गर्नुहोस्ः पहिलो **विश्वास**, दोस्रो **निर्भरता** अनि तेस्रो **नम्रता** हो। अब यसरी मृत्यु ल्याउने तीनवटा सम्बन्धित कुराहरू हुन्ः पहिलो **अविश्वास,** दोस्रो **स्वतन्त्रता** अनि तेस्रो **घमण्ड**।

*एउटा विश्वास गर्ने मानिस* त्यो हो, जो येशू खीष्टमा सबै कुराको निम्ति भर पर्दछ। साँचो विश्वासीले बाइबलमा भएको परमेश्वरको महान प्रतिज्ञाहरूलाई थाह गर्दछ, अनि यो प्रतिज्ञाहरूलाई आफ्नो बनाउँदछ।

प्रभु येशूले उहाँको चेलाहरूलाई भन्नुभयोः *किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्तैनौं* (यूहन्ना १५:५)। एउटा मानिसले, उसको जीवनद्वारा प्रभुले आत्माको काम जो अविनाशी छ, गर्नुसक्नुहुन्छ भन्ने कुरामा उहाँमा भर पर्नअघि त्यो मानिसले उसको आफ्नै ल्याकतमा उसले *केही पनि गर्नु सक्तैन भन्ने कुरा बुझ्नपर्छ। यस किसिमको निर्भरशीलता एउटा विनम्र हृदयमा मात्र पाइन्छ।*

***एउटा अविश्वासी मानिसले*** यत्रो विपरीत आफैलाई स्वतन्त्र ठान्छ अनि परमेश्वरको सहायताको आवश्यकता उसले देख्तैन। दुःखको कुरो, लाखौं मानिसहरू यस्ता छन्, जोहरूले उनीहरूको मुक्तिको निम्ति येशू खीष्टमा भर पर्दैनन्। यसरी नै यस्ता धेरै खीष्टियनहरू छन्, जोहरूले खीष्टियन जीवन जिउनको निम्ति उनीहरूभित्र बास गर्नुभएको खीष्टमा भर पर्दैनन्। अधीनतामनी रहन नचाहने (स्वतन्त्र प्रकारले जिउन चाहने) हरेक कुरा एउटा घमण्डी अनि असमर्पित हृदयमा जन्मन्छ।

यसरी हामी भन्न सक्छौं कि विश्वासको विपरीत घमण्ड हो अनि अविश्वासको विपरीत विनम्रता। मानिसहरूको आम धारणाको



विपरीत आत्म-विश्वास र आत्म-निर्भरताले हृदयलाई सदैव विश्वासबाट तर्काउने काम गर्छ।

घमण्डलाई हावा भर्ने हरेक संसारिक प्रभावले एउटा व्यक्तिको जीवनमा पुनरूत्थित खीष्यको अलौकिक शक्तिप्रति भएको भरोसालाई हटाउने काम गर्दछ। उहाँले गर्नुभएको हरेक प्रतिज्ञाको पछि परमेश्वरको असिमित उपायहरू (साधन) छन्, अनि उहाँले हामीलाई जीवनको यात्रा तय गर्नको निम्ति हाम्रो आफ्नै युक्ति र ज्ञानमा छोड्नुभएको छैन।

परमेश्वरमा भरोसा नगरेर मानिसमाथि अथवा आफैमा भरपर्ने एउटा खीष्टियन कदापी परमेश्वरको आशीषको पूर्णतामा प्रवेश गर्न सक्तैन। जसरी खोलाको पानी ओह्लोलो (तल्लो सतहमा) बग्छ, उसरी नै पवित्र आत्मा जसलाई येशूले ***जिउँदो पानीका खोला*** भनी बताउनुभएको छ, उहाँ त्यो मानिसको जीवनमा बग्नुहुन्न, जो *घमण्डले फुलिएको छ* (हबकूक २:४)

तर, पवित्र आत्मा ती हरेक विश्वासीको हृदयबाट प्रशस्तरूपले बग्नुहुन्छ, जसले विनम्रतासित उनीहरूको जीवनमा खीष्टको शक्तिको आवश्यकतालाई देख्छ।

*अब चाड़का पछिल्लो दिन, अर्थात चाड़को प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यस्तो भन्नुभयो, ''यदि कोही तिर्खायो भने त्यो मकहाँ आवोस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीको खोलाहरू बगिनिस्कनेछन्।''* (यूहन्ना ७:३७-३८)।

येशूको पाउमा परेर तपाईं त्यो जिउँदो पानी पिउनसक्नु हुन्छ।

जसै तपाईंले यसो गर्नुहुन्छ, तब तपाईंको जीवनमा योग्यता र तालीमहरू प्रदर्शन हुँदैन, तर तपाईंको अन्तस्करणबाट पवित्र आत्माको भरपूरी प्रशस्त फुटिनिस्कनेछ।

याद गर्नुहोस्, पवित्र आत्माको व्यक्तिको रूपमा पुनरूत्थित हुनु भएको प्रभु येशू हरेक नयाँ जन्म-पाएको परमेश्वरको छोरा/छोरीको शरीरमा बास गर्नुहुन्छ। वास्तवमा, आजको ईश्वरविहिन संसारमा हामी विश्वासीहरू प्रभु येशूको प्रशस्त जीवनलाई देखाउने प्रतिनिधि हौं। उहाँकहाँ आउने हरेक विश्वासीद्वारा पवित्र आत्माले परमेश्वरको मुक्तिको कामलाई अरू मानिसहरूको जीवनमा पुऱ्याउनु हुन्छ।

*किनभने हामी जीवित परमेश्वरका मन्दिर हौं, जसरी परमेश्वरले भन्नुभएको छ, ''म तिनीहरूमा बास गर्नेछु, र तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्''* (२ कोरिन्थी ६:१६)।

साँच्चै, हामी परमेश्वरका मन्दिर हौं जसद्वारा उहाँले उहाँको पवित्रता र महिमालाई प्रकट गर्न चाहनुहुन्छ।

यो चाख लाग्दो सत्यतालाई थाह गरेर सन्त पावलले गम्भीर भएर आह्वान गर्छन्ः *यसकारण हे प्रिय हो, हामीसित यो प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढ़ाउँदै जाऔं* (२ कोरिन्थी ७:१)।

## आराधनाको वास्तविकता

हाम्रो *एकान्त समयमा* प्रभुलाई साँच्चै प्रशंसा दिन चाहन्छौं भने यी प्रश्नहरू हाम्रो मनमा हामीले गर्नपर्छः



के यो पदमा :

पिता परमेश्वरको बारेमा कुनै नयाँ प्रकाश छ?

पुत्र परमेश्वरको बारेमा कुनै नयाँ प्रकाश छ?

पवित्र आत्मा परमेश्वरको बारेमा कुनै नयाँ प्रकाश छ?

वर्तमान समयमा परमेश्वरका जनहरूमा साँचो आराधना गर्ने जुन उत्कट इच्छा जागिरहेको छ यो साँच्चै उत्साहवर्धक कुरो हो। यस प्रकारको आराधनालाई प्रभु येशूले प्रोत्साहन दिनुभयो र भन्नुभयोः *परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ* (यूहन्ना ४:२४)। अर्को शब्दमा, साँचो आराधना पवित्र आत्माको अभिषेकमनि रहेर परमेश्वरको वचन अनुसार हुनपर्छ। यो किसिमको आराधनाले मात्र हाम्रो पिताको हृदयलाई खुशी पार्नेछ।

जब पवित्र आत्माले हाम्रो ध्यान परमेश्वरको महान व्यक्तित्व उहाँको प्रेम, उहाँको शक्ति, उहाँको पवित्रता, उहाँको महिमा, उहाँको अनुग्रह, उहाँको भलोपन अनि उहाँको सुन्दरताका अन्य पक्षहरूप्रति खिँच्नुहुन्छ तब हाम्रो हृदयमा प्रभुको निम्ति आराधना र प्रशंसाका नयाँ गीत उब्जन्दछ। घुँडा टेकाइको मुद्राले प्रभुकहाँ प्रार्थनामा जाँदा हामीलाई सही मनोवृत्तिमा ठूलो सहायता पुग्छ। तर तपाईंले मसँगसँगै पत्ता लाउनुहुनेछ कि जीवनमा यस्ता विशेष समयहरू पनि हुनेछन्, जब उहाँप्रतिको तपाईंको प्रेम र समर्पणलाई व्यक्त गर्न घुँड़ा टेकाइ अपर्याप्त लाग्नेछ।

यूहन्ना पत्मोसको टापूमा महिमित खीष्टको उपस्थितिमा हुँदा हामी एउटा चाख लाग्दो कुरो पाउँछौं, कि उसले घुँड़ा मात्र टेकेका थिएनन्। उ आफैले गवाही दिएर भन्छन्ः *जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें।* (प्रकाश १:१७)।

तर यो कुरो बुझ्न आवश्यक छ कि जब कुनै कुरा विश्वासको निम्ति बहुमूल्य हुँदछ, त्यहाँ प्रायः नै कृतिमता आउने सम्भावना हुँदछ। प्रभु येशू खीष्टले साँचो आराधना गर्ने आदेश मात्र दिनुभएन, तर आराधनाको नाममा गरिने साँचो आराधनाको नकल विरुद्ध गम्भीर चेतावनी पनि दिनुभयो। सामरी स्त्रीलाई 'आत्मा र सत्यतामा' आराधना गर्ने प्रोत्साहन गर्नुहुँदा प्रभु येशूले तिनलाई नियालेर भन्नुभयोः *तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौं* (यूहन्ना ४:२२)।

आराधना मनोभाव भन्दा बढ़ी हो; यो प्रभु येशू खीष्टमा एकाग्रचित्त हुनु हो। यदि आराधनाको उद्देश्य मानिसलाई ***मनोरञ्जन*** दिने मात्र भयो, तर तिनीहरूलाई उहाँमा ***केन्द्रित*** गर्ने भएन भने यो साँचो आराधनाको नकल हो। यदि हाम्रो हृदय परमेश्वरको प्रशंसाले भरिनु हो भने आत्मिक उत्तेजना मात्र भएर हुँदैन।

**साँचो आराधना परमेश्वरको वचनको प्रकाश अनुसार सर्वोच्च जीवित प्रभु येशू खीष्टमा विनम्रतापूर्वक हाम्रो दिल र दिमाग केन्द्रिभूत गर्नु हो जब यो हुन्छ, उहाँप्रतिको तपाईंको समर्पणता र प्रशंसामा अन्तस्करणबाट तपाईंले उहाँलाई दण्डवत गर्नुहुनेछ।**

## वचनको तोप

हो, तपाईंको *एकान्त समयलाई* परमेश्वरले आशीष दिँदै हुनुहुन्छ। अब तपाईंको विवेक शुद्ध भएको छ। येशूले तपाईंको निम्ति क्रूसमा के गर्नुभयो सो स्वीकारेर तपाईंले आफ्नो अधिकार, नाम तपाईंको आकांक्षा र सम्पत्तिलाई परित्याग गर्नुभएको छ। अब तपाईं प्रभुको आराधना र प्रशंसाको एउटा नयाँ आयाममा प्रवेश गर्नुभएको छ।



तब के तपाईं अब परमेश्वरको प्रशस्त आशीषको निम्ति एकान्त समयको चरम विन्दुमा पुग्नुभयो त? अवश्य होइन!

तपाईंले बाइबल पढ्नुहुँदा अरू प्रश्नहरू पनि छन् जसलाई तपाईंले मनमा राख्नुपर्छ। यी प्रश्नहरूले तपाईंलाई तपाईंको शत्रु शैतानले रचेको छलपूर्ण युक्तिबाट होशियार गराउँदछ।

के यो पदमाः

शैतानको बारे कुनै नयाँ प्रकाश छ?
त्यसको धुर्त्याइँपूर्ण युक्तिबारे कुनै नयाँ प्रकाश छ?
त्यसको दुष्ट लक्ष्यबारे नयाँ प्रकाश छ?

एकदिन एउटा सानो ठिटो बाल संगति (सण्डे स्कूल)-बाट घर फर्कियो। त्यस रात उसको आमाले उसलाई पलङ्गमा घुँड़ा टेकिरहेको देख्यो। ''तिमीले के गरेको?'' उसको आमाले बालकलाई सोधिन्। ''म शैतानलाई डर देखाउँदैछु'', उसले झट्ट उत्तर दियो। बाल संगतिमा आज हामीले एउटा नयाँ गीत गायौं- ''परमेश्वरको जनले घुँड़ा टेक्दा (प्रार्थना गर्दा)शैतान काँप्छ।''

तर खेदको कुरो, शैतानलाई कँपाउनु हो भने घुँड़ा टेकेर मात्र पर्याप्त हुँदैन। शैतान तब मात्र कातर बन्छ, जब येशूको नाममा त्यसलाई तपाईंले जीवनमा बस्न मनाही गर्नुहुन्छ, अनि उही शक्तिशाली नाममा पवित्र आत्माद्वारा जब, तपाईंलाई परमेश्वरले दियाबलसको हातमा परेको उहाँका बहुमूल्य मानिसहरूलाई छुटाउनको निम्ति प्रयोग गर्नुहुन्छ।

धेरै विश्वासीले यो सोंच्छन् कि यदि उनीहरूले शैतानलाई

छुएन भने त्यसले पनि केही नोक्सान गर्दैन। तर दुःखको कुरो उनीहरू धोकामा छन्। उदाहरण स्वरूप जब तपाईं प्रार्थनामा परमेश्वरकहाँ आउनुहुन्छ, कोही समयमा के तपाईंले विगतका कुनै असफलतालाई विचारेर दुःखित बन्नुहुन्छ, त्यो असफलता जसको निम्ति तपाईंले क्षमा माग्नुभएको थियो र पाउनु भएको थियो? तपाईंले क्रूसको फेदमा लानुभएको हरेक पापको विषयमा पनि शैतानले तपाईंलाई दोष्याउन खोज्छ। जब तपाईंलाई शैतानले तपाईंको विगतलाई स्मरण गराउँछ, तब शैतानलाई त्यसको भविष्यबारे याद दिलाउनुहोस्। क्षमा दिनुभएको पापलाई परमेश्वरले स्मरण नगर्नुभएता पनि शैतानले त्यसबारे तपाईंलाई स्मरण दिलाउँदछ र परमेश्वरको प्रेम र क्षमादान बारे तपाईंले सन्देह गर्न थाल्नुहुनेछ। ***अनिश्चयता (हिचकिचाहट), डर अन्योलता र नैराश्य*** ती विशेष लक्षण हुन्, जसद्वारा परमेश्वरसँग तपाईंको विश्वासको हिँड़ाइलाई शैतानले बाधा हाल्ने प्रयास गर्दैछ भन्ने कुरा स्पष्ट हुन्छ। शैतानले तपाईंमा भएको शान्ति र आनन्दलाई खोसेर लैजाने भरमग्दुर कोशिश गर्छ। तर यदि तपाईंले परमेश्वरलाई हेर्नुहुन्छ भने, उहाँले तपाईंको जीवनको कुन क्षेत्रमा शैतानले अधिकार जमाएको छ सो देख्ने तुल्याउनु हुन्छ, अनि प्रभुले दिनुभएको आत्मिक हतियारलाई प्रयोग गरेर शैतानको हस्तक्षेप हुने हरेक ढोकालाई तपाईंले बन्द गर्नपर्छ।

संसारिक युद्धमा, त्यहाँ आक्रामक र रक्षात्मक दुवै नीति हुन्छन्। रक्षात्मक नीति मात्र अप्नाएर कुनै युद्ध जितिएको छैन। उसरी नै आत्मिक युद्धमा पनि रक्षात्मक र आक्रामक दुवै नीति हुन आवश्यक



छ। दुवै नीतिमा हतियार परमेश्वरको वचन चाहिन्छ। अर्थपूर्ण *एकान्त समय-को* एउटा मुख्य फाइदा यो पनि हो, कि तपाईंले शैतानलाई (प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा) सामना गर्नुहुँदा तपाईंले पढ्दै गर्नुभएको धर्मशास्त्रको खण्डलाई प्रयोग गर्नसक्नुहुन्छ अनि यसरी तपाईंले *बाइबलको आधारित प्रार्थना* गर्नसक्नुहुन्छ। यो थाह पाउनु कति खुशीको कुरो हो, कि जब तपाईंले परमेश्वरको वचनको आधारमा प्रार्थना गर्नुहुन्छ, तब तपाईं उहाँको इच्छा अनुसार प्रार्थना गर्नुहुन्छ। अनि परमेश्वरको इच्छा यो हो कि तपाईंको आत्मिक जीवनलाई क्षय गर्ने शैतान र त्यसका युक्तिमाथि तपाईंले विजय पाइसक्नुभएको भन्ने ज्ञान तपाईंमा होस्।

## रक्षात्मक आत्मिक हतियार

प्रभु येशूलाई शैतानले कहिले परिक्षा गरेको थियो के तपाईंलाई याद छ? म यस्तो कल्पना गर्छु कि येशूले भर्खरै उहाँको *एकान्त समय-मा* व्यवस्थाको पुस्तक पढ्दैहुनुहुन्थ्यो। निश्चय नै उहाँले शैतानको विरुद्ध प्रयोग गर्नुभएको धर्मशास्त्रको खण्ड त्यहीं थियो। हाम्रो प्रभुले त्यो लिखित परमेश्वरको वचन तीनपल्ट उद्धृत गर्नुभयोः *यस्तो लेखिएको छ.... यस्तो लेखिएको छ... यस्तो लेखिएको छ* (मत्ती ४:४,७,१०)। परमेश्वरको वचनको यो शक्तिशाली हतियारद्वारा शैतान येशूको उपस्थितिबाट भागेर गयो।

यसरी नै तपाईंले पनि शैतानमाथि विजय पाउनु हो भने, तपाईंले पनि बाइबललाई रक्षात्मक युद्धको निम्ति कसरी चलाउनु सो जान्नपर्छ। जब शैतानले तपाईंको मनमा खराब विचार हालिदिन्छ, तब तपाईंले परमेश्वरको वचनमा शरण लिनुपर्छ। नियमित *एकान्त समय-ले* तपाईंको

हृदयमा परमेश्वरको वचन भएको निश्चयता दिँदछ, जो यस्तो घड़ीमा काम लाग्दछ।

एक अज्ञात लेखकले लेखेको कविता तल हेरौं जो एफिसी छ को सत्यतामा आधारित छः

## दियाबलसको युक्ति

आज मैले एक भिषण युद्ध गरें
मेरो प्रार्थना कक्षभित्र
म प्रभुलाई भेट्न अनि बात गर्न गएको थिएँ,
तर शैतानलाई त्यहाँ मैले पाएँ।
त्यसले साउती गरेर भन्यो, 'तैंले प्रार्थना गर्न सक्तैनस्;
तँ धेरै अघि नै पराजित भएको छस्।
घुँड़ा टेकेर तँ बरबराउँछस्, तर तँ जान्दछस्
तँ प्रार्थना गर्न सक्तैनस्।'

तब मैले मेरो शीरको हेल्मेटलाई तल सारें,
कानसम्म लगेर कसें,
यसले त्यहाँ सन्नाटा छायो,
र मेरो डरहरू हटेर गए।
मेरा अरू हतियार पनि मैले छामे,
खुट्टामा मिलापको जुत्ता लाएँ।
मेरो कम्मर सत्यताले कसें।
मेरो तरवार; परमेश्वरको वचन।
धार्मिकताको छात्ती-पाता लाएँ,
मेरो हृदयको प्रेमलाई बचाइराखें।



मेरो विश्वासको ढाल तयार थियो;
त्यसले भएभरको शक्ति लाएर पुनः मलाई आक्रमण गर्‍यो
मैले येशूको नाउँमा परमेश्वरलाई पुकारें,
अनि ख्रीष्टको रगतको दोहाइ मागे,
तब शैतान लज्जित भएर तर्किगयो।
अनि मैले परमेश्वरलाई भेटें र उहाँसँग बात गरें!

## आक्रमक आत्मिक युद्ध

पूर्ण विजयको निम्ति, तर रक्षात्मक नीति मात्र भएर पुग्दैन। तपाईंलाई एउटा घाइते संसारले पर्खिरहेको छ। जहाँ करोड़ौं मानिस बस्छन् जोहरूको निम्ति पनि ख्रीष्ट मर्नुभएको हो। चारैतिर पुरुष, स्त्रीहरू घाइते छन्, अनि धेरैलाई शैतानले अन्धा बनाइ त्यसको बन्धनमा जकड़ेको छ। कातर शैतानले जान्दछ कि त्यसको समय अब धेर छैन, यसकारण त्यसले जतिसक्दो धेरै मानिसहरूलाई नरक कुण्डको भागिदार बनाउन अन्तिम प्रयास गरिरहेको छ।

हामी बाइबलमा उल्लेख पाउँछौं कि परमेश्वरले शैतान र त्यसको दुष्ट आत्माहरूको फौजको निम्ति 'आगो र गन्धकको कुण्ड' साँची राख्नुभएको छ। उहाँले यो अग्नी कुण्ड वास्तवमा मानिस जातिको निम्ति तयार पार्नुभएको होइन। तर, हरेक पवित्र र असल कुराप्रति शैतानले रीस र घृणा गर्छ र जतिसक्दो धेरै आत्माहरूलाई आफूसँगै अनन्तको कष्टमा सहभागी बनाउन चाहन्छ। हराएकोहरूको निम्ति भएको यो युद्धमा, ख्रीष्टले उहाँको निम्ति प्रयोग हुन चाहने हरेक विश्वासीद्वारा निरन्तर *हराएकालाई **खोज्ने** र **बचाउने** काम गरिरहनुभएको छ* (लूका १९:१०)

अधिकांश ज्ञानी मानिसहरूले किन सुसमाचारको सरल सन्देशलाई बुझ्न नसकेको भनी कैले तपाईंले मनमा प्रश्न गर्नुभएको छ? बाइबलमा हामी पाउँछौं कि कसले उनीहरूको विचारमा गड़बड़ ल्याइदिएको छ, अनि किन अन्य जातिहरूलाई विश्वासमा आउन गाह्रो हुन्छः

> *हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भएता पनि यो नष्ट हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ। तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून्, भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ* (२ कोरिन्थी ४:३-४)।

कसले एउटा विश्वासीको मनमा परमेश्वरको प्रेमको सत्यता र ज्योति प्रवेश गर्नबाट रोक्छ? शैतानले! के तपाईंले यो कुरालाई ध्यान दिनुहुन्छ, जब तपाईंले अन्य जातिहरूको मुक्तिको निम्ति प्रार्थना गर्नुहुन्छ? अविश्वासीहरूको निम्ति हामीले प्रार्थना गर्दा, सर्वप्रथम, शैतानको छलमा परेको उनीहरूको विचारलाई येशूको शक्तिशाली नाममा स्वतन्त्र पार्नुपर्छ। यो त्यही सर्वश्रेष्ठ, शक्तिशाली अनि विजयी नाम हो, जसको बारे चार्ल्स वेस्लीले यसरी लेखेका छन्:

येशू! सबैभन्दा उच्च नाऊँ,
नरक, पृथ्वी अनि स्वर्गमा,
स्वर्गदूत र मानिस यो नाऊँको अघि झुक्छन्,
अनि शैतान डराएर भाग्छ।

येशू ख्रीष्टले सदा सर्वदाको निम्ति शैतान र त्यसको दूतहरूमाथि



कलवरी क्रूसमा विजय पाइसक्नु भएको छः *दियाबलसको कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो* (१ यूहन्ना ३:८)। हाल्लेलुयाह! हामी हरूवा लड़ाई लड्न निश्चय नै **चाहँदैनौं**। तर दुइ हजारअघि हाम्रो पक्षमा भएको निर्णायक विजयलाई हामी आफ्नो बनाउँछौं।

चेस खेल्दा, तपाईंले आफ्नो प्रतिद्वन्द्वीलाई एउटा अन्तिम, निर्णायक चाल खेलेर पराजित गर्नुसक्नु हुन्छ। त्यो अन्तिम चालले उसको हारलाई निश्चित गराउँछ। तर तपाईंको प्रतिद्वन्दीले हार स्वीकार गर्न नचाहेर ढिट् भई खेल टुंग्याउन अबेर पनि गर्नसक्छ।

शैतानले पनि यसै गर्छ, युद्ध जित्ने कुनै सम्भावना नभएता पनि, परमेश्वरले त्यसको निम्ति साँची राख्नु भएको आगो र गन्धकको कुण्डमा फालिने समयलाई त्यसले हरसम्भव लम्बाउने चेष्टा गर्छ। परमेश्वरलाई धन्यवाद होस्, कि शैतन बन्दी बनाइनअघि नै ***हारेको शत्रुमात्र*** नभएर, त्यो, ***थाह पाइएको शत्रु*** पनि हो। बाइबलले हामीलाई यसरी बताउँछः *त्यसका युक्तिहरूका विषयमा हामी अजान छैनौं* (२ कोरिन्थी २:११)। शत्रुको नीतिलाई थाह पाउनु लड़ाइको निम्ति फाइदाजनक हुन्छ।

प्रेरित यूहन्नाले दियाबलसमाथि विजय पाएका सन्तहरूबारे उल्लेख गरेका छन्, र कुन साधनद्वारा प्रभुको विजयलाई उनीहरूले आफ्नो बनाए सो पनि बताएका छन्: *तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई (दियाबलस) जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्* (प्रकाश १२:११)। हामी मृत्युसम्मै पनि आफ्नो ज्यानको माया गर्दैनौं, किनभने हामी

जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व *उहाँसँग क्रूसमा टाँगिएको छ* (रोमी ६:६)।

**साँच्चै, नरकको शक्तिमाथि येशूमा विजय पाउनु हो भने उहाँको रगतद्वारा धुइनु, ओंठको स्वीकारोक्ति अनि खीष्टसँगै क्रूसमा टाँगिनु आवश्यक छ।**

मसित आनन्दित हुनुहोस्, प्रभु येशूले हाम्रो निम्ति हरेक कुरा प्रबन्ध गर्नुभएको छ, ताकि हामी परिपक्व, 'विजयी खीष्टियन' बन्न सकौं। तर यो पनि जानौं, कि यदि हामी परमेश्वरको थोक (आत्मिकी कुराहरूप्रति)-मा बढ़ेर जान चाहँदैनौं भने कदापि उहाँले हामीमा आत्मिक परिपक्वता जबर्जस्ती थोप्नु हुन्न। हामी उहाँको निम्ति कति समर्थ छौं, यो हामी पृथ्वीमा हुँदै उहाँसँग कति समय बिताउँछौं त्यसले निर्धारण गर्छ। अनि हामी प्रभुमा कत्तिको परिपक्व छौं, त्यसले स्वर्गमा हाम्रो परमेश्वरसँगको घनिष्ठ संगतिको आनन्दलाई निर्धारित गर्नेछ।





## आत्मिक- जीवनको मूल्यांकन

१. ओछ्यान पस्ने समयमा म के विचार गर्छु?

२. बाइबल पढ्दा के म परमेश्वरको आवाज सुन्ने चेष्टा गर्छु?

३. बाइबल पढ्दा के म परमेश्वरको वचन अनुसार गर्न राजी हुन्छु।

४. के मेरो जीवनमा अझ पनि 'म' भन्ने भावना नै छ कि मेरो जीवनले *'खीष्ट जो ममा जिउनु हुन्छ'* (गलाती २:२०)-लाई देखाउँछ?

५. के म आफ्नै इच्छा अनुसार जिउने मानिस हुँ? यसो भए, घमण्डलाई त्यागेर परमेश्वरमा पूरा भरोसा गर्न के म राजी छु?

६. के मैले परमेश्वरको आदर गर्नु नै मेरो निम्ति सबैभन्दा महान कर्तव्य हो भन्ने कुरालाई थाह पाएको छु?

७. के शैतानले मेरो जीवनको कुनै क्षेत्रमाथि अधिकार जमाएको छ?

८. के मैले शैतानमाथि खीष्टले गर्नुभएको विजयलाई आफ्नो बनाउनपर्ने आवश्यकता छ?

**मेरो विश्वासले एउटा शरण स्थान पाएको छ,**
**विश्वासको सार वा कुनै युक्तिमा होइनः**
**मेरो भरोसा एकमात्र जीवित खीष्टमा छ,**
**उहाँको चोटहरूले मेरो निम्ति बोल्छ।**

**मेरो हृदय वचनमा अड़ेसो लाग्छ,**
**लिखित परमेश्वरको वचनमा,**
**मुक्ति मेरो मुक्तिदाताको नाममा,**
**मुक्ति उहाँको रगतद्वारा।**

**मलाई अरू कुनै तर्कको आवश्यकता छैन,**
**मलाई अरू कुनै बयान चाहिएन**
**येशू मर्नुभो यो नै पर्याप्त छ**
**अनि उहाँ मेरो निम्ति मर्नुभयो।**

*— लिडी एच. एडमण्डस्*





**अध्याय-५**

# विश्वास

तपाईंको मनमा एकजना मानिसको कल्पना गर्नुहोस् जसले उसको मित्रलाई अशान्त नदीको पल्लो किनारबाट वारी ल्याउनपर्छ। उसको पासमा कुनै डुङ्गा छैन, केवल एउटा चङ्गा अनि धागोका केही रिल छ, जो क्रमैले एकभन्दा अर्को झन् बलियो, अन्तिम चाहिँ मोटो डोरी बराबर छ। सबैभन्दा पात्लो धागोलाई लिएर उसले चङ्गा उड़ाउँदछ अनि खेलाउँदै मित्र भएको छेउमा नदीको पल्लोपट्टि खसाउँछ। अब उसले चङ्गाको त्यो धागोमा त्योभन्दा बलियो गर्दै धागाहरू क्रमैसित जोड़तछ र अन्तमा बलियो डोरी समान सबैभन्दा बलियो धागो जोड्दछ। अब यो डोरी समानको बलियो धागोलाई दुवै किनारका रूखमा नचुँड़िने गरी बाँध्दछ। यसरी उसको मित्रलाई वारी ल्याउनमा उ सफल हुन्छ।

नयाँ जन्म पाएको परमेश्वरको बालकको रूपमा, तपाईंले अघिबाटै प्रभु येशू खीष्ट तपाईंको पापको सट्टा मर्नुभएको हो भन्ने

विश्वास गर्नुहुन्छ। तर जब तपाईं बाइबल पढ्न शुरू गर्नुहुन्छ, त्यस समय तपाईंको विश्वास त्यो सबैभन्दा पात्लो धागो झैं कमजोर हुनसक्छ; तर जसरी लेखिएको छ कि *विश्वास सुनाइबाट र सुनाइचाहिँ खीष्टको वचनबाट आउँछ।* (रोमी १०:१७) तपाईंले परमेश्वरको वचनलाई सधैं पढ्नुभएर उहाँको प्रतिज्ञामा विश्वास गर्नुभयो भने *तपाईंको* ***विश्वास बलियो*** *हुँदै जान्छ।* परमेश्वरले उहाँको हरेक छोरा-छोरीहरू विश्वासमा दृढ़ होस् भन्ने इच्छा गर्नुहुन्छ, किनभने स्वर्गमा हुनुहुने पितासँग उसको अर्थपूर्ण सम्बन्धको निम्ति यो अत्यन्त आवश्यक छ।

बाइबलमा, यहूदाले खीष्टमा भएको हाम्रो विश्वास, जसद्वारा हामीले जीवन पायौं, यो वृद्धि हुँदै जानपर्ने आवश्यकतालाई देखाउँदछः *तर प्रिय हो, तिमीहरू चाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़ हुँदै जाओ...* (यहूदा २०)। यो पदले जोड़ दिन्छ, कि खीष्टमा भएको हाम्रो मुक्तिको विश्वासलाई आधार बनाएर हामी आत्मामा बढ्दै जानुपर्छ (अर्थात परिपक्व र विश्वासमा दृढ़), जुन तब मात्र सम्भव हुन्छ जब हामी **प्रार्थना, प्रेम, जीवित आशा, दया** अनि **आत्मा-जित्ने कुरा-**लाई हाम्रो जीवनमा विकास गर्छौं।

बाइबलमा यो विचारलाई यसरी उल्लेख गरेको छः

> *तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़ हुँदै जाओ र पवित्र आत्मामा प्रार्थना गर। आफैलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निमित हाम्रो प्रभु येशूको कृपाको प्रतिक्षा गर। दोधारमा हुनेहरूलाई दया देखाओ, अरूलाई आगोबाट तानी निकालेर बचाओ। कसै-कसैलाई दया देखाउँदा होशियार गर, पाप-स्वभावद्वारा बिटुलिएका वस्त्र समेत घृणा गर* (यहुदा २०-२३)।



जसरी तपाईंले मुक्ति, विश्वासद्वारा सित्थैमा पाउनुभयो, उसरी नै, विश्वासद्वारा तपाईंले जीवित हुनुभएको प्रभुको प्रशस्त जीवनलाई ग्रहण गर्नु भएपश्चात, तपाईंको जीवन तपाईंभित्र बास गर्नुहुने खीष्टको नियन्त्रणमा हुनेछ। हो, *"धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ"* (रोमी १:१७; गलाती ३:११; हिब्रू १०:३८)। तपाईं चाहे स्वर्गमा हुनुहोस् या पृथ्वीमा, तपाईं विश्वासद्वारा नै जिउनुपर्छ। परमेश्वर र उहाँको प्रतिज्ञाहरूमा भर परेर, उहाँको काम तपाईंको जीवनद्वारा होस् भनी उहाँको निम्ति उपलब्ध भएर जिउनुहोस्। जब तपाईं स्वर्गमा पुग्नुहुन्छ त्यहाँ पनि विश्वास नै तपाईंको निम्ति त्यो कड़ी हुनेछ जसद्वारा तपाईंको समझले पनि भ्याउन नसक्ने गरी परमेश्वरको प्रेमको अनन्त अभिप्रायहरूमा उहाँप्रति कृतज्ञ भएर आनन्दित हुनुहुनेछ।

साँचो विश्वासद्वारा तपाईंले प्रभु येशूमा निर्भरशील भएर उहाँको शक्तिमा **तपाईंमा,** अनि **तपाईंद्वारा** ती काम गर्न सक्नुहुन्छ, जुन वास्तवमा तपाईंको निम्ति असम्भव हुनेथियो। परमेश्वरको छोरा-छोरीको हैसियतले हाम्रो विश्वासमा हामी बढ़ेर जानु अत्यन्त खाँचो छ; हामीलाई जीवन दिने अनि हाम्रो दैनिक जीवनको रूपरेखा तयार गर्नुहुने परमेश्वरमा हामी झन् निर्भरशील हुँदै जानपर्छ।

तर धेरैपल्ट, हामी परमेश्वरमा विश्वास गर्नुको सट्टा आफ्नै युक्ति चलाउँछौं। हाम्रो मानवीय स्वतन्त्रता (आफ्नो इच्छा अनुसार

जिउने कुरा)-ले प्रभुको निम्ति उत्साह र बलिदान सहितको सेवासँग विश्वासलाई साट्ने कोशिश गर्छ। तर, साँचो विश्वास कुनै कार्यक्रम (योजना) प्रचारकप्रति वफादार भएर अथवा बाइबलमा भएको विषयहरू बारे ज्ञान हासिल गरेर प्रमाणित गर्न सक्तैनौं। यद्यपि यी प्रतिबद्धताहरूले साँचो विश्वासलाई झल्काएता पनि कतिपल्ट जानी-जानी होस् या अन्जानमा, ती कुरा प्रभावकारी अनि व्यक्तिगत विश्वासको सट्टा हानिकारक, अनि आत्म-केन्द्रित अभिप्रायको निम्ति प्रयोग गरिएको हुन्छ।

साँचो विश्वास पुनरूत्थित प्रभु येशू ख्रीष्टमा भएको प्रत्यासी निर्भरशीलतासँग सम्बन्धित हुन्छ। तर दुःखको कुरो, धेरै ईसाईहरूले सोंच्छन् कि उनीहरूको योग्यता, उनीहरूमा भएको मानिसहरूलाई प्रभाव पार्नसक्ने व्यक्तित्व, अथवा ब्याँकको वचत र धनराशिको आड़मा उनीहरू सफल बन्नसक्छन्। तर बाइबलले हामीलाई स्पष्टसँग बताउँछ कि नयाँ जन्म पाएकाहरूले सफलता प्राप्तिको निम्ति उनीहरूको जीवन पवित्र आत्माको नियन्त्रणमा सुम्पनुपर्छ। हामी परमेश्वरमा भर परेनौं भने, धर्मशास्त्रले बताउँदछ कि उहाँको शक्तिबिना हामीले आफ्नै प्रयासमा गरेका हरेक काम मुर्ख ठहरिन्छ अनि बिलाएर जान्छ। हाम्रो प्रभावकारीता हामीले गरेको काममा हामी कति **उत्साही** छौं, त्यसमा नभएर हाम्रो सबै क्रियाकलापमा साँचो विश्वास प्रदर्शन भएको छ कि छैन त्यसमा निर्भर गर्छ।

परमेश्वरको प्रेम बाहेक तपाईंको जीवनमा अरू कुनै कुरो छ जसले तपाईंलाई सुरक्षाको आभाष दिँदछ चाहे त्यो सम्पत्ति होस्, वा तपाईंले हासिल गर्नुभएको शिक्षा, मित्रहरू, तपाईंको जागीर वा



शारीरिक रूप? यसो हो भने, यसले दर्शाउँदछ कि तपाईं विश्वास अनुसार चल्नु भएको छैन। तपाईंको साँचो सुरक्षा र जीवनको महत्व तपाईंले उद्धारकर्ता परमेश्वरमा मात्र पाउनपर्छ।

यदि तपाईं संसारमा विश्वासद्वारा जिउनु हुन्न भने, तपाईं जीवनभर परमेश्वरको उपस्थितिको आनन्द र परमेश्वरको प्रेमको सेवकाइबाट वञ्चित हुनुहुनेछ। किनभने *विश्वासबाट उत्पन्न नभएको कुनै पनि कुरा पाप हो* (रोमी १४:२३)।

विश्वास जगाउनलाई परमेश्वरको वचन लिनपर्ने महत्त्वलाई जी. किथले यसरी प्रकाश पारेका छन्, उनी लेख्छन्ः

**एउटा कति बलियो जग**
**हे प्रभुका सन्तहरू,**
**तिमीहरूको विश्वासको निम्ति बसालिएको छ**
**उहाँको सर्वोत्तम वचनमा।**

जबसम्म परमेश्वरको वचनले हाम्रो हृदय र जीवनमा स्थान पाउँदैन, तबसम्म हाम्रो आत्मिक जीवनको जग बस्न सक्तैन अनि यो जगको निम्ति मसाला तबसम्म आउँदैन, जबसम्म हामी परमेश्वरको योजना अनुसार उहाँको उपस्थितिमा *एकान्त समय* बिताएर उहाँसँग घनिष्ठ सम्बन्ध स्थापित गर्दैनौं।

**विश्वास त्यो शक्ति हो जसले परमेश्वरसँग जिउँदो संगतिको निर्माण गर्दछ।**

केही वर्षअघि संयुक्त राज्यमा झण्डै सय पाष्टहरूको बीचमा जागृति विषयमा बोल्दैथिएँ। परमेश्वरले ठूलो शक्ति साथ हाम्रो बीचमा काम गर्दैहुनुहुन्थ्यो अनि हाम्रो हृदयमा खोज तलाश गर्दैहुनुहुन्थ्यो।

सार्वजनिक प्रार्थनाको समयलाई नेतृत्व गर्दै एक जना पाष्टर खड़ा भएर आँशुसहित हृदयमा टुटेर प्रार्थना गरे, जुन यस प्रकार थियो।

"हे परमेश्वर, म स्वीकार्छु कि धेरैपल्ट यी प्रियहरूको बीचमा प्रार्थना गर्न खड़ा हुँदा म संकोची बनें अनि तपाईंको पवित्र उपस्थितिभन्दा शुद्ध धर्म विज्ञान प्रति म सचेत भएँ...।"

हाम्रो हृदय यति साह्लो छली छ, कि प्रार्थना गर्दा पनि, यो सम्भव छ, कि स्वर्गीय पितालाई हाम्रो हृदयका खाँचो इमानदारीसँग देखाउनको सट्टा हामीले उच्चारण गरेका प्रार्थनाका शब्दहरूमा हामी आफै लुक्न सक्छौं। हामीले मुख खोलेर प्रार्थना गर्दैमा साँचो प्रार्थना भयो भनेर हामी मानिलिन सक्तैनौं। परमेश्वरले हाम्रो संगतिको आनन्द तब मात्र लिनसक्नुहुन्छ, जब हाम्रो हृदय उहाँको अनन्त ज्योति र पवित्रताको अगि खोलिएर पारदर्शी हुँदछ।

एउटा खाँचोमा परेको पापी मानिसले पवित्र परमेश्वरलाई कसरी प्रसन्न तुल्याउन सक्छ भनेर हामी चकित हुन्छौं होला। तर बाइबलले बताउँछ, कि परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको खास अभिप्राय होः उहाँलाई महिमा पुगोस्। तपाईले यो तथ्यलाई स्वीकार्नुहोस् या इन्कार्नुहोस्, हामी हरेक जन एउटा पवित्र परमेश्वरको महिमाको निम्ति जीवित छौं! *उहाँलाई **पूर्णरूपले प्रसन्न पार्ने** प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दै जान सक* (कलस्सी १:१०) भन्ने उत्कट इच्छा प्रेरित पावलले कलस्सीको मण्डलीको निम्ति गरेका थिए। "**पूर्णरूपले प्रसन्न पार्ने**" भन्ने वाक्यांशलाई विसप ह्याण्डली मौलले यसरी अनुवाद गरेका छन्, "हर किसिमले खुश पार्ने गरी।" पूर्ण रूपले


प्रसन्न पार्नुको अर्थ "तपाईंको आफ्नै इच्छाभन्दा अघि अरूको इच्छालाई प्राथमिकता दिनु हो।"

परमेश्वरलाई खुशी पार्नुको सट्टा हामी आफैलाई खुशी पार्ने चेष्टा गर्छौं भने हामी हरेक समयमा ठोक्कर खानेछौं अनि धेरै दुख पाउनेछौं। तर जब एउटा परमेश्वरको बालकले उसको सृष्टिकर्तासँग उहाँको महिमा र प्रेमको प्रकाशमा संगति गर्दछ भने, त्यो विश्वासी र परमेश्वर, दुवैको हृदय कति आनन्दित हुन्छ होला!

बाइबलले देखाउँदछ कि 'विश्वास' र 'परमेश्वरलाई खुशी पार्ने कुराबीच एउटा विशेष सम्बन्ध छ। व्याकरणको नकरात्मक रूपमा उल्लेखित बाइबलको यो पदले 'विश्वास र परमेश्वरलाई खुशी पार्ने कुरा बीचको परस्पर सम्बन्धलाई अझ बढ़ी महत्त्व दिएको छः *विश्वास बिना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ.....।* त्यसपछि, यही पदले सकरात्मक रूप लिँदछ, जसले हरेक सच्चा विश्वासीलाई ठूलो प्रोत्साहन दिँदछ। यसले बताउँदछ कि परमेश्वरसँगको 'संगति'-ले उहाँबाट 'प्रतिफल' (इनाम) दिलाउँदछः किनकि *जो **परमेश्वरको नजीक आउँछ,*** त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले ***प्रतिफल** दिनुहुन्छ* भन्ने पक्का विश्वास गर्नुपर्छ (हिब्रू ११:६)।

उहाँसँग घनिष्ठ भएर जिउनेहरूलाई मुक्तिदाता प्रभुले उहाँको अनुग्रहमा जुन आत्मिक प्रतिफलहरू दिनुहुन्छ, त्यसको वर्णन गर्न सकिँदैन; यसलाई व्यक्तिगत अनुभव गरेर मात्र जान्न सकिन्छ। अनि यो असीम आनन्द जुन परमेश्वरको संगतिमा उहाँका छोरा/छोरीले पाउँछन्, त्यसको कड़ी हो ***विश्वास।***

**विश्वास त्यो माध्यम हो जसद्वारा पवित्र आत्माले पुनरूत्थित खीष्टको विजयलाई परमेश्वरको बालककहाँ हस्तान्तरण गर्नुहुन्छ।**

हामीले अघिनै हेरे अनुसार, यो सम्भव छ कि हामीले परमेश्वरको प्रतिज्ञाहरूलाई बाइबलबाट पढ़ेर अथवा अरू कसैबाट सुनेर थाह गरेता पनि हामीलाई यसबाट कुनै आत्मिक लाभ नहोलाः *तर सुनेको वचनले तिनीहरूलाई कुनै फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्* (हिब्रू ४:२)।

जब परमेश्वरको वचन विश्वासद्वारा हाम्रो दिमागदेखि हृदयमा पुग्छ, तब नै हामीले परमेश्वरको वचनबाट लाभ पाउँछौं। तब पवित्र आत्माले प्रभु येशू ख्रीष्टको अनुग्रहको शक्ति हाम्रो जीवनमा प्रयोग गर्नुहुन्छ, ताकि प्रभुको सेवा गर्ने हरेक अवसरलाई हामीले बुझ्न सकौं, अनि जीवनमा आइपर्ने हरेक समस्यालाई सामना गर्दै ***उहाँको*** महान शक्तिको पुष्टि गर्न सकौं।

तर एउटा कुरा निश्चित छ; हरेक सच्चा विश्वासीले डरलाग्दो जाँच र परिक्षाको अनुभव भएर गुज्रनुपर्छ। शैतानले 'संसार'-लाई प्रयोग गरेर यसको प्रलोभनमा फँसाएर हामीलाई प्रभुसँगको दैनिक हिँड़ाइबाट टाढ़ा राख्ने प्रयास गर्छ। शैतानको निम्ति सबैभन्दा घृणित कुरा परमेश्वरको एउटा त्यो बालक हो, जसले उसको मुक्तिदाता प्रभुसँग बलियो सम्बन्ध कायम राखेको छ। यसकारण यो दुष्टले नयाँ जन्म पाएका विश्वासीहरूलाई परमेश्वरदेखि विमुख गराउँछ अनि उनीहरूको सृष्टिकर्तासँग, *एकान्त समय-द्वारा* विश्वासको जग नबसोस् भनेर हरसम्भव कोशिश गर्छ।

सरल हृदयको मानिसको निम्ति, भौतिक संसार नै जीवनको एकमात्र यर्थात हो भन्ने देखापर्छ। तर यसको विपरीत चाहिँ वास्तविकता हो; साँच्चै आत्मिक संसारले मात्र मूल सत्यलाई अँगाल्दछ।



*किनकि संसारमा भएका सबै थोक, अर्थात शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्।* (१ यूहन्ना २:१६)। किनभने मानिसहरू सजिलैसित छलिने हुनाले, ख्रीष्टिय जनहरूलाई पनि शैतानले सजिलैसित त्यसको युक्तिमा फसाउँन सक्छ।

बाइबलले बताउँदछ कि हामी शरीरको अभिलाषा (अर्थात, जिम्मेवारी बिनाको **आनन्द**) आँखाको अभिलाषा (अर्थात, जिम्मेवारी बिनाको **सम्पत्ति**); अनि जीवनको जीवनको शेखी (अर्थात, जिम्मेवारी बिनाको **शक्ति**) द्वारा परिक्षित हुन्छौं। हाम्रो निम्ति आएको परमेश्वरको योजनालाई तोड्नको निम्ति शैतानले सबै प्रकारको युक्ति चलाउन जान्दछ; त्यसको कोशिश यो क्हिुन्छ कि कसरी हामीलाई संगतिदेखि अलग पारूँ। किनभने दुष्टले जान्दछ कि परमेश्वरसँग हाम्रो घनिष्ठताले हामीलाई आत्मामा दृढ़ बनाउँदछ, अनि यसले गर्दा हाम्रो स्वर्गीय पिताको हृदय आनन्दले भरिँदछ।

## शरीरको अभिलाषा

यौवन प्रदुषणले भरिएको निर्लज्ज अनैतिक संसारद्वारा, शैतानले शरीरको अभिलाषाको निम्ति मानिसहरूलाई उक्साउँदछ। काम वासना, शारीरिक अनि भौतिक कुराप्रति मन लाउने मानिसहरूको जीवनमा शत्रुले सजिलै प्रवेश गर्दछ। जोहरू शैतानको चंगुलमा परेर त्यसको दुष्ट सल्लाहमा फँस्दछ, तिनीहरूले चाँड़ै थाह पाउँछन् कि पापले ल्याउने आनन्द (शरीरको अभिलाषा)-ले अन्तमा जीवनमा रिक्तता र लाज सिवाय अरू केही दिँदैन।

## आँखाको अभिलाषा

यदि हामी भड़किला विज्ञापनको संसारमा आकर्षित हुन्छौं र अरू मानिसहरूमा भएको थोकप्रति ईर्ष्याले जल्छौं भने, शैतान त्यसको क्रूर युक्ति लिएर हामीतर्फ बढ्दैछ। त्यो धोकेबाजले तपाईंको कान यसरी फुक्छ, ''यदि तिम्रो एउटा नयाँ मोटरबाइक भए, एक विघा जमीन वा एउटा सुन्दर घर भए तिमी कति सुखी हुनेथियौ।'' तर किनभनेः *मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ* (मत्ती ४:४)। हामीले लालसा गरेको नयाँ कुराको प्राप्तिपछि, हामीले चाँड़ै थाह पाउँछौं कि त्यसले कुनै दीगो सन्तुष्टता प्रदान गर्न सक्तैन।

## जीवनको शेखी

अहंभाव, घमण्ड अनि आत्मनिर्भरताले पनि हाम्रो जीवनमा शैतानको निम्ति ढोका खोल्दछ। घमण्डको कुनै पनि रूपलाई परमेश्वरले घृणा गर्नुहुन्छ। आफ्नो भाग्यलाई निर्धारण गर्नको निम्ति आफ्नै शक्तिमाथि भर पर्नु विश्वासको विपरीत हो- किनभने, **विश्वास** चाहिँ प्रभु येशूमा भर पर्नु हो। जीवनको शेखीलाई हटाउनु हो भने परमेश्वरले दिनुभएको एकमात्र उपाय छ (जो अघि नै बताइएको छ): *प्रभुको सामने आफूलाई विनम्र तुल्याओ,....* (याकूब ४:१०)। विनम्र भएर सर्वशक्तिमान परमेश्वरमाथि निर्भरशीलता देखायौं भने हामीले शैतानको ढोकालाई बन्द गर्नसक्छौं, जसले हामीलाई आत्म निर्भरताको निम्ति उक्साउँदछ।

परमेश्वरले स्पष्टसँग भन्नुभएको छः ....*र संसारमाथि विजय हुने विजयचाहिँ **हाम्रो विश्वास** हो* (१ यूहन्ना ५:४)।

तर, संसारमाथि विजय हुने विश्वासमा *पूर्णरूपले* प्रवेश गर्नअघि (जब शैतानले त्यसको हरेक संसारिक युक्तिद्वारा तपाईंमाथि जाइलाग्छ),



तपाईंले अझ अर्को महत्त्वपूर्ण कुरा सिक्नुपर्छ, जुन प्रभु ख्रीष्टले उहाँको चेलाहरूलाई सिकाउनुभयो। साँचो विश्वासलाई बाधा दिने अर्को कुरा बारे पनि उहाँले चेलाहरूलाई सतर्क गराउनुभयो। ***तिमीहरू कसरी विश्वास गर्न सक्छौ,*** *जब कि तिमीहरू आपसमा एउटा अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ* (यूहन्ना ५:४४)? यी शब्दहरूमा प्रभु येशूले गम्भीरतापूर्वक चेलाहरूलाई देखाउनु हुन्छ कि विश्वास कहिले पनि मानिसको प्रशंसा र चापलूसी मन पराउने हृदयमा रहन सक्तैन।

जब तपाईंले दैनिक *एकान्त समय-को* आनन्द लिनुहुन्छ, तब तपाईंको विश्वासमा बढ़ोत्तरी हुन्छ। अनि जब पछि जाँच र जीवनको परिस्थितिहरूको सामना गर्नुहुन्छ, त्यस समय प्रबल र विजय हुने विश्वासलाई कसरी प्रयोग गर्नु सो तपाईंले सिक्नुहुनेछ।

### आत्मिक जीवनको मूल्यांकन

१. मेरो दैनिक क्रियाकलापमा, के म मेरो विश्वासलाई अभ्यास गर्छु?
२. के म हरेक चुनौतिलाई एउटा समस्या देख्छु, कि हरेक चुनौतिमा ख्रीष्टको योग्यतालाई प्रमाणित गर्ने मौका पाउँछु?
३. के म परमेश्वरको उद्देश्य पूरा गर्न चाहन्छु, कि उहाँको उद्देश्यको स्थानमा मेरो आफ्नै इच्छा पूरा गर्न चाहन्छु?
४. दिन-प्रतिदिनको जीवनमा प्रभुमा भर पर्दै, के म निर्भय बन्छु?

**हे प्रभु, मसित बोल्नुहोस्, कि म तपाईंको**
**आवाजको प्रतिध्वनि हुन सकूँ**
**जसरी खोज्नुभयो, उसरी नै म खोज्नसकूँ**
**भटकेर हराएका एक्लो परेका तपाईंका सन्तानलाई**

**हे प्रभु, सिकाउनुहोस् मलाई, कि म सिकाउन सकूँ**
**बहुमूल्य कुराहरू जो तपाईंले सिकाउनुहुन्छ;**
**अनि मेरो आवाजलाई उचाल्न सकूँ, कि यसले**
**धेरैको हृदयको सतहलाई छुनसकोस्।**

**हे प्रभु, तपाईंको परिपूर्णताले मलाई घेर्नुहोस्,**
**जबसम्म मेरो हृदय भरेर पोखिँदैन**
**तपाईंको दिव्य विचार र वचनले,**
**तपाईंको प्रेम बताउन, तपाईंको प्रशंसा देखाउन।**

*— फ्रान्सेस रिडले हावर्गल*



**अध्याय-६**

# बताउने समय

एक रात्रि सभामा प्रवचनपछि, प्रार्थनाको समयमा, एउटा पिता मकहाँ आएर उसको निम्ति प्रार्थना गरिदिने आग्रह गरे। त्यस रात परमेश्वरले  हाम्रो बीचमा अचम्मरीतले काम गर्दै हुनुहुन्थ्यो। यो पिताले मलाई बताए कि सहकर्मी र मित्रहरूको बीचमा उनी साक्षी हुन सकेको छैनन्। सधैं झैं मैले प्रभुलाई सोधें, कि यो मानिसको वास्तविक खाँचो के हो. मैले आफैलाई यसरी उत्तर दिँदै गरेको पाएँ, ''तपाईंको खास समस्या यो हो जस्तो मलाई लाग्दैन।'' के हामी दुवै जना घुँड़ा टेकेर परमेश्वरलाई सोध्न सक्छौं, कि किन साक्षी दिने काम तपाईंको निम्ति गाह्रो भइरहेको छ?'' बिना हिच्किचाहट, त्यो पिताले घुँड़ा टेके अनि प्रार्थना गरे।

जसै मैले यसो गरे, मलाई लाग्यो कि उसको बन्द ओंठले भन्दा ज्यादा परमेश्वर स्वयंले नै उसको वास्तविक समस्यालाई उजागर गर्नुहुँदैछ। हृदयमा तोड़िएर, मेरो मित्रले परमेश्वरलाई बताउन लागे, कि कसरी उसले उसको घरकाहरूलाई सताउँथ्यो अनि छोरा-छोरीमाथि

एक निरकुंश शासक झैं अत्याचार गर्थे। हृदयबाट नै तोड़िएर उसले प्रभुलाई यी कुराको निम्ति पश्चाताप गर्दै क्षमा मागे।

त्यस रात हामीले साक्षी दिने विषयमा उसको समस्याको चर्चा गरेनौं, किनभने येशू स्वयं नै पिताकहाँ नयाँ अनि जिउँदो रूपले प्रकट हुनुभएको थियो। अर्को रात त्यस सभामा आउँदा उसको अनुहारमा एक प्रकारको चमक थियो, खुबै हर्षसाथ उसले मलाई भने, ''मैले आफैलाई चुप गराउन सकेको छुइन, दिनभरि नै येशूको बारे अरूलाई बताइरहें।''

अविश्वासीकहाँ 'मुक्तिको योजना' (सुसमाचार) प्रस्तुत गर्दा हामीले सुनियोजित ढंगमा प्रस्तुत गर्नुपर्छ भनी बाइबलमा कहीं पनि बताइएको छैन। बरू हामीलाई प्रभु येशूसँग सधैं संगति गर्ने प्रोत्साहन दिइएको छ, ताकि हामीले अन्य जातिलाई सुसमाचार प्रचार्दा, उहाँको प्रेम हामीद्वारा तिनीहरूको हृदयमा बगिनिस्कोस् र परमेश्वरको वचनको सत्यलाई तिनीहरूले ग्रहण गरून्।

तर, जब पनि उहाँको संगतिमा हाम्रो हृदय **ठीक हुँदैन** त्यस समय हामी थाह पाइहाल्छौं कि हाम्रो साक्षी प्रभावशाली अनि फलदायक *हुँदैन*। ती दिनहरूमा परमेश्वरको वचन अरूलाई बताउनको निम्ति हाम्रो ओंठ बन्द हुँदछ, अनि खीष्टलाई इन्कार गर्ने मानिसहरूको बीचमा खीष्टलाई हामीले प्रस्तुत गर्न असमर्थ हुन्छौं।

दिनको शुरूवात अर्थपूर्ण *एकान्त समय*-द्वारा शुरू गर्नु पहिलो कदम हो, जसले तपाईंलाई प्रभु येशू खीष्टको बारेमा अरूलाई **बताउने** समयमा आउने मानसिक अवरोधलाई हटाउनमा सहायता गर्दछ। ईश्वरहीन संसारमा, साँचो रूपले अनुभव गरेको एउटा आत्मिक अनि फलदायक जीवन बिताएको मानिस र ''सुसमाचारका



बिक्रेता''-मा आकाश-पातालको अन्तर छ। विश्वासीहरूलाई संसारमा खड़ा भएर केही यस्ता शब्द भन्ने खीष्टले आदेश दिनुभएको होइन, जुन उहाँको निम्ति गवाही ***झैं देखिन्छ।*** यसो गर्नुको सट्टामा नयाँ जन्म पाएको एउटा विश्वासी उ ***खीष्टमा*** भएको कुरामा पूर्णरूपले निश्चित हुँदछ, अनि खीष्टमा भएको उसको यो अवस्थाले नै उहाँको बारे खुशीसाथ बताउनमा उसलाई प्रेरणा दिँदछ।

येशूले उहाँका चेलाहरूलाई भन्नुभयो : *यदि* ***कोही ममा रह्यो*** *भने, र* ***म त्यसमा रहें*** *भने, त्यसले धेरै फल फलाउँदछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौं* (यूहन्ना १५:५)। उहाँमा रहनु अनि उहाँको बारे अरूलाई बताउनु तपाईंको काम हो; अनि फल फलाउने काम उहाँले नै गर्नुहुन्छ।

पेन्टिकोसको दिनपछि, चेलाहरूले उनीहरूका उमंग र आनन्दलाई थामिराख्न सकेनन्, किनभने उनीहरू बौरी उठ्नुभएको प्रभुसँग व्यक्तिगत रूपले हिँड़डुल गरेका थिए, बातचीत गरेका थिए। उनीहरू जहाँ-जहाँ गए त्यहाँका मानिसहरूलाई- यहाँसम्म कि खीष्टको विरोधीहरूलाई पनि *परमेश्वरका महान कार्यहरू* बारे बताए (प्रेरित २:११)। तिनीहरूलाई सुनेहरूमा चासो जाग्यो, फलस्वरूप हजारौं मानिस खीष्टको प्रभुत्वबारे पत्रुसले दिएको सन्देश सुन्नलाई भेला भए। उसले प्रचार गर्दा-गर्दानै, मानिसहरू पाप कायल भए। ती मानिसहरू, जसले खीष्टलाई क्रूसमा टाँग्न लाएका थिए, विलाप गर्दै भनेः *''हे भाई हो, हामीले के गर्ने?''* (प्रेरित २:३७)। त्यो दिन चेलाहरूको जीवनको साक्षी र पत्रुसको प्रचारको परिणाम स्वरूप चेलाहरूले मानिसहरूको ठूलो समुदायलाई प्रभुमा जितेर आत्माहरूको महान कटनी गरे!

पछि, जब विरोधी वातावरणको सामना गर्दा, चेलाहरू परमेश्वरसँग बड़ो जोड़तोड़ले प्रार्थना गरिरहेका थिए। ''धर्मपरायण'' मानिसहरूले चेलाहरू अनि तिनीहरूको सुसमाचारलाई घृणा गर्थे, यसैकारण येशूको प्रचार नगर्नु भन्ने कड़ा आदेश तिनीहरूलाई दिए। अघिल्लो पल्ट, माथिल्लो कोठामा हुँदा, प्रभु येशूले चेलाहरूलाई व्यक्तिगत सुसमाचार प्रचार बारे शिक्षा दिएर कसरी गवाही बन्नुपर्छ भनेर उनीहरूलाई सिकाउनुभएको थिएन; तर अब तिनीहरू पवित्र आत्माले भरिएका हुनाले, तुरन्तै यसरी जवाफ दिएः *किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैनौं* (प्रेरित ४:२०)। तिनीहरू फेरि पनि परमेश्वरको उपस्थितिमा थिए तिनीहरूको हृदय पुनरूत्थित ख्रीष्टको सत्यताले धपक्क बलेका थिए। तिनीहरू चुपचाप बस्न सकेनन्।

साट्ठीको दशकमा, डोरोथी र मैले त्यस समय प्रचलित ''फलामको बार'' (द आइरन कर्टेन)-को पछि रहेर सेवकाई गऱ्यौं। एउटा एकदलीय सरकारको मुनि रहेर पाष्टरीय सेवकाई गर्दा आइपर्ने कठिनाइबारे हाम्रो जिज्ञासा पूर्ण प्रश्नलाई जवाफ दिँदै एक विश्वासयोग्य पाष्टरले भनेः ''अहिले हामी संख्यामा थोरै छौं, तर हामी यो जान्दछौं कि हामी को हौं। हामी जो बाँकी रहेका छौं, पुनरूत्थित ख्रीष्टलाई चिन्दछौं अनि हामी अजेय छौं।'' (यस्तो जाँचको अनुभव पाठकमध्ये कतिले अघिबाट नै गरिसक्नु भएको छ होला। तर, वर्तमान समयलाई हेर्दा यस्तो लाग्छ, कि यदि प्रभु येशू चाँड़ै आउनुभएन भने हामीमध्ये धेरैले ख्रीष्टको खातिर यस्ता जाँचको सामना गर्नपर्छ।)

डोरोथीले उसको *एकान्त समय-को* नोटबुकमा हालैमा यी शब्द



लेखिन्ः यदि उहाँको आत्मा मद्वारा बहनु हो भने उहाँको मृत्युको मूल्य मेरो हृदयको हरेक धड़कनले महसूस गर्नपर्छ।'' प्रथम शताब्दीका चेलाहरूले उनीहरूको साहसपूर्ण साक्षीको निम्ति, साँच्चै धेरै ठूलो मूल्य चुकाउन परेको थियो। तर येशूको बारेमा बताउँदा जब पनि उनीहरूले सताट र कैदको धम्की पाउँथें, उनीहरू भेला भएर प्रार्थना गर्नेगर्थे। हामी पढ़छौंः *तिनीहरू सबैजना पवित्र आत्माले भरिए, र तिनीहरूले **साहससित** परमेश्वरको वचन **बोले*** (प्रेरित ४:३९)।

प्रभावकारी सुसमाचार प्रचार यसरी हुँदछ-

**एकजना आत्माले भरपूर भएको विश्वासीको जीवनबाट, जब, पवित्र आत्माको परिपूर्णता बहिनिस्कन्छ, तब मानिसहरूकहाँ उभित्र भएको ख्रीष्टको सत्यता प्रकट हुँदछ अनि यसरी ख्रीष्टको प्रचार हुँदछ।**

नयाँ करारलाई जब हामी पढ्दछौं, हामीलाई थाह लाग्छ कि प्रारम्भिक मण्डलीमा सुसमाचार प्रचार, मञ्चद्वारा प्रचार गर्ने मानिसहरूद्वारा मात्र भएको थिएन। यदि पहिले, चेलाहरूले व्यक्तिगत रूपले *परमेश्वरका महान कार्यहरूको* चर्चा (प्रेरित २:११) नगरेको हुँदा हो त पेन्टिकोसको दिनमा पत्रुसको भाषण सुन्नको निम्ति ठूलो भीड़ हुने थिएन।

जब प्रभु येशू ख्रीष्टको पवित्रता, जीवन र प्रेम एउटा विश्वासीको हृदयबाट एउटा नैराश्यताको संसारमा प्रवेश गर्छ, तब मानिसहरूको हृदय नरम पारिन्छ अनि परमेश्वरको सत्यतालाई सुन्नको निम्ति तयार हुन्छ। यसैकारण प्रतिदिन हामी उहाँको वचनको आधारमा उहाँसँग भेट गर्न खाँचो छ, ताकि हामी सधैं *पवित्र आत्माले भरिपूर्ण* हुन सकौं (एफिसी ५:१८)।

## सुसमाचारको काममा प्रशस्त भएर जानु

मेरो खीष्टियन जीवनका शुरूका दिनहरूमा म एउटा जवानहरूको संगतीको एक अभिन्न हिस्सा थिएँ। निश्चय हामीमा 'ज्ञान' भन्दा बढ़ी 'जोश' थियो! तापनि (वा यसको कारणले!) प्रभुले हामीलाई हाम्रो अविश्वासी मित्रहरूको बीचमा प्रयोग गर्नुभयो। यी अनुभवहरू मध्ये केही यहाँ बताउन चाहन्छु जुन हामीले त्यस समयमा विश्वासमा प्राप्त गरेका थियौं।

**पेशागत जीवनः** प्रभुमा मैले मन परिवर्तन गरेको समयमा म नगरपालिकाको सिविल इन्जिनियरिङ्ग अफिसमा नौकरी गर्दै पढ्दै थिएँ। टाउन हलमा एक दिन काम गरिरहेको समयमा मलाई क्लर्क अफिसमा बोलाइयो! अफिसका बड़ा हाकिमले मलाई झपारेर भनेः ''तिम्रो बाहिरी क्रियाकलाप बारे म निकै सुन्दैछु।'' यो हामी जवानहरू मिलेर सुसमाचार प्रचार गरेको कुराप्रति संकेत थियो। हरेक रात रक्सी पसल बन्द भएपछि, हामी शहरको एउटा सार्वजनिक ठाउँमा भेला हुन्थ्यौं अनि सुसमाचार कार्यक्रम खुला ठाउँहरूमा गर्ने गर्थ्यौं। त्यहाँ यता-उति भेला भएका अनि हिँड्डुल गरिरहेका मानिसहरूले सजिलै सुन्न राजी हुँदैन थिए। यसकारण, हामीमध्ये एकजनाले माइक पक्रेर दर्शकको रूपमा विपक्षी भएर प्रश्न गर्ने गर्थ्यौं। यसरी त्यहाँ अरूहरू पनि आएर सहमत दिँदै उसलाई साथ दिन्थे, अरूहरू चाहिँ आयोजकको रूपमा बस्ने मानिसलाई सहायता गर्थे। यसरी मानिसहरू निकै भेला भएपछि हामी प्रचार गर्थ्यौं जहाँ एक-दुइ जनाले प्रभुलाई मुक्तिदाताको रूपमा ग्रहण गरेर स्वीकार्थे। त्यस बड़ा बाबुले मलाई चेतावनी दिएर भने कि यस किसिमको ''धर्मान्धता'' उचित होइन यसले टाउन हलको मर्यादालाई क्षति पुऱ्याउँछ! यस किसिमको क्रिया कलाप अब नगर्नु भनी उनले मलाई चेताए। तर, खुला ठाउँहरूमा



गरिएको सुसमाचार सभा फलदायक भएको हुनाले हामी जवानहरूले यसलाई जारी राख्नपर्छ भन्ने महशूस गऱ्यौं।

पछि, बाइबल कलेजमा हुँदा, हाम्रो कलेजका सभापतिले यसो भने, जुन मलाई स्मरण छः ''यदि तिमीले खुला मैदानका भीड़लाई नियन्त्रण गर्न सक्तैनौं भने, मण्डलीभित्र बन्द भएको दर्शकहरूलाई बोर, (पट्टाइलाग्दो) नगरौं।'' जब मैले यो सुने, प्रभुलाई मैले धन्यवाद दिएँ, किनभने हामी जवानहरूले त्यो खुला मैदानमा हुने सुसमाचार प्रचारको कामलाई जारी राख्यौं।

प्रभु येशूलाई ग्रहण गरेपछि, चाँड़ै मैले मेरा सहकर्मीहरूलाई पनि यो नयाँ विश्वासको बारे बताउन थालें। तर त्यहाँ एकजना कार्यकर्त्ता थिए, जसलाई मैले सुसमाचार दिने अवसर पाएको थिइनँ। त्यो हाम्रो अफिसमा झाडु लाउने एक महिला थिइन्। एक साँझ अफिस छुट्टी भएपछि म त्यस महिलालाई बाहिर पर्खिबसें। त्यसले साफ-सफाइ गरी सकेपछि मैले खुशी हुँदै भने, ''तिम्रो काम सक्यो?'' त्यो महिला आश्चर्यचकित भएर मलाई हेरिन्, अनि चिया पिउँदै हामी वार्तालाप गर्न थाल्यौं। मैले येशूको बारेमा यस स्त्रीलाई आखिरमा बताउन सकें। म सधैं सम्झना गर्छु कि कसरी त्यो महिलाले आँखामा आँशु लिएर येशूलाई मुक्तिदाता भनी ग्रहण गरेकी थिइन्।

**सामाजिक जीवन :** मेरो एक्काइसवाँ जन्म दिनलाई पनि म स्मरण गर्छु, जुन त्यस समय इंग्ल्याण्डमा एउटा विशेष दिन मानिन्थ्यो। यस्ता विशेष समयमा ठूलो भोज र नाँच गान लाइन्थ्यो। तर मेरो निम्ति भने, एक्काइस वर्ष पुग्नभन्दा अघि नै त्यो नाँच खुट्टादेखि सरेर हृदयमा आइसकेको थियो। यसरी मेरो एक्काइसवाँ जन्म दिन, मेरो मित्रहरूलाई प्रभुमा जित्ने अवसरको रूपमा देखें। यसको निम्ति, एकजना प्रचारकलाई मैले वक्ता हुन निम्तो दिएँ। निमन्त्रणा-पत्रमा सूचित गरियो कि भोजपछि मेरो एकजना मित्रले एउटा वक्तव्य पेश गर्नेछन्। त्यो कार्डमा यसरी

लेखिएको थियो, 'तपाईंको *उपहार* होइन तपाईंको *उपस्थिति* को कामना राख्दछु।' त्यस रात, मेरो एक मित्रले अचम्भरीतले मन फिराए।

पछि, म लण्डनको एक ब्याप्टिष्ट मण्डलीमा सहायक पाष्टरको रूपमा सेवा गर्दै थिएँ, त्यहाँका जवानहरूले उनीहरूको हरेक कार्यकमः चाहे त्यो समुद्रको सैर होस् वा प्रादेशिक भ्रमण वा त खेलकूदको कार्यक्रमलाई यस्तो प्रकारले मिलाउँथे कि अन्यजाति मित्रहरूलाई सुसमाचार दिन सकियोस्। तिनीहरूले हरेक यस्ता कार्यक्रम ठोस् सुसमाचार प्रस्तुत गरेर अन्त्याउँथे। किन नहोस् त? यी जवानहरूले उनीहरूका जवान संगतिको अस्तित्वको उद्देश्यलाई राम्ररी बुझेका थिए, जुन, पहिला उनीहरू स्वयंलाई नै प्रभुमा बढ़ाउनु अनि दोस्रो चाहिँ, उनीहरूका अविश्वासी मित्रहरूलाई प्रभुमा जित्नु थियो। यसैकारण निःसन्देह, यो संगति प्रभुको अनुग्रहमा बढ़ेर गयो।

आत्मिक जीवन : उन्नाइस वर्षको उमेरमा प्रभुलाई व्यक्तिगत रूपले ग्रहण नगरिञ्जेलसम्म बाइबल अध्ययनमा मेरो रूचि थिएन, जसको परिणामस्वरूप त्यस समय परमेश्वरको वचनबारे मलाई थौरै मात्र ज्ञान थियो। तर येशूलाई प्रभु मानेर ग्रहण गरेपश्चात, हरेक सोमबार हामी नयाँ विश्वासीहरू एउटा घरमा भेला भएर बाइबल अध्ययन गर्न थाल्यौं।

परमेश्वरको वचनलाई हामीले बुझ्न सकौं अनि हृदयमा यथासम्भव चाँड़ो ग्रहण गर्न सकूँ भन्ने यो हाम्रो एक उत्साहले भरिपूर्ण प्रयास मात्र थियो। यी शुरूवातका दिनमा पनि हामीले बाइबल अध्ययन, यो पुस्तकमा बताएका आधारमा नै गर्ने गर्थ्यौ। हामीले परमेश्वरको वचनलाई एक धार्मिक ग्रन्थको रूपमा हाम्रो जीवनलाई दिशा देखाउने यन्त्रको रूपमा हेऱ्यौं।

यी साधारण बाइबल अध्ययनको प्रत्यक्ष परिणाम स्वरूप कति जना अविश्वासीहरू प्रभुमा आए अनि हामी मिलेर एउटा सानो सुसमाचारीय झुण्ड बनायौं। हामीमध्ये कसैको मोटरगाड़ी नभएकोले हाम्रो मनमा एउटा



'बाइसाइकल ट्रेलर' (साइकललाई जोड़ेर बनाएको साइकलको रूप) बनाउने विचार आयो। मेशिनको ज्ञान भएको एक-दुइ जनाले एउटा एम्लीफायर र 'ग्रामोफोन' तयार गरे। हप्तामा छुट्टीको समय मिलाएर हामी कतिचोटि यी समानसहित साइकल लिएर गाउँ-बस्तीमा पस्थ्यौं।

मलाई एउटा सानो गाउँमा गएको अहिले पनि राम्ररी याद छ, जहाँ एउटा मेथोडिस्ट चर्च भवन धेरै दिनदेखि बन्द पड़िरहेको थियो। हामीले चाबी हाता पाऱ्यौं अनि भवन चलाउने अनुमति माग्यौं। सुसमाचार प्रचारको निम्ति प्यासी थियौं, यसैले भवनभित्र साफ-सफाइ गरेपछि एम्पली सिस्टम लिएर हरियो गाउँतर्फ लाग्यौं। त्यहाँ हामीले खुला ठाउँमा सानो मञ्च बनाएर ग्रामोफोनमा अमेरिकाको एक गायक बेभेशियको गीत लायौं।

उनी बिल्लीग्राहाम नाम गरेका एक जवान प्रचारकसित ईंगल्याण्ड आएका थिए, जसले हालै मात्र प्रथमचोटि यो देशमा आएर सेवा गरेका थिए। यो सुसमाचारीय गीतहरूको बीचमा, हामीले हाम्रो जीवनको साक्षी दिएर खीष्ट येशूप्रति भएको हाम्रो विश्वासलाई बतायौं। थोरै समयपछि, हामी कति जनाले चासो लिएकाहरूलाई सुसमाचार प्रचार गऱ्यौं। आश्चर्य भयो, हफ्ताको अन्तिम दिनसम्ममा त्यो मण्डली भवन मानिसहरूले भरिए। भविष्यका सण्डे स्कूल (बाल संगती)-का शिक्षकले खीष्टलाई पाए, पछिबाट उनको बहिनी पनि प्रभुमा आइन्। चाँड़ै सण्डे स्कूलको निम्ति ढोका खोलियो अनि साप्ताहिक संगती शुरू भयो र यसरी त्यो भवनमा फेरि फेरि ताला लागेन।

पावलले तिमोथीलाई आज्ञा गर्छन्: *वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस,....* (२ तिमोथी ४:२)। यदि पावलले वर्तमानमा सेवकाइ गर्दै गरेका भए, तिमोथीलाई तिनले शायद यसरी भन्थे होलाः ''यदि परमेश्वरको वचनलाई प्रचार्ने कुनै अवसर छ भने, त्यसलाई प्रयोग

गर; यदि परमेश्वरको वचनलाई प्रचार्ने कुनै अवसर छैन भने त्यसलाई पनि प्रयोग गर।''

जब तपाईंले परमेश्वरको वचनलाई मस्तिष्क (समझ शक्ति) देखि हृदयमा लिने रहस्यलाई सिक्नुहुन्छ, तब तपाईंले पत्तो लाउनुहुनेछ कि परमेश्वरको वचन तपाईंको निम्ति यर्मियाले भने झैं : *तपाईंको हड्डीमा थुनिराखेको आगो* (यर्मिया २०:९) हुन धेर समय लाग्दैन।

तर यदि बाइबल तपाईंको टाउकोसम्म मात्र सिमित रह्यो भने, यो ***सम्भव*** छ कि तपाईंमा वचन हुँदा-हुँदै पनि आत्मिक मानिस हुनबाट तपाईं वञ्चित रहनुहुनेछ। तपाईंको हड्डीभित्र आगो हुनेछनै। तर तपाईं *एकान्त समय-मा* परमेश्वरसँग नित्य संगती गर्नुहुन्छ भने तब तपाईंले यो पनि थाह गर्दै जानुहुन्छ कि वचन बिना आत्मिक मानिस हुन असम्भव छ!

हो, उहाँको वचन मनन गर्दा परमेश्वर हामीसँग बोल्नुहुन्छ, अनि हामीलाई भनिएको कुरा अरूलाई हामीले बताएको चाहनुहुन्छ। परमेश्वरले इजकिएललाई भन्नुभयोः *यसैले मैले भनेका कुरा सुन्, र तिनीहरूलाई मबाट चेताउनी दे* (इजाकिएल ३३:७)। तर हामी आफैले **उहाँको मुखबाट** निस्केको वचन पहिला सुनेर पालन गरेनौं भने, हामीले अरूलाई बताउनको केही मतलब हुँदैन।

ख्रीष्टियन धर्मको 'वकालत' गर्ने त धेरै मानिसहरू छन्, तर दुर्भाग्यवश, यस्ता थोरै मानिस मात्र छन्, जोहरूले जीवित परमेश्वरसँग भएको व्यक्तिगत सम्बन्धको साँचो गवाही दिनसक्छन्।

तिनको आफ्नै अनुभवद्वारा, प्रेरित यूहन्नाले ख्रीष्टसँग भएको जीवित संगतीको आनन्दलाई साक्षीको रूपमा बाँड्छन्। त्यसपछि, तिनले यो घनिष्ठ संगतीमा अरूलाई पनि आमन्त्रण गर्छन्ः *ताकि हामीहरूसँग तिमीहरूको संगती होस्। हाम्रो संगती पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ* (१ यूहन्ना १:३)।



## आत्मिक जीवनको मूल्यांकनब

१. के मेरो कार्यक्षेत्र र निवास-स्थान दुवै ठाउँ नै मेरो व्यक्तिगत सेवकाइ क्षेत्र हो भनी के म मान्दछु?

२. के म मानिसलाई धर्म परिवर्तन गराउन पर्नेहरूको रूपमा मात्र हेर्छु, कि म प्रार्थनासहित ख्रीष्टमा भएको नयाँ जीवनद्वारा उनीहरूलाई प्रेम गर्न चाहन्छु?

३. एउटा व्यवहारिक जीवनद्वारा, कसैलाई सहायता गरेर ख्रीष्टलाई साक्षी दिने अवसर विगत दिनमा अन्तिम पल्ट मैले कहिले पाएँ?

४. के मेरो मुख येशूको बारेमा साहससँग नबोल्नको निम्ति बन्द भएको छ? किनभनेः

म सम्झौताको जीवन जिउँछु?
मेरो पेशा जोखिममा छ?
मेरो अहंपना अवहेलित अनि इन्कार गरिएको नासरतको येशूसँग सहमत हुन चाहँदैन।

## अनन्त प्रकाश

*अनन्त प्रकाश! अनन्त प्रकाश!*
*कति निर्मल त्यो आत्मा,*
*तपाईंको तेजिलो प्रकाशको उपस्थितिमा*
*त्यो संकुचित हुँदैन, तर निर्धक्क भएर*
*आनन्दसाथ तपाईंलाई हेरेर बाँच्दछ!*
*तपाईंको सिंहासनलाई घेर्ने आत्माहरूले*
*परम आनन्दको सुख पाउँदछ;*
*तर ती केवल तिनीहरूकै मात्र हुन्,*
*जोहरूले चिनेका छैनन् कहिले पनि,*
*पतित, दुष्ट यो संसारलाई।*
*तब म कसरी, जसको आकाश*
*कलुषित र मन धमिलो छ,*
*सिद्धताको आगमन अघि*
*दैविक प्रकाशलाई धारण गरूँ*
*यो नाङ्गो आत्माले?*
*मानिस जातिको निम्ति एउटा उपाय छ*
*त्यो अल्गो वासस्थानमा पुग्नको निम्तिः*
*धन्यवादको भेटी र बलिदान,*
*पवित्र आत्माको शक्ति,*
*अनि प्रभु ख्रीष्टको मध्यस्थता।*
*यिनैले तयार गर्छन् हामीलाई*
*स्वर्गीय पवित्रतालाई दृष्टिपात गर्नको निम्तिः*
*अज्ञानता र अन्धकारको सन्तानहरू*
*अनन्त प्रकाशमा जिउँनेछन्*
*अन्त प्रेमद्वारा!*

— *थोमस बीन्नी (१७९२-१८७८)*



### अध्याय -७

# फल वा आगो

बेन्ट नाम गरेको एकजना मेरो स्वेडीस ख्रीष्टियन मित्र थिए, जो अमेरिकामा बसाई सरेका थिए। त्यहाँ उनी एक सफल व्यापारी भए। उसको सेवकाइहरूमध्येमा बेन्ट मिशनेरी हवाइजहाजलाई मिशन फिल्ड (सेवाकाइ क्षेत्रहरूमा)-को लक्ष्यमा लानको निम्ति धेरै उत्साहित हुन्थे, एकपल्ट, उ र उसको मित्रलाई एउटा सानो जहाज मिशन एभिएशन फेलोशिप (एम.ए.एफ., वायुयान चालन संगति)-को निम्ति अलासका पठाइयो। लामो दूरी तय गरिसकेपछि, उसको मित्रले उनलाई फेयर ब्यांक एयरपोर्टसम्म छोड़े, अनि यसरी यात्राको अन्तिम दूरी बेन्ट एक्लैले गर्न पर्ने भयो।

विदा हुन अघि, बेन्टको मित्रले त्यो सानो हवाइ जहाजमा आकस्मिक संकटको निम्ति एउटा सानो गठरी हालिदिएको थियो। त्यहाँ एउटा न्यानो ब्ल्याङ्केट र चकलेट मिठाई थियो। यो अन्तिम उड़ानले अचानक आँधी तुफानको सामना गर्नपऱ्यो। अलास्का पर्वतमालामा आएको यो भिषण तुफानले त्यो सानो हवाइ-जहाजलाई

दबाव दिएर तल तल लग्यो जसको कारण हवाइ जहाज हुत्तिँदै गएर पर्वतको एउटा चट्टानमा गएर अड़ियो। त्यसपछि तीन दिनसम्म हिमपात भयो, तर परमेश्वरको अनुग्रहमा बतासले हिउँलाई उड़ाएर लग्यो अनि जहाजलाई ढाक्न पाएन। तापनि, जहाजको आधा हिस्सा हिउँले पुरेको हुनाले, यु०एस० कोस्ट गार्डको हवाइ खोजी दल त्यहाँ पुगेता पनि बेन्टको सानो हवाइ जहाजलाई तिनीहरूले देखेनन्।

सैनिक खोजीदलले खोजी गर्ने काम बन्द गरे पछि, बेन्टको छोरो ब्रुस एम. एफ.-को एकजना पाइलटलाई लिएर बेन्टलाई पत्तो लाउन सकियोस् भनी प्रभुसँग मार्गदर्शनको निम्ति प्रार्थना गर्दै निक्ले।

यता, बेन्ट चाहिँ तल धेरै दूर्बल भइसकेका थिए र आफ्नो दुब्लो-पात्लो अनुहार भएता पनि हाँस्ने कोशिश गर्दै आफ्ना प्रियजनहरूलाई हात हल्लाएर अलविदा लिइरहेको एउटा आफ्नो तस्वीर स्वचालित क्यामेराद्वारा लिएका थिए। तर, परमेश्वरको अर्कै योजना थियो। जसै ब्रुस र उनको मित्रले हवाइ-जहाज खसेको इलाकामा परिक्रमा लाइरहेका थिए, तल एउटा सानो धातु सूर्यको किरणमा प्रतिबिम्बित भइ टल्किरहेको उनीहरूले देखे र यसरी बेन्ट भएको ठाउँमा जहाजलाई ओह्राले।

यो घटना म किन भनिरहेको छु? पछिबाट बेन्टले मलाई बताए कि ती दश दिनमा उनी खीष्टको न्याय आसनअघि खड़ा थिए। हिमले भरिएको त्यो पर्वतको चुचुरामा उनी परमेश्वरदेखि एक्लै थिए र पवित्र आत्माले उसको संसारमा जिएको जीवनलाई मूल्यांकन गर्ने अनुमती दिनुभयो। विश्वासीहरूको निमित्त 'न्याय आसन'-को दृश्य अघिबाटै उनले देखें झैं उनलाई लाग्यो भनी उनी बताउँछन्।



जसै उसले आफ्नो जीवनको मूल्यांकन गरे, वर्षौंसम्म विश्वासीको हैसियतले गरेका उसको सेवकाइ अनन्तसम्मको निम्ति कति निरर्थक रहेछ भन्ने कुरा थाह पाए।

बेन्टले गम्भीर भएर भन्छन्, कि मण्डली बोर्डको सभाहरू, मिशनेरी काउन्सिलका सभाहरू अनि यस्ता अनेकौं माण्डलिक क्रिया कलापहरू यद्यपि उनले खुशीसाथ भाग लिएको भएता पनि, यी कुराहरू उसको शरीरको बलबुत्तामा गरिएका थिए। यी, उसको योग्यता र सीपको प्रदर्शन मात्र थियो, र पवित्र आत्माको भरपूरीको परिणाम थिएन।

बेन्ट बताउँछन् कि परमेश्वरले उनको यस किसिमका 'असल कार्यहरू'-केवल काठ, पराल र झुस मात्र हुन भनी ती दिनहरूमा देखाउनुभयो, जो न्यायको दिनमा जलाएर खरानी बनाइनेछ र अनन्तसम्मलाई रहनेछैन।

बेन्टको यो अनुभवले उसको जीवनमा नवीकरण ल्यायो। हामी उसलाई चिन्ने र प्रेम गर्नेहरूले उनको भनाइको तात्पर्यलाई पछिबाट बुझ्यौं। अब उसको जीवन र सेवकाइ आफ्नो शक्ति र योग्यतामा थिएन, तर उनी जहाँ पनि गएर साक्षी दिए उसको जीवनबाट परमेश्वरको शक्तिको प्रदर्शन र आशीष बही निस्कन्थ्यो।

**सबै विश्वासीहरू** न्यायको आसनमा खड़ा हुनेछन् भन्ने कुरा गम्भीर हो। यो न्यायको आसन "सेतो सिंहासन" होइन, जहाँ अविश्वासीहरूको न्याय गरिन्छ र अनन्तको निम्ति नरकको अग्नी-कुण्डमा तिनीहरूलाई फालिन्छ, तर विश्वासीहरूको न्यायको आसन चाहिँ त्यो ठाउँ हो जहाँ विश्वासमा नभएको हरेक कुरा जलाइन्छ र विश्वासभित्र भएको हरेक कुरा परमेश्वरको महिमाको निम्ति

सदासर्वदाको निम्ति रहन्छ, किनभने त्यो उहाँले गर्नुभएको कार्य हो। त्यस दिनमा धेरै विश्वासीहरूले जान्नेछन्  कि उनीहरूको व्यस्त सेवकाइ र खीष्टियन जगतमा उनीहरूको लोकप्रियता (जसलाई देखी उनीहरू सन्तुष्ट भएका थिए) परमेश्वरको दृष्टिकोणमा बेमतलबका रहेछन्, किनभने ती साँचो आत्मिक सेवकाइ थिएनन्।

## सेतो-पन्ना

मेरो हातमा दुइवटा सेता-पन्ना छन्। यी दुवै खाली छ। कसैले यसमा लेखेको अथवा कोरेको छैन। यहाँ तपाईंले कसैको लेख वा नक्सा पाउनु हुन्न, न ता यहाँ कसैको गल्ती पाउनुहुन्छ। यी पन्नामा न ता सुन्दरता छ न विकृति। यिनीहरू ***केवल सेता छन्; यसभन्दा बढ़ी पनि होइन कम पनि होइन।***

तपाईं र मेरो जीवन कति दिन यी सेता पन्ना झैं बिते होलान्। यद्यपि एकपल्ट हाम्रो जीवन पापले कलंकित भएता पनि अहिले परमेश्वरको कृपा र येशूको प्रायश्चितको रगतले विश्वासीको जीवनको हरेक पन्ना सफा पारिएको छ। अरू कुनै कुरा रहँदैन केवल *हिउँ जस्तै सेता* मात्र रहन्छ (यशैया -१:१८)। मेरो पछिल्ला जीवनका कति पन्नाहरूलाई जब म पल्टाउँछु, म दुखित हुन्छु, किनभने अनिच्छामा होस् वा इच्छामा, लालसामा होस् वा दुर्बलतामा, धेरैपल्ट मैले पाप गरेर पवित्र आत्मालाई दुखित तुल्याएँ। येशू खीष्टको रगत मेरो निम्ति उपलब्ध नहुँदा हो त म पापले कलंकित र आत्म-केन्द्रित भएर सदाको निम्ति नाश हुने थिएँ। परमेश्वरको कृपा र अनुग्रह मप्रति कति महान, जसको कारणले गर्दा एकपल्ट कलंकित भएको मेरो जीवनका पानाहरू आज हिउँ जस्ता सेता छन्! ***सेता पन्ना! परमेश्वरको स्तुति होस्, कुनै दाग वा धब्बा छैन।***



तर, यो कुरा पनि मैले गम्भीरतासँग लिनपर्छ कि जुन कुरो पवित्र आत्माले मद्वारा **गर्नुभएन**, त्यो अनन्तको निम्ति **गनिनेछैन**। जीवनका यस्ता दिनहरूलाई पावल प्रेरितको शब्दमा यसरी वर्णन गर्नसक्छौं, *त्यो आफै चाहिँ आगोबाट उम्के झैं बाँच्नेछन्।* (१ कोरिन्थी ३:१५)। मेरो जीवनद्वारा पवित्र आत्माको भरपूरी बगिनिस्कँदैन भने, प्रभुको अनुग्रहमा मेरो पाप क्षमा भएर धब्बाहरू हटेता पनि यसबाट मलाई कुनै खास लाभ हुँदैन, किनभने अनन्तसम्म रहने कुनै काम भएन। **केवल *सेता पन्नाहरू! तर दुःखको कुरो यसभन्दा बढ़ी अरू केही छैन।***

जीवनका कति पान्नाहरू सदैव सेता रहेता पनि अरू पन्नाहरूमा अमिट, उत्कृष्ट चित्रहरू हुनेछन् उहाँको प्रेममा आफ्नै काँटी ठोकिएको हत्केलाद्वारा उहाँले बनाउनुभएको चित्र जसले सदा सर्वदा उहाँको महिमा गर्दछ। हरेक विश्वासीको निम्ति, यी गौरवमय पानाहरू सुरक्षित राखिएको छ, किनभने जीवनका ती दिनहरूमा हामी योग्य भाँड़ा भई उहाँको निम्ति उपलब्ध भएका थियौं। जसको फलस्वरूप अविनाशी परमेश्वरले अनन्तसम्म रहने कामहरू हामीमा भएर गर्नुभएको थियो। हो, ***सेता पान्नाहरू तर त्यति मात्र होइन, परमेश्वरको स्तुति होस्!***

## व्यर्थ बितेका वर्षहरू

यो कति दुःखको कुरो हो कि *'आएर खाओ'* भन्ने परमेश्वरको दैनिक आमन्त्रणलाई ग्रहण गरेर उहाँको संगतिको आनन्दमा जिउँदै उहाँलाई प्रसन्न तुल्याउनको सट्टा प्रभुको यो आमन्त्रणलाई इन्कार गरेर धेरैले आफ्ना जीवनका समयहरूलाई बर्बाद गर्छन्।

एकजना वृद्ध मानिसलाई म स्मरण गर्छु, जसले संसारको क्षणिक आनन्द र मोज-मज्जामा आफ्ना जीवनका वर्षहरू बिताएका थिए, जसको कारण मुक्तिको आनन्द उसको जीवनबाट हराएर गएको थियो। प्रभुमा नयाँ जीवन पाएको केही समयपछि म मेरा केही मित्रहरूसँग एउटा छेवैको अस्पतालमा सेवा गर्न गएको थिएँ। त्यहाँ त्यो वृद्ध मानिस मृत्युशय्यामा थिए, जसलाई अर्को शनिबार जिउँदो भेट्टाउने थिएनौं।

बाइबलबाट हामीले दिएको सन्देश सुनेपछि, आँशु चुहाउँदै कम्जोर स्वरमा उसले भनेः ''म जान्दछु म बाँचेको छु र स्वर्ग जानेछु'' ''त्यो उत्तम हो'' भनेर मैले जवाफ दिएँ। तर मैले अरू कुरा भन्न अघाड़ि नै उ सुँक् सुँक गर्दै रुन थाले, जुन रुवाइ हर्षाश्रु नभएर अन्तरात्मामा ग्लानिले भरिएको सुस्केराको रूवाइ थियो। उसले मसिनो आवाजमा भने ''हो- तर पूर्ण रूपले चाहिँ होइन, किनभने हेर्नुहोस् म अहिले ७१ वर्ष पुगें, तर मेरो जीवनको ७० वर्ष मैले व्यर्थै बिताएँ।''

म विश्वासमा भर्खरै आएको मानिसले के प्रतिउत्तर दिन सक्थें र? कसरी मैले उसलाई सान्त्वना दिने चेष्टा गरें म जान्दिनँ, तर त्यस रात घरमा गएर घुँड़ा टेकेर प्रार्थना गरेको चाहिँ मलाई थाह छः ''प्रभु अहिले नै म त्यो भविष्यलाई हेर्दछु, जुन दिन म मेरो पछिल्ला जीवनलाई फर्केर मूल्यांकन गर्नेछु। मेरो स्वर्गमा आउने समयमा, म मेरो आत्मा मात्र बाँचेर जीवन चाहिँ व्यर्थै बितेर गएको चाहँदिन। आजको रात, मेरो जीवन फेरि तपाईंलाई अर्पण गर्दैछु। म प्रार्थना गर्छु तपाईंले यसलाई अनन्तसम्मको निम्ति मूल्यवान बनाउनुहोस्।''



पूरानो करारमा हबकूकले चेताउँछन् कि धेरै शक्ति खर्च गरेता पनि यसबाट कुनै फायदा हुँदैन। उसको समयका मानिसहरूलाई *धर्मी चाहिँ आफ्नो विश्वासद्वारा जिउनेछ* भनी बताइरहेको बेलामा, उनी तिनीहरूलाई सचेत गराउँछन् कि परमेश्वरमा पूर्ण निर्भरशीलताको जीवन छैन भने तिनीहरूको *परिश्रम त आगोको निम्ति मात्र हुन्छ (हबकूक २:१३) किनभने यी मानिसहरूले आफ्नै बलबुत्तामा परमेश्वरको सहायता बिना तिनीहरूका शहरहरू निर्माण गरेका हुनाले ती शहरहरू नष्ट भएर खरानीमा परिवर्तन भयो। यसरी नै हामीले प्रभु येशू ख्रीष्टमा भर नपरी गरेको हरेक काम एक दिन परमेश्वरको उपस्थितिमा खरानीको अवशेष मात्र रहनेछ।*

*पछिबाट नयाँ करारमा, सन्त पावलले पनि यसरी नै चेतावनी दिन्छन्ः*

> *यदि कुनै मानिसले यस जगमाथि (येशू ख्रीष्टको जगमा) सुन, चाँदी, बहुमूल्य पत्थर, काठ, घाँस वा पराल प्रयोग गरेर घर बनायो भने, प्रत्येक मानिसको काम प्रकट हुनेछ किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ। त्यो आगोद्वारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ। यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ। यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नपर्छ, तर त्यो आफै चाहिँ आगोबाट उम्के झैं बाँच्नेछ (१कोरिन्थी ३:१२-१५)।*

त्यो ७१ वर्षको वृद्ध मानिस आफू बचाइएकोमा खुशी थिए, तर उनी साह्रो दुःखित पनि थिए, किनभने उनी *आगोबाट उम्के झैं*

बाँचेका थिए। त्यो आगो जसले उसको जीवनको काठ, घाँस वा परालालाई जलाएर नष्ट पार्दछ, त्यसले नै सुन, चाँदी र बहुमूल्य पत्थरहरूलाई खार्दछ अनि यसरी पवित्र आत्मालाई काम गर्ने अनुमती दिइएको जीवनद्वारा परमेश्वरको अविनाशी भवन निर्माण गर्दछ।

## अनन्त प्रकाश

अविनाशी परमेश्वरले अनन्तसम्म रहिरहने उहाँको काम जो ख्रीष्टमा रहनेछ, विश्वासको निम्ति आत्मिक भोजन लिने अनि परमेश्वरको वचनलाई जीवनमा प्रयोग गर्ने हरेक विश्वासीद्वारा सम्पन्न गर्नुहुन्छ। यस्ता विश्वासीहरूले हरेक दिनलाई खुशीसाथ ग्रहण गर्दछ र निश्चयता साथ यो कुरा भन्दछः *यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहण योग्य हुने आराधना चढ़ाऔं।* (हिब्रू १२:२८)। प्रभावशाली नियमित *एकान्त समय-ले* हामीलाई पवित्र आत्माको शक्तिमा हिँड्न प्रोत्साहन गर्दछ, शारीरिक शक्तिमा होइन।

एक दिन, परमेश्वरको तेजमय प्रकाशको पवित्र उपस्थितिमा, जीवित परमेश्वरको राज्यको काममा उपलब्ध भएका योग्य भाँड़ाहरू (परमेश्वरका सन्तहरू) ठूलो हर्षोल्लासका साथ रमाउनेछन्। उहाँको भोजको मेचमा जसै हामी दिनप्रतिदिन खिचिन्छौं, ज्योति र प्रेमको परमेश्वरले उहाँसँगको पारदर्शक संगतिको आनन्द लुट्नको निम्ति हामीलाई निमन्त्रण गर्नुहुन्छ। यसरी, हामी उहाँको ज्योति र प्रेमको माध्यम हुन्छौं- एउटा अन्धकार र स्वार्थले राज गरेको संसारमा।



## आत्मिक जीवनको मूल्यांकन

१. जसरी म अहिले जिउँदैछु, के यस प्रकारको जीवनबाट ख्रीष्टको न्याय-आसनमा खड़ा हुँदा मलाई कुनै लाभ होला?

२. मेरो प्रार्थनामा, के म परमेश्वरलाई *अनन्त प्रकाशको* रूपमा हेर्छु, कि उहाँलाई खाली स्वर्गमा पुऱ्याउने व्यक्तिको रूपमा मात्र हेर्छु।

३. अब के मलाई दाऊदको प्रार्थना गर्न आवश्यक छः *तपाईंको वचनले मलाई जीवित राख्नुहोस् (भजन संग्रह ११९-२५)।*

**जीवनको त्यो रोटी भाँचेर देऊ,**
**जसरी भाँच्नु भो समुद्र छेऊ**
**पवित्र पुस्तकमा खोज गर्दछु,**
**छु खोजी तपाईंकै हे प्राण प्रभु।**

**जीवनको त्यो रोटी मलाई जुरोस्,**
**तपाईंको त्यो वचन मनमा बसोस्**
**र सुध्रोस् मेरो मन हुँ पर स्वार्थी**
**सब मेरो बेहोरा तपाईंमाथि।**

**त्यो वचन खोलिदेऊ म देख्न पाऊँ**
**त्यो वचन खोलिदेऊ म बुझ्न पाऊँ**
**पवित्र आत्माको संगतमा हिँड्दै**
**ममा तपाईंको रूप प्रकाश हवस्।**

*— मेरी आन लाथवेरी*





**अध्याय - ८**

# आएर खाओ

गालील झीलको बलौटे किनारमा पुनरूत्थान हुनुभएको परमेश्वरको पुत्र उभिरहनु भएको थियो, तर कसैले उहाँलाई देखेका थिएनन्। शायद कुइरो ड्याम्म लागेकोले त्यस बिहान थकित चेलाहरूले उहाँको दीव्य मुहारलाई देख्न सकेनन्, वा त यो पनि सम्भव छ, कि येशूको क्रूसको निर्दयी मृत्युपछि उनीहरूका आत्मिक आँखा धमिलो भएको थियो।

किनारको अलिक पर चेलाहरू भेला भएर एउटा सानो डुङ्गामा जाल धुन लागेका थिए। तिनीहरू निराश देखिन्थे, किनभने रातभर जाल हानेर पनि तिनीहरूले माछा पक्रन असफल भएका थिए। तर घाउमा नून छर्के झैं कसैले पछिबाट आवाज दिएर भन्छ, *“बालक हो, तिमीहरूसँग केही माछा छ?”* त्यसपछि किनारमा भएको त्यस व्यक्तिको ओंठबाट एउटा स्पष्ट परिचित व्यक्तिको आज्ञा आउँदछः “जाल डुङ्गाको दाहिने पट्टि हान, अनि भेट्टाउनेछौं।

गहिरो निद्राबाट ब्युझें झैं यूहन्नाले त्यो परिचित स्वरलाई ठिम्याएर खुशीले उत्तेजित हुँदै भनेः *उहाँ प्रभु हुनुहुन्छ! चेलाहरूको आशा पुनः जाग्यो र प्रभुको आज्ञा अनुसार चेलाहरूले जाल हाने र* धेरै संख्यामा माछा पक्रे! अनि पत्रुस चाहिँ खुशीले उफ्रेर समुद्रमा हाम फालेर उसको प्रभुकहाँ आए (यूहन्ना २१:११)।

जब तिनीहरू किनारमा उत्रे, तब तिनीहरूले कोइलाको भुङ्ग्रो देखे जो महिमित प्रभुले नै बाल्नुभएको थियो। भर्खरै पक्रेका माछाबाट केही ल्याउने उहाँले तिनीहरूलाई आज्ञा गर्नुभयो र स्वादिष्ट भोजन तयार पार्नुभयो। त्यसपछि भोकाएका यी मानिसहरूलाई उहाँले बोलाएर भन्नुभयोः *आएर खाओ (यूहन्ना २१:१२)।*

*यही अनुग्रहले पूर्ण निमन्त्रणा उहाँले दुइ हजार वर्षदेखि दिँदै आउनुभएको छ। अहिले पनि दिनहूँ हाम्रो छेउमा खड़ा भइ, उहाँले तयार गर्नुभएको स्वर्गीय भोजनको मेचमा हामीलाई आमन्त्रण गर्नुहुन्छ।*

हो, हाम्रो दैनिक आहारलाई सावधानी साथ तयार गर्ने हाम्रो मुक्तिदाता प्रभु येशू स्वयं नै हुनुहुन्छ। यो आहार हाम्रो विश्वासको निम्ति हो; यो परमेश्वरको वचन हो; यो बाइबल धर्मशास्त्र हो।

अहिले केही समयपछि, मेरो आफ्नो व्यक्तिगत *एकान्त समय-को* केही बेहोरा दिनेछु। यसले तपाईंलाई **अवश्य** 'आएर खाओ' भन्ने प्रभुको दैनिक निम्तोमा सामेल हुनको निम्ति प्रोत्साहन दिनेछ। दुइवटा बेग्ला-बेग्लै स्रोतबाट मलाई मेरो *एकान्त समय* बारे बताउने प्रेरणा मिलेको छ।

**पहिलो :** मेरो एक मित्र जसले यो पुस्तकको पूर्व अध्यायहरूको



लेखलाई पढ़े, उनले मेरो व्यक्तिगत *एकन्ता समय*-लाई पुस्तकको निष्कर्षमा हाल्ने सल्लाह दिए।

**दोस्रो :** परमेश्वरले दिनुभएको अवसरहरूमा धेरैपल्ट विभिन्न झुण्ड वा मण्डलीको बीचमा सामूहिक *एकान्त समय-बारे* शिक्षा दिँदा मैले मेरो व्यक्तिगत *एकान्त समय-बारे* उनीहरूलाई बताउँदा यो आशीषित भएको अनुभव गरें।

सामूहिक *एकान्त समय-मा* कसैले पनि हिस्सा लिनसक्छ। यहाँ कुनै प्रश्न गरिँदैन, केवल मौन बसेर पवित्र आत्मालाई प्रार्थना गरिन्छ; अनि यहाँ कुनै सन्देश प्रचार गरिने छैन। हामी यस्तो भेलामा, पवित्र आत्मा तपाईंनै हाम्रो शिक्षक हुनुहोस् भनी अर्जी चढ़ाउँछौं। त्यसपछि एकै साथ मिलेर ठूलो स्वरमा त्यस दिनको निम्ति चुनेको धर्मशास्त्रको खण्ड पढ़छौं। धर्मशास्त्रको त्यो खण्डको पहिलो पद फेरि एकपल्ट पढ़छौं। दोस्रो पदमा जानअघि तीस-सेकेण्डसम्म हामी चुप बस्छौं। यो शान्त समयमा हरेकले प्रार्थना सहित पढ़ेको त्यो पदलाई मनन गर्छौं। त्यसपछि झुण्डमा भेला भएका कसैले पनि पवित्र आत्माले उसको हृदयमा त्यो पदद्वारा कसरी बोल्नुभयो, सो बताउन सक्छ। अन्तमा त्यस पदको आधारमा झुण्डका एकजना कसैले प्रतिबद्धताको प्रार्थना गरेर टुंग्याउँन सक्छ।

*सामूहिक एकान्त समयलाई संचालन गर्नको निम्ति, यो उपाय धेरै लाभदायक हो भनी म विश्वास गर्छु। यतिबेला झुण्ड अध्ययनको निम्ति, यो पुस्तक प्रयोग गरिरहेको मेरा पाठकहरूलाई सल्लाह दिँदछु कि आगामी कतिवटा यस्ता सभाहरूलाई माथि दिइएको निर्देशन अनुसार गर्नको निम्ति छुट्याउनुहोस् (सहायताको निम्ति पृष्ठ नं० १४८) मा दिइएको प्रश्नलाई हेर्न सक्नु हुन्छु।*

सामूहिक *एकान्त समयलाई* एकजना ब्रिटिश इभान्जलिष्ट स्व० थोमस बी० रीजले *यङ्ग पिपल्स होलिडे कन्फरेन्स सेन्टर*-मा प्रथमपल्ट परिचय गराएका थिए। यो त्यही ठाउँ थियो जहाँ मैले प्रभुमा नयाँ जन्म पाएको थिएँ। टोमले सोध्ने गरेका प्रश्नहरूमध्ये धेरै *एकान्त समय* (चौथो अध्यायमा)-मा उल्लेखित छ।

यस किसिमको सभा संचालन गर्दा धेरैपल्ट आश्चर्यरीतले प्रभुको महान उपस्थितिको अनुभव हामीले गरेका छौं; जहाँ पवित्र आत्माले हाम्रो हृदयमा विशेष रूपले बोल्नुहुन्छ। क्यानाडाको भिक्टोरिया भन्ने ठाउँको एउटा ब्याप्टिष्ट चर्चमा आयोजित एक यस्तै सभामा, त्यहाँको पाष्टरले यसरी टिप्पणी गरे, ''मेरो सेवकाइको दौरानमा हिस्सा लिएको सेवा मध्ये यो सबैभन्दा आशीषित र यादगार अनुभव हुनेछ।''

यसरी नै यरूशलेमको पुरानो शहरमा आयोजित सभा, *क्रिस्टियन एण्ड मिशनेरी अलायन्स चर्च फर अरबस*- मा कति दिन मैले सामूहिक *एकान्त समय* सिकाउने अवसर पाएँ। त्यस समय यरूशलेममा नै बसो-बास गर्दै आएका क्यानाडियन बाइबल कलेजका प्रिन्सिपलले यसरी भनेः ''हामी यहाँ यरूशलेममा, अहिलेसम्म यस्तो आत्मिक गहिराइको अनुभव भएर गएका थिएनौं।''

माण्डलिक सभाहरू, घरेलु संगति, बाइबल कन्फरेन्स, अनि जवान संगतिहरूमा, परमेश्वरले अचम्भ रीतले यो सामूहिक *एकान्त समय*-द्वारा बाइबल अध्ययनको विधिलाई आशीषित पार्नु भएको छ।

मेरो *एकान्त समय-को* अनुभव लिखित रूपमा लेख्ने प्रयास



गर्दा, म सचेत छु कि प्रभुसँगको त्यो मीठो, महिमित अनि प्रेरणादायक व्यक्तिगत संगतिलाई मानिसको अघि व्यक्त गर्न जतिको सजिलो छ, उत्तिको लिखित रूपमा सम्भव हुँदैन।

आजको मेरो व्यक्तिगत *एकान्त समय* तपाईंको अघि प्रस्तुत गर्न अघि, मेरो आफ्नै निम्ति कति नियमहरूलाई ध्यान राख्नेछु।

**पहिलो** : मैले आफ्नो निम्ति मलाई मन परेको र प्रचलित बाइबलको खण्डलाई चुनेको छुइनँ। मेरो *एकान्त समय-मा,* पावलले कोरिन्थीहरूलाई लेखेको दोस्रो पत्रलाई म अध्ययन गर्दैछु।

**दोस्रो** : आजको धर्मशास्त्रको खण्ड पद-पद गरेर व्याख्या गर्ने ध्येयले अध्ययन गरिएको होइन।

**तेस्रो** : आजको एकान्त समय स्वभाविक बनाएर तपाईंको सामू प्रस्तुत गर्नको निम्ति म ती पदबाट मात्र हेर्नेछु, जुन आजको दिनमा पवित्र आत्माले मेरो हृदयमा जिउँदो बनाउनुहुन्छ।

**चौथो** : म तपाईंलाई बताउनेछु कि कसरी प्रार्थनासहित पूर्वोलिखित प्रश्नहरूको सहायताद्वारा परमेश्वरको वचन मनन गर्दा उहाँको आवाज व्यक्तिगत रूपले सुन्न सकिन्छ।

जसै तपाईंलाई मेरो मनन बाँड्छु, तपाईंले थाह गर्नुहुनेछ कि *एकान्त समय* एकदम व्यक्तिगत अनुभव हो। तपाईं र मेरो परिस्थिति र समय एउटै नभएता पनि, उहाँको असीम प्रेममा हामी जस्तो अवस्थामा छौं, त्यही अवस्थामा उहाँ हामीसँग बोल्नुहुनेछ। तपाईंको खाँचो र अवस्था अनुसार परमेश्वर तपाईंसँग *बोल्नु* हुनाले, व्यक्तिगत रूपले प्रभुबाट तपाईंले 'आएर खाने' निम्ति पाउनु भएको छ।

बाइबल हाम्रो हृदयको निम्ति परमेश्वरको **जीवित** र **शक्तिशाली**

वचन मात्र नभएर यो हामी हरेकको निम्ति उहाँको सन्देश पनि हो! *किनकि परमेश्वरको वचन जीवित र प्रबल, र..... **हृदयको भावना** र **विचारलाई जाँच्न सक्ने** हुन्छ* (हिब्रू ४:१२)। योभन्दा व्यक्तिगत अरू के हुनसक्छ र?

अब बाइबलबाट २ कोरिन्थी १ अध्याय खोलेर म पढ़दैछु। कृपया, तपाईंको बाइबल पनि खोलेर राख्नुहोस् र मलाई ध्यान लाएर सुन्नुहोस्।

**समय ५:०० बजे बिहान ..... परमेश्वरसँग एकान्तमा समय बिताउनको निम्ति म बाइबल लिएर बन्द कोठामा एक्लै छु।**

आज म प्रभुको उपस्थितिमा आउँदा मेरो कतिवटा परिस्थितिहरूलाई अवलोकन गर्दैछुः

- आज म डोरोथीको कष्ट दिनवदिन बढ्दै गएकोमा चिन्तित छु। यी कति हप्तामा उसको स्वस्थ्यमा धेरै गिरावट आएको छ।
- म यो पनि सोंच्छु कि उसको यस्तो स्वस्थ्यले यो पालीको बसन्त ऋतुमा हुने लामो सेवकाइ यात्राको योजनामा कुनै असर त पार्दैन। विगत दिनहरूमा यस्तो लामो थकावटपूर्ण मिशनेरी सेवकाइमा डोरोथीले धेरै दुःख पाएकी थिइन्। मैले उसलाई भनेको छु, ''डोरोथी, तिमीलाई फेरि-फेरि यस्तो अवस्थामा म पार्नेछैन।'' तर, यस्तै अवस्थामा पनि परमेश्वरले हामी दुवैको संयुक्त सेवकाइलाई महानरीतले आशीष दिनुभएको थियो र हामीले भनेका थियौं, ''परमेश्वरले हाम्रो सेवकाइलाई कदर गर्नुभएको छ।'' प्रभु यो पालीको सेवकाइ चाहिँ.....?
- केन्याको निम्ति मेरो हृदय भारी भएर आएको छ, जहाँ एक समयमा परमेश्वरले हाम्रो सेवकाइलाई फलवन्त पार्नुभएको थियो। देश चारैतिर भाँड़भैलो र अनियन्त्रित अनि अस्थिर अवस्था छ। त्यहाँका विश्वास योग्यसाथ खीष्टलाई सेवा गरिरहेको स्थानीय सेवकहरूलाई सहायता गर्ने मेरो इच्छा पूरा भएता!



- डोरोथी र मेरो परिवारका सदस्यहरूमध्ये कति शोकाकूल छन् त कति लामो समयदेखि विरामी छन्। तर हाम्रो सेवकाइको व्यस्तता र डोरोथीको रोगी अवस्थाले गर्दा चाहेर पनि हामीले उनीहरूलाई व्यवहारिक तवरमा वास्ता देखाउन सकेका छैनौं।

## प्रार्थना

पिता, यस बिहान चाँड़ै उठाउनु भएको निम्ति तपाईंको प्रशंसा गर्दछु। म विश्वास गर्छु कि तपाईंको अभिप्राय मेरो हृदयमा बोल्नु मात्र होइन, तर मसँग तपाईं बोलेको सुन्ने जतिलाई तपाईंको वचनद्वारा आशीषित तुल्याउनु पनि हो।

मलाई विशेष प्रकारले अभिषेक गर्नुहोस् कि मेरो हृदय, विचार र पेन्सिलमा पारदर्शकता र सच्चाई होस् अनि तपाईंसँग घनिष्ठ संगतिको अनुभव होस्। तपाईंको उपस्थितिमा म पुष्टि गर्छु कि मेरो जीवन खीष्टसँग परमेश्वरमा लुकेको छ। यस्तो निश्चयताको निम्ति तपाईंलाई धन्यवाद। प्रिय प्रभु, तपाईंलाई प्रशंसा गर्छु, किनभने मैले पृथ्वीमा लेखेको यो विवरणमा मेरो आफ्नै पूर्वाग्रह भएता पनि, स्वर्गमा तपाईं मेरो महा याजक हुनुहुन्छ जसले मैले चढ़ाएको विन्ती र प्रशंसालाई पिताको सामु तपाईंको सिद्ध ज्ञान र इच्छा अनुसार प्रस्तुत गर्नुहुनेछ। यसैकारण आनन्दित भएर तपाईंको वचन खोल्दैछु। आज बिहान, मेरो आँखा खोलिदिनुहोस् र म तपाईंको वचनबाट उदेकका कुरा देख्न सकूँ।

प्रियः पाठक, अब म २ कोरिन्थीको अध्याय १ खोलेर यसको सम्पूर्ण खण्डलाई सुन्ने गरी बिस्तारै पढ़छु। तपाईंले पनि मसँगै यसो गर्ने आग्रह गर्दछु।

यो अध्यायलाई एक-दुइपल्ट दोहोऱ्याएर पढ़ेपछि, ख्रीष्टको सेवकको रूपमा पावलको चरित्र र नमूनालाई देखी म प्रभावित भएँ। अब मलाई थाह भयो कि प्रभुसँग बिताएको यो समयमा कुन प्रश्नलाई लिएर मैले मनन गर्नपर्छ।

## के यो पदमा मैले लिनपर्ने कुनै नमूना छ?

सम्पूर्ण अध्यायलाई पहिलो पटक पढ़दा नै पवित्र आत्माले मेरो हृदयलाई पावलको असल नमूनालाई अप्नाउने प्रेरणा दिनुभयो। मेरो प्रभुको निम्ति म अझ असल सेवक हुन चाहन्छु। हरेक पदलाई मनन गर्नअघि प्रभुलाई म यो भन्छु।

### *प्रार्थना*

प्रभु येशू भर्खरै पढ़ेको खण्डमा पावलको साक्षीबाट जुन सन्तोषजनक सेवकाइ देखिन्छ, उसरी नै मेरो सेवकाइ पनि सन्तोषजनक होस् भनी साँचो हृदयले म चाहन्छु। मेरो जीवनमा तपाईंले हजारौंपल्ट आशीष दिनुभएको छ, तर म दुःखित भएर स्वीकार्छु कि धेरैपल्ट यो एकतर्फी मात्र भयो। मेरो हृदयले तपाईंको संगति गर्नको निम्ति उत्कट इच्छा गर्दछ, तर जब तपाईंको दुःखमा सहभागी हुने अवसर आउँछ, म कायर भएर भाग्छु। जसै यी पदहरू म फेरि पढ्न गइरहेको छु, कृपया तपाईंको उपस्थिति र शक्तिले मलाई ढाक्नुहोस् र मेरो जीवनलाई फेरि छुनुहोस् ताकि मेरो स्वार्थी आदतहरू हटेर मेरो जीवनमा क्रान्तिकारी परिवर्तन तपाईंकै नाउँको खातिर आवोस्।



अब म एक एक पद पढ़ेर मनन गर्दै जान्छु। जसै यसो गरिरहेको समयमा पवित्र आत्मालाई मनमनै प्रार्थना गर्छु कि परमेश्वरले दिन चाहनुभएको सबै सन्देश प्राप्त गर्न सकूँ। यसरी, मेरो दुइतर्फी वार्तालाप परमेश्वरसँग शुरू हुन्छ। म आफैलाई याद दिलाउँछु कि हरेक पदलाई मनन गर्दा परिचित पदलाई मैले हल्का ठान्नुहुँदैन। यो सम्भव छ कि, आज परमेश्वरले त्यही पुरानो पदलाई मेरो हृदयमा नयाँ प्रकारले प्रकाश दिनुहोला।

## के यो पदमा परमेश्वर पिताको बारेमा कुनै नयाँ कुरा लेखिएको छ?

### पाठ

**पद ३:** *करूणामय पिता र सबै सान्त्वनाका परमेश्वर.....*

आज, मैले परमेश्वरलाई पिताको रूपमा देखाइएको यो पदप्रति खास चासो लिएर हेरे। यसको अघिल्लो पंक्तिमा यसरी लेखिएको छः *हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता।* यसलाई विचार गर्नुहोस्ः प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, मेरो ***करूणामय र सान्त्वनाका पिता*** पनि हुनुहुन्छ। मेरो सान्त्वनाको निम्ति स्वर्गमा हुनुहुने पिताले उहाँको अनुग्रह र शान्ति मलाई दिनुभएको छ।

### *प्रार्थना*

पिता, धन्यवाद र प्रशंसा लिएर तपाईंको अघि झुक्तछु। धन्यवाद तपाईंको ‘अनुग्रह’-को निम्ति। तपाईंको अनन्त ‘शान्ति’-ले मेरो हृदय भरिदिनु भएको छ। तपाईंको अनुग्रहद्वारा- तपाईंमा भएको शान्ति, आनन्द, मिलाप सदा सर्वदाको निम्ति, आज मेरो भएको छ! हाल्लेलुयाह! तपाईं

पवित्र आत्माले मेरो अस्त व्यस्त हृदयलाई साम्य तुल्याइदिनु होस्। मेरो प्रार्थना यही छ, जसै म तपाईंको पवित्र उपस्थितिमा नम्र भएर आउँदैछु, मेरो जीवनलाई शान्त पार्नुहोस् र तपाईंको शान्तिले ममा बास गरोस्।

## पाठ

**पद ४:** *उहाँले हामीलाई सबै दुखमा सान्त्वना दिनुहुन्छ, ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सान्त्वनाले कुनै पनि दुःखमा परेकाहरूलाई सान्त्वना दिन सकौं।*

मैले पावलको यो साक्षीलाई मनन गर्दैरहेको समयमा, स्वर्गीय पिताबाट उसले कस्ता परिस्थितिहरूमा यो 'सान्त्वना' पाएका थिए सो सन्दर्भ थाह पाएँ। ती थिएः 'दुःख', 'पिड़ा', 'समस्या', 'खेदो' अनि 'मृत्यु दण्ड।' 'सान्त्वना' बारे हाम्रो जुन आम धारणा छ, त्यो भन्दा यो बेग्लै हो भनी पवित्र आत्माले मलाई देखाउनुभयो।

जसै मैले पढ़दै गएँ, पावलले दिएको साक्षीबाट मैले यो पनि थाह गरें कि जीवनका सबै कठिनाइहरूलाई परमेश्वरले हुन दिनुभएकोमा एउटा विशेष अभिप्राय छ ताकि हामी आफैमाथि होइन तर *तकहरूलाई जीवन दिई उठाउनेहुने परमेश्वरमाथि हामी भर परौं।* मैले चौथो पदमा यो पनि अवलोकन गरें। परमेश्वरले पावललाई सान्त्वना दिनुको उद्देश्य उसले आरामको जीवन जिओस् भनेर होइन, तर उ अरूहरूलाई सान्त्वना दिने व्यक्ति हुन सकोस्। यसबारे मैले प्रार्थना गर्नपर्छ।

## *प्रार्थना*

हे प्रभु, तपाईंले जान्नुहुन्छ कि धेरैपल्ट मैले कष्टमा परेकाहरूलाई ईमान्दारीपूर्वक सान्त्वना र साहस दिने चेष्टा गरें। यसरी नै रोगले



शिथिल भएकी मेरी श्रीमती डोरोथीलाई पनि तपाईंको सान्त्वना दिन चाहन्छु।

कतिपल्ट, मलाई लाग्छ कि मैले उसको आराम र सान्त्वनाको निम्ति तपाईं अनुग्रह र शान्ति 'उसलाई' बाँड्नको सट्टा उसको सेवाको माग म गरिरहेको हुन्छु। मेरो स्वार्थपनको निम्ति मलाई माफ गर्नुहोस् र मलाई सेवा लिने होइन तर सेवा दिने नयाँ मन दिनुहोस्।

यतिबेला लाखौं मानिसहरू जोहरू परित्यक्त र कठीन अवस्थाबाट गुज्रीरहेका छन् अनि भोक, रोग र मृत्युको चपेटमा आएका छन्, तिनीहरूलाई म याद गर्छु। म विन्ती गर्छु कि तपाईंको अनुग्रह र शान्तिले मेरो हृदय यसरी भरियोस् कि तपाईंको उपस्थिति मेरो जीवनमा प्रत्यक्ष देखियोस् अनि बोझले दबेकाहरू र दुःखित जीवन जिइरहेकाहरूलाई तपाईंको सान्त्वना दिनसकूँ।

यतिबेला मैले प्रार्थना गरिरहेको समयमा हे प्रभु, म थाह गर्छु, कि कसरी तपाईंले मेरो हरेक कठिनाइमा मलाई सान्त्वना दिनु भएको छ, अनि यी कठिनाइहरूलाई यसकारण हुन दिनुभएको छ कि म आफैमाथि भर नपरूँ।

अब यतिखेर परमेश्वरको वचन झन् प्रबल भएर मेरो हृदयमा काम गरिरहनुभएको छ। अब मैले बुझ्दैछु कि पावलको जीवनमा आइपरेका डरलाग्दा जोखिम र आपतहरू, तिनी आफैमाथि भर नपरून् भन्ने हेतुले ल्याइएका थिए। तब, प्रेमिलो पिताले मेरो प्रार्थनाको प्रतिउत्तरमा अहंपनालाई हटाउनको निम्ति, जटिल र प्रतिकूल परिस्थिति ल्याउनु चाहनुहुन्छ भने मचाहिँ किन गुनासो गरूँ?

## *प्रार्थना*

ज्यू प्रभु, तपाईंले मेरो जीवनमा देखाउनु भएको प्रेमको निम्ति धन्यवाद! यद्यपि यो प्रार्थना अरूको निम्ति लिखित रूपमा राख्नु मेरो निम्ति गाह्रो भएता पनि, पावल, उनका प्रियजनहरूका बीचमा आफ्ना कष्टहरूप्रति पारदर्शक थिए, जो मेरो निम्ति उत्सावर्धक छ। पावलले आफ्नो जीवनमा भोगेका असल कुरालाई मात्र बताएनन्, यसैकारण म अन्तस्करणदेखि तपाईंलाई धन्यवाद र प्रशंसा चढ़ाउँछु ती हरेक एक्लोपन, चोट, गलत बुझाई (मन मुटाव) र मूर्खताको अवस्था, जो भएर म जान पऱ्यो। ती हरेक परिस्थितिको निम्ति पनि म तपाईंलाई धन्यवाद चढ़ाउँछु, जब म असफल भएँ र मेरो पापले गर्दा चोट पाएँ। किनभने मैले तपाईंमा भरोसा गर्नुको सट्टा आफैमा भर परें। अब प्रभु येशू, तपाईंको पवित्र उपस्थितिमा, पावलसँगै म पनि घोषणा गर्छु, कि अबदेखि उसो म स्वयंमा भर पर्नेछैन, तर केवल तपाईंमा मात्र भरोसा गर्नेछु।

प्रभु, हिजमात्र पावलले भनेको वचन मैले पढ़ेको थिएँ: *हाम्रा योग्यता परमेश्वरबाट आउँछ।* यो बिहान म घोषणा गर्छु कि तपाईं मात्र मेरो योग्यता हुनुहुन्छ। प्रिय प्रभु, मेरो अघाड़ि खोलिएको बाइबलको खण्डले बताउँदछ कि ***तपाईंले मलाई*** *छुटाउनुभयो; छुटाउनुहुन्छ; अनि फेरि पनि मदेखि छुटाउनुहुने छ।* प्रभु, तपाईंको यस्तो महान छुटकाराको निम्ति तपाईंलाई धन्यवाद छ।

अब हे प्रभु, जसै पवित्र आत्माले मलाई सान्त्वना दिएर साहस दिनुभएको छ, म तपाईंलाई विन्ती गर्छु कि आज सान्त्वना चाहिएको मानिसहरूलाई तपाईंको सान्त्वना र प्रेम दिनसकूँ।



## पाठ

**पद ११:** *तिमीहरूले पनि प्रार्थनाद्वारा हामीलाई सहायता गर्नपर्छ। तब धेरैको प्रार्थनाको प्रतिउत्तरमा.....*

म कल्पना गर्छु कि पावलको सेवकाइ कस्तो हुने थियो होला, यदि उसको पक्षमा धेरैले परमेश्वरकहाँ प्रार्थना नचढ़ाएको भए! यसरी नै मकहाँ हुने थिएँ होला, यदि मेरा असंख्य मित्रहरूले मलाई *प्रार्थनाद्वारा सहायता नगरेको हुँदो हो ता!*

## प्रार्थना

पिता, तपाईंलाई धन्यवाद नचढ़ाई म सक्तिनँ। तपाईंले कोमल कृपामा, म र डोरोथीको निम्ति तपाईंको धेरै छोरा-छोरीहरूलाई प्रार्थना गर्ने हृदय दिनुभएको छ। तपाईंको यस्तो अचम्मको प्रेमको निम्ति कसरी धन्यवाद चढ़ाऊँ?

यतिबेला, मेरा मित्रहरूमध्ये कतिको निम्ति म परमेश्वरलाई अर्जविन्ती चढ़ाउँछु। यसो गर्दा म, मेरो हृदयमा पवित्र आत्माले देखाउनुभए बमोजिम परमेश्वरको वचनको प्रकाशमा तिनीहरूको निम्ति विन्ती चढ़ाउँछु, ताकि उहाँले तिनीहरूको जीवनलाई उहाँको सान्त्वना (शक्ति)-ले भरिदिऊन् के तिनीहरू केवल उहाँमा मात्र भर परून्। (सहायताको निम्ति पृष्ठ नं० १४९ र १५० हेर्नुहोस्)।

## पाठ

**पद १५, १७ -१८:** *यो कुराको मलाई निश्चय भएको हुनाले........ के मैले आफ्नो योजना बनाउँदा संसारिक मानिस जस्तो एउटै मुखले 'हो' र 'होइन' पनि भन्ने हुँ र?....... हाम्रो वचन...... 'हो' र 'होइन' भएको छैन।*

यी पदहरूलाई ध्यान लगाएर म मनन गर्दैछु। पावलले बताउँदछ कि कोरिन्थीमा फेरि पनि जाने उद्देश्य, त्यहाँका विश्वासीहरूलाई 'सान्त्वना' र 'आनन्द' अनि तिनले प्रेम गरेका त्यहाँका सन्तहरूको 'भलाई'-को निम्ति थियो। *तिनीहरूबाट केही पाइन्छ* कि भनेर त्यहाँ जाने विचार गरेका थिएनन्। तर यसको विपरीत तिनी आफूले पाएका कुरा *तिनीहरूलाई दिने* अभिप्रायले जाने विचार गरेका थिए। तिनले यो पनि जाहेर गर्छन् कि तिनको यो यात्रा उद्देश्यबिहीन हलका हुन छैन। (यहाँ, उसको यात्रा खर्च कसले भर्दिने र रुपियाँ पैसाले उसको यात्रामा कुनै भूमिका नलेखेको मैले देखें!) निश्चय नै तिनको कोरिन्थीमा जाने निर्णयमा व्यक्तिगत फाइदा नभएको कुरा प्रत्यक्ष हुन्छ।

## *प्रार्थना*

तपाईंको आत्मा, र तपाईंको वचनद्वारा प्रिय प्रभु, मेरो हृदयमा कुनै गलत अभिप्राय छन् भने देखाउनुहोस्, ताकि पवित्र आत्मालाई सन्ताप नहोस् अनि तपाईंकै इच्छा अनुसार आगामी बसन्तको सेवकाइ-यात्रा सम्पन्न होस्। प्रभु, म देख्छु कि यद्यपि कोरिन्थका विश्वासीहरूले पावलको यात्रा योजनाको परिवर्तन (जो असामान्य थियो)-मा गलत अर्थ लाएता पनि तिनी तपाईंको आत्माको अगुवाइमा थिए। तर, प्रभु, तपाईंलाई धन्यवाद, किनभने पावलले उसको पूर्व निर्धारित यात्रा योजनामा फेरबदल गरेर पहिला 'हुन्छ' पछि 'हुँदैन' भनेर असमर्थता जनाएता पनि उसको वचन-प्रचारमा कहिले पनि 'हो' र 'होइन' थिएन; किनभने ख्रीष्टमा यो सदैव 'हो' नै हुन्छ, अपरिवर्तनशील र अविनाशी वचन। तपाईंको हृदय अपरिवर्तनशील छ, प्रभु; पावलले प्रचारेका परमेश्वरको वचन अनन्तसम्मको निम्ति तपाईंबाट प्रमाणित भएको छ। मेरो जीवनको



निम्ति तपाईं बलियो चट्टान हुनुभएकोमा धन्यवाद छ। अस्थिर संसार र परिवर्तनशील परिस्थितिहरूमा जहाँ मेरा योजनामा पनि हेरफेर हुनसक्छ, हे प्रभु म तपाईंको योजना जान्न चाहन्छु। आफ्नै फाइदा र आरामको आधारमा योजना बनाउनबाट मलाई बचाउनुहोस्। मेरा बिन्ती छ, तपाईंको संगतिमा मलाई नित्य हिँड़ाउनुहोस्।

# के यहाँ दाबी गर्न पर्ने कुनै प्रतिज्ञा छ?

## पाठ

**पद २०:** *किनकि परमेश्वरका सबै प्रतिज्ञाहरू उहाँमा "हो" हुन्छ। यसैकारण उहाँद्वारा परमेश्वरका महिमाको निम्ति हामी "आमिन" भन्छौं।*

## *प्रार्थना*

के हाम्रो आमिन (सहमत) द्वारा प्रभु? हो, हाम्रो आमिनले परमेश्वरको प्रतिज्ञालाई पूरा गर्छ। परमेश्वरका प्रतिज्ञाहरू *ख्रीष्टमा?* के परमेश्वरका सबै प्रतिज्ञाहरू ख्रीष्टमा छन्, प्रभु? ज्यू, प्रभु, तपाईंलाई धन्यवाद। यस बिहानी तपाईंको पवित्र उपस्थितिमा म पनि 'हो' 'आमिन' भनेर यसमा सहमत जनाउँछु। हे परमेश्वर, ***ख्रीष्टमा*** तपाईंले मलाई ***दिनुभएका सबै*** कुरा तपाईंको नजरअघि छ, म लुकाउन सक्तिनँ। प्रभु, तपाईं बिना मेरो जीवन कति अधुरो र खाली हुनेथियो होला, म कल्पना पनि गर्न सक्तिनँ। आज, प्रभु येशू म घोषणा गर्दछु तपाईं नै मेरो सर्वस्व हुनुहुन्छ र तपाईंमा नै दिनका सबै चुनौतिलाई सामना गर्नेछु।

अब म केही क्षण परमेश्वरलाई प्रशंसा र आरधना गर्दै समय

बिताउँछु। मेरो प्रार्थनाको विशेष प्रतिउत्तर कुन कुन पाएँ सो मलाई अहिले थाह भएको छैन। तर यो मुख्य होइन, किनभने मैले परमेश्वरको शान्तिलाई पाएको छु। मेरो प्रभुसँग मैले अर्थपूर्ण *एकान्त समय* बिताएको छु। उहाँको प्रशंसा होस्! आजको दिनको निम्ति उहाँको वचनबाट परमेश्वरले मलाई यथेष्ट खुवाउनुभएको छ। दिनको हरेक चुनौतिलाई सामना गर्नको निम्ति मेरो मन र मस्तिष्क अब तयार छ।

**यसकारण, हामीले सदैव याद गरौं, जब हामी बिहान उठ्छौं, हाम्रो प्रथम अनि परम कर्तव्य ''परमेश्वरको अघि आनन्दित मन लिएर जानु'' हो।**

**यो कति खुशीको कुरो हो कि प्रभु येशूले प्रतिदिन तपाईंलाई उहाँको मेचमा आमन्त्रित गर्नुहुन्छ। तपाईंको नाउँ काड़ेर उहाँले तपाईंलाई अनुग्रह साथ बोलाउनु हुन्छ र भन्नुहुन्छ, आएर खाओ!**

*तपाईंको सत्य वचन अपरिवर्तनशील अटल छ;*
*बचाउनु हुन्छ हरेक जसले तपाईंलाई बोलाउँदैछ;*
*तपाईंलाई खोज्नेहरूको निम्ति तपाईं भलो हुनुहुन्छ,*
*तपाईंलाई पाउनेहरूको निम्ति तपाईं सर्वस्व हुनुहुन्छ।*

*हे जीवनको रोटी! तपाईंलाई हामीले चाख्यौं,*
*अनि अझ हामी तपाईंको निम्ति भोकाउँदछौं;*
*हे जिउँदो पानीका फोहोरा! हामीले पियौं तपाईंबाट*
*अनि अझ तिर्षित छौं, तृप्त पार्नुहोस् हामीलाई।*

**— बेनार्ड अव क्लेभर्ख**



# परिशिष्ट - क

## एकान्त समय

तल केही प्रश्नहरू राखिएका छन् जसले तपाईंको दैनिक मननमा परमेश्वरको वचन अध्ययनमा सहायता गर्नेछः

**के यो पदमा कुनैः**

पाप छ जसबाट बाँच्न पर्छ?
चेताउनी जसलाई ध्यान दिनपर्छ?
आज्ञा जसलाई पालन गर्नपर्छ?
असल नमूना जसलाई लिन सकिन्छ?
खराब नमूना जसबाट टाड़ा रहनपर्छ?
परमेश्वर पिताको बारेमा नयाँ कुरा छ?
परमेश्वर पुत्रको बारेमा नयाँ कुरा छ?
परमेश्वर पवित्र आत्माको बारेमा नयाँ कुरा छ?
शैतानको व्यक्तित्वबारे नयाँ कुरा छ?
शैतानको क्रूर लक्ष्य बारे नयाँ कुरा छ?
शैतानको घातक युक्तिबारे नयाँ कुरा छ?

*तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ। तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशीष पाउने छ (याकूब १ः२२,२५)।*

# परिशिष्ट ख

## बाइबल अध्ययन

तल दिइएका प्रश्नहरू तपाईंले अध्ययन गर्नु हुँदै गरेको खण्डसँग सम्बन्धित छ, जसलाई प्रयोग गरेर तपाईंले औपचारिक बाइबल अध्ययनबाट लाभ उठाउन सक्नुहुन्छः

यो खण्डले *कसको बारे* बताउँदछ?
यो खण्ड *कसलाई* लेखिएको हो?
लेखकले *कुन विशेष शब्दहरू* प्रयोग गरेका छन्?
यो खण्ड *कुन समयमा* लेखिएको हो?
यो खण्ड *कहाँबाट* लेखिएको थियो?
लेख्नुको पछि *के उद्देश्य* थियो?
*कस्तो परिस्थितिमा* यो लेखिएको थियो?
यो खण्ड *अघि* र *पछिका* खण्डसँग कसरी सम्बन्धित छ?

*शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहण योग्य तुल्याउने भरमग्दूर प्रयत्न गर (२ तिमोथी २:१५)*

**नोटः** औपचारिक बाइबल अध्ययन प्रति दिन गर्ने आवश्यकता छैन, तर दैनिक *एकान्त समय* तपाईंको आत्मिक वृद्धिको निम्ति अनिवार्य हो।



# परिशिष्ट ग

## दैनिक प्रार्थना निर्देशिका

हाम्रो दैनिक अर्जविन्ती प्रार्थनामा प्रचारक थोमस बी. रीजले ५० वर्षअघि दिएको सूचीलाई नमूनाको रूपमा लिएर चलाउने गर्छौं जो अंग्रेजी सप्ताह अनुसार जस्तै M ले Monday अनि Missionary लाई देखाउँछ।

परमेश्वरको वचनलाई हाम्रो आहारको रूपमा हाम्रो मन र मस्तिष्कद्वारा ग्रहण गरेपछि, हाम्रो निम्ति अर्जविन्ती अनिवार्य बन्दछ। गर्नैपर्छ भन्ने किसिमको अरूहरूको निम्ति गरिने लापर्वाही प्रार्थनाको सट्टा अब धन्यवाद, अर्जविन्तीको प्रार्थना चाखलाग्दो भएर आउँछ अनि उनीहरूप्रति हाम्रो वास्तामा वृद्धि हुँदै जान्छ। पवित्र आत्माले यस किसिमको अर्जी चढ़ाउन तपाईंलाई सहायता गरून्।

*कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवाद सहित तिमीहरूका विन्ती परमेश्वरमा जाहेर होऊन्।* (फिलिप्पी ४:६)।

**नोटः** यो दैनिक प्रार्थना निर्देशिकामा तपाईंले आफ्नो व्यक्तिगत प्रार्थना र दैनिक आवश्यकतालाई पनि हाल्न सक्नुहुन्छ।

## दैनिक प्रार्थना निर्देशिका

**M**onday (सोम) **मिशनेरीहरू :** जोहरूको सेवकाइमा परमेश्वरले हामीलाई चासो र संलग्नता दिनुभएको छ।

**T**uesday (मंगल) **धन्यवाद :** उहाँ जो हुनुहुन्छ, यसको निम्ति उहाँको आराधना गर्दै, उहाँले जे गर्नुभयो, गर्नुहुँदैछ र भविष्यमा गर्नुहुनेछ त्यसको निम्ति धन्यवाद दिनु।

**W**ednesday (बुध **सेवकहरू :** पाष्टर; प्रचारक; बाइबल, शिक्षक र ईसाई सेवकहरू।

**T**hursday (बिही **कार्यहरू :** घरेलु उत्तरदायित्व; सेवकाइ, आर्थिक जिम्मेवारी इत्यादि।

**F**riday (शुक्र) **परिवार :** हाम्रो आफ्नै सानो परिवार अनि आफन्तहरू, जोहरूले डोरोथी, मलाई अनि हाम्रा छोरा-छोरीलाई खीष्टमा प्रेम गर्छन्।

**S**aturday (शनि) **पापी :** Your Quest for God-द्वारा विश्वका विभिन्न ठाउँमा भइरहेको सेवकाइ; हामीले जोहरूलाई सुसमाचार दिएका छौं, खीष्टमा नभएका हाम्रा परिवारका सदस्य।

**S**unday (आइत) **सन्त :** ती व्यक्तिहरू जसले भर्खरै प्रभुलाई पाएका छन्; प्रार्थनाको सहयोगीहरू, जसले हाम्रो परिवार र सेवकाइमा ठूलो भूमिका निभाएका छन्; खेदोमा परेको मण्डली- जसको बारे हामी निरन्तर जानकारी लिन्छौं; मण्डलीमा जागृति।



www.CCIM-Media.com